भारतीय प्रधानमन्त्री मोदीले तेस्रो कार्यकालका योजना सार्वजनिक गर्दै | पृष्ठ ६ मा



जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २६ • अंक ३७ • २०८१ साल असार ११ गते मंगलबार (25 June, Tuesday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

## सर्वोच्च अदालतको आदेशले गण्डकी सरकार जोगियो, यादव पनि स्वतन्त्र

**टुडे समाचारदाता**

काठमाण्डु । सर्वोच्च अदालतको एउटा आदेशले तीन पक्षलाई प्रत्यक्ष फाइदा भएको छ । सर्वोच्च अदालतले सोमबार गरेको आदेशमा गण्डकी प्रदेश सभाका सदस्य फणिन्द्र देवकोटाको सदस्यता खारेज गर्ने सभामुखको निर्णय बदर भएको छ।

देवकोटाले सरकारलाई विश्वासको मत दिने क्रममा पार्टी ह्वीप उल्लंघन गरेको आरोपमा माओवादी केन्द्रले गरेको कारबाही असंवैधानिक भएको ठहर गर्दै सर्वोच्च अदालतले अन्तरिम आदेश जारी गरेको छ।

सर्वोच्च अदालतका न्यायाधीश प्रकाशमानसिंह राउतको एकल इजलासले जारी गरेको अन्तरिम आदेशमा देवकोटालाई भएको कारबाही कार्यान्वयन नगर्नु/नगराउनु भनेको छ।

देवकोटा गण्डकी प्रदेश सभा सदस्य रहेको र नेपाल समाजवादी पार्टीसँग आवद्ध भएको तथ्य अदालतले उल्लेख गरेको छ । 'निवेदक नेपाल समाजवादी पार्टीसँग आवद्ध रहेको र सो पार्टी निवेदकले त्याग गरेको नदेखिनुको साथै सो पार्टीले निवेदकलाई कारबाही गरी निष्कासन गरेको समेत देखिँदैन ' अदालतले आदेशमा अगाडि भनेको छ,



निवेदक आवद्ध नभएको राजनीतिक दल नेकपा (माओवादी केन्द्र) बाट निवेदकलाई दल त्याग गरेको भनी गण्डकी प्रदेश सभा सदस्यबाट निष्कासन गर्न पाउने अधिकार उल्लिखित संवैधानिक र कानुनी व्यवस्थाको रोहमा प्रत्याभूत गरेको नदेखिएको छ।

जेठ ३२ मा प्रदेश सभा सदस्यबाट हटाउन सभामुखले निर्णय गरेका थिए । सो निर्णय कार्यान्वयन भएमा देवकोटाले 'जनप्रतिनिधिको हैसियतमा भुमिका निर्वाह गर्न नसक्ने भई अपुरणीय क्षति पुग्ने देखिँदा' यो मुद्दाको टुंगो नलागेसम्म प्रदेशसभा सभामुखको निर्णय कार्यान्वयन नगर्ने अन्तरिम आदेश जारी गरेको छ । देवकोटालाई गण्डकी प्रदेश सभाको सदस्यको हैसियतमा कार्यरत रहन दिनु भन्ने सर्वोच्चको अन्तरिम आदेशमा उल्लेख छ।

सर्वोच्च अदालतको आदेशबाट गण्डकी प्रदेशमा नेपाली कांग्रेसबाट मुख्यमन्त्री बनेका सुरेन्द्र राज पाण्डेको सरकार अल्पमतमा पर्नबाट जोगिएको छ। सरकारलाई विश्वासको मत दिएर पाटी ह्वीप उल्लंघन गरेको ठहर गर्दै माओवादी केन्द्रले प्रदेश सभा सदस्यबाट मुक्त गर्न सभामुखलाई सिफारिस गरेको थियो।

देवकोटा नेपाल समाजवादी पार्टीबाट चुनाव लडे पनि माओवादी केन्द्रको हँसिया हथौडा चुनाव चिन्ह नै लिएका थिए । माओवादी केन्द्रको चुनाव चिन्हबाट नेपाल समाजवादी पार्टीबाट एकमात्र सांसदमा निर्वाचित महेन्द्र राय यादव पनि स्वतन्त्र भएका छन् । सो पार्टीका अध्यक्ष समेत रहेका यादवलाई गत महिना पार्टीबाट हटाएर निर्वाचन आयोगमा अद्यावधि गराइएको छ।

सर्वोच्च अदालतको आदेश बमोजिम यादवलाई माओवादीको ह्वीप लाग्ने छैन । नेपाल समाजवादी पार्टीले उनलाई दलबाट हटाइसकेको छ। यादव सदस्यता खारेज हुने त्रासमा माओवादी केन्द्रको दबाबमा काम गरिरहेका थिए। अब उनी स्वतन्त्र रुपमा काम गर्ने अवसर प्राप्त गरेका छ। उनको सदस्यता पनि खारेज नहुने भइसकेको छ। सर्वोच्चको निर्णयबाट गंगा नारायण श्रेष्ठको सदस्यता पनि जोगिएको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
मधेश प्रदेश, जनकपुरधाम

डेंगु रोग सम्वन्धि जानकारी तथा यस वाट बँच्ने उपाय



लामखुट्टेको टोकाईवाट सर्ने चार रोगमध्ये डेंगु रोग पनि एक हो । यो एसिड एडिप्टाई नामक लामखुट्टेको टोकाईवाट पर्ने सरुवा रोग हो । पहिलो चरणमा ज्वरो आउने लगायतका लक्षणहरु देखा परे पनि ध्यान नदिए यो रोगको कारण ज्यान समेत जान सक्छ ।

खतराको संकेत (वार्निङ साइन)
- वाकवाकी लाग्ने, निरन्तर वान्ता हुने
- पेट दुख्ने, आलस्य हुने
- दिसा कालो हुनु तथा पिसाव रातो हुनु
- गिजा तथा नाक, मुखवाट रगत आउनु

पहिलो चरणमा देखा पर्ने लक्षणहरु
- उच्च ज्वरो आउनु
- आखाको गेडी दुख्नु तथा हल्का रातो हुनु
- जोर्नी र मांसपेशीमा अत्याधिक पिडा हुनु
- शरीर चिलाउनु(हल्का बिबिरा समेत आउन सक्छ)

डेंगु रोगको उपचार
डेंगु ज्वरो विषाणुको कारणबाट लाग्ने भएकोले यसको वास्तविक रूपमा कुनै किसिमको उपचार छैन । तर विरामीमा देखिएको लक्षणको आधारमा सिटामोल र प्रशस्त मात्रामा झोलपदार्थ पिउनु पर्दछ । त्यसैले यस्ता लक्षणहरु कुनै पनि व्यक्तिमा देखापर्ने बितिकै डेंगु ज्वरोबाट हुने जटिलताबाट बचाउन तरून्त स्वास्थ्य संस्थामा सम्पर्क गर्नु पर्दछ ।

डेंगु ज्वरोबाट बँच्ने उपाय
- लामखुट्टेको टोकाइबाट बच्ने ।
- लामखुट्टेको बृद्धि र विकासमा नियन्त्रण गर्ने ।
- घर, आगन, कौशी/छतको हरहमेशा सरसफाइ गर्ने र पानी जम्न नदिने ।
- खाली बट्टा, टिन, पोखरी, टायर, ट्युब आदीमा पानी जम्न नदिने ।
- पानीको नाली, दल, पोखरी आदीमा हप्ताको २ पटक डढेको मोबिल, मट्टितेल छर्कने ।
- पानीको ट्याङ्की पुरा खाली गरेर सफ गर्ने ।
- खानेपानीको ट्याङ्की राम्ररी ढकन लगाएर राख्ने ।
- गमला, फुलदानीमा रहेको पानी हप्तामा २ पटक फेर्ने र पानी सुक्न दिने ।






# गणतन्त्रपछि हरेक क्षेत्रमा सम्भावनाका ढोका खुलेका छन् : अध्यक्ष यादव

काठमाण्डु। जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले गणतन्त्रपछि मुलुक विकास र प्रगतिको बाटोमा क्रमशः अगाडि बढिरहेको बताउनुभएको छ । गणतन्त्र दिवस-२०८१



का अवसरमा राष्ट्रिय समाचार समिति (रासस) ले आयोजना गरेको 'गणतन्त्रका उपलब्धि : समृद्धिका लागि पूर्वाधार' तस्बिर प्रदर्शनीको अवलोकनपश्चात् उहाँले गणतन्त्रपछि हरेक क्षेत्रमा सम्भावनाका ढोका खुलेका बताउनुभयो।

अध्यक्ष यादवले गणतन्त्रपछि केही भएन भन्ने गरिएकामा त्यसलाई चिर्न तस्बिर प्रदर्शनी सफल भएको र सबैले यस्ता रचनात्मक काममार्फत जवाफ दिन जरुरी रहेको बताउनुभयो । "गणतन्त्रपछि विकास र पूर्वाधारका क्षेत्रमा धेरै उपलब्धि भएका छन् तर जनताको उच्च अपेक्षा र सीमित स्रोतसाधनबीच तालमेल नहुँदा केही प्रश्न भने उठेका छन् । क्रमशः देश विकास गरेर ती प्रश्न पनि सम्बोधन गर्दै जानुपर्छ", उहाँले भन्नुभयो।

अध्यक्ष यादवले गणतन्त्रपछि भौतिक पूर्वाधारका क्षेत्रमा धेरै प्रगति र विकास हुनुका साथै मानवीय र सञ्चारका क्षेत्रमा पनि महत्वपूर्ण उपलब्धी भएको उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो, "गणतन्त्रपछि नेपालले यातायात, सञ्चार तथा सूचना प्रविधि, सिँचाइ, अन्तर्राष्ट्रिय सम्बन्ध विस्तारलगायत हरेक क्षेत्रमा महत्वपूर्ण काम गरेको छ । कृषि र उद्योग क्षेत्रमा भने अपेक्षिकृत परिवर्तन हुन नसकेका कारणले रोजगारी सिर्जनामा पछि परेको अवस्था छ । अब त्यस बाटोमा अगाडि बढ्नुपर्ने आवश्यकता छ।"

विगतमा सातदेखि १५ दिनसम्म हिडेर पुग्ने ठाउँमा अहिले गाडीबाट छोटो समयमै पुग्न सम्भव भएको उदाहरण दिँदै उहाँले सञ्चार र यातायातको सम्पर्क सञ्जाल विस्तार भएसँगै मानिसको पहुँचवृद्धि र जीवनस्तरमा सुधार भएको बताउनुभयो ।जसपा अध्यक्ष यादवलाई राससका कार्यकारी अध्यक्ष धर्मेन्द्र झालगायतले प्रदर्शनीमा राखिएका तस्बिरबारे जानकारी गराउनुभएको थियो ।रासस

# गणतन्त्रपछि पूर्वाधार निर्माणमा उल्लेख्य प्रगति : ज्ञवाली



काठमाण्डु। नेपाल कम्युनिष्ट पार्टी (एमाले) का उपमहासचिव एवं पूर्वपरराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवालीले गणतन्त्र स्थापनापछि पूर्वाधार निर्माण तथा विकासमा उल्लेख्य प्रगति भएको बताउनुभएको छ।

गणतन्त्र दिवस-२०८१ का अवसरमा राष्ट्रिय समाचार समिति (रासस)द्वारा आयोजित ' गणतन्त्रका उपलब्धिः समृद्धिका लागि पूर्वाधार' तस्बिर प्रदर्शनीको आज अवलोकनपछि नेता ज्ञवालीले गणतन्त्रपछि जनताका सबै अपेक्षा पूरा नभए पनि केही भएन भन्ने भाष्य सही नभएको बताउनुभयो । उहाँले राससको तस्बिर प्रदर्शनीले पनि मुलुकले विकास निर्माणका क्षेत्रमा हासिल गरेका प्रगतिबारे ज्वलन्त प्रमाण प्रस्तुत गरेको बताउनुभयो।

उपमहासचिव ज्ञवालीलाई राससका कार्यकारी अध्यक्ष धर्मेन्द्र झा, महाप्रबन्धक सिद्धराज राईलगायतले स्वागत गर्दै तस्बिरबारे अवगत गराउनुभएको थियो । राससको केन्द्रीय कार्यालय, भद्रकालीमा आयोजित प्रदर्शनीको गत जेठ १० गते सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले उद्घाटन भएको थियो।

प्रदर्शनीमा गणतन्त्र स्थापनापछि निर्माण गरिएका पूर्वाधार, विसं २०७२ को गोरखा भूकम्पबाट भत्किएका ऐतिहासिक धरोहरको पुनःनिर्माणपछिका संरचना, ऊर्जा, सिँचाइ, पर्यटन, बाटोघाटो, सडक, पुल, स्वास्थ्य, शिक्षाका संरचना, सम्पदा पुनः निर्माण, विमानस्थल, तराईका हुलाकी मार्ग, मूलपानी क्रिकेट मैदान, काठमाडौँ मधेस द्रूतमार्ग, थानकोट-नागढुङ्गा सुरुङमार्ग, सुनकोसी-मरिन डाइभर्सन बहुद्देश्यीय आयोजना, सौर्य प्यानल, एकीकृत बस्ती, राष्ट्रिय गौरव र प्रदेश गौरवका आयोजनालगायत राससबाट सम्प्रेषित तस्बिर राखिएका छन् । प्रदर्शनीमा सातवटै प्रदेशमा निर्माण भएका भौतिक पूर्वाधारसम्बन्धी ९५ तस्बिर समावेश छन् ।रासस

# 'ओएनएम सर्भे' नहुँदा स्वास्थ्य सेवा प्रदान गर्न कठिन



काठमाण्डु । स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप यादवले अस्पतालको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (ओएनएम सर्भे) नहुँदा स्वास्थ्य सेवा प्रदान गर्न कठिन भइरहेको बताउनुभएको छ।

प्रतिनिधिसभाको सोमबारको बैठकमा विनियोजन विधेयक २०८१ माथिको छलफलमा उठेका प्रश्नको जवाफ दिँदै मन्त्री यादवले भन्नुभयो, "दुई दशकभन्दा धेरै समयदेखि अस्पतालको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण भएको छैन। तत्कालीन समयको जनशक्तिले हालको अवस्थामा सेवा प्रदान गर्न अत्यन्त कठिन भइरहेको छ । अस्पतालको ओएनएम सर्भेका लागि सम्बन्धित मन्त्रालयको सहमतिको माग गर्दछु।"

मन्त्री यादवले सांसदहरुले सोध्नुभएको स्पष्टीकरणको जवाफ दिँदै सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमअन्तर्गत विभिन्न आठ किसिमका कडा रोगलाई रु एक लाख बराबरको सहुलियत प्रदान गर्दैं आएकामा उक्त सहुलियतको समय सापेक्ष परिमार्जन गरी क्यान्सर, हेड तथा स्पाईनल ईन्जुरीलगायत रोगको उपचारमा रकम वृद्धि गर्न आवश्यकता रहेको बताउनुभयो।

उहाँले कलेजो प्रत्यारोपणका लागि सहुलियत दिने विषयमा पनि छलफल भइरहेको उल्लेख गर्नुभयो । मन्त्री यादवले मन्त्रालय सम्हालेदेखि नै केन्द्रिय अस्पतालमा शल्यक्रिया सेवा लिनेले लामो समय कुर्नुपर्ने समस्यालाई प्राथमिकतामा राखेको भन्दै यसका लागि मन्त्रालयमा उच्चस्तरीय टोली गठन भएर अध्ययन प्रारम्भ भइसकेको जानकारी दिनुभयो । सरकारी अस्पतालमा कार्यरत चिकित्सकलाई निजी अस्पतालमा नजाने वातावरण बनाउन केही सङ्घीय अस्पतालमा विस्तारित सेवा लागू भइसकेको भन्दै उहाँले बाँकीमा अस्पतालमा लागू गर्ने क्रममा रहेको उल्लेख गर्नुभयो।

उहाँले उपत्यकाका ठूला अस्पतालमा दुई सिफ्टमा सेवा सञ्चालन गर्ने, विस्तारित सेवा लागू गर्ने, मोडुलर शल्यक्रिया कक्ष थप गर्नेलगायत कार्यक्रम आगामी आर्थिक वर्षको कार्यक्रममा रहेका जानकारी गराउनुभयो । स्वास्थ्य संस्था सञ्चालनसम्बन्धी मापदण्ड अनुरुप स्वास्थ्य मन्त्रालयको सचिव अध्यक्ष रहने गरी शुल्क निर्धारण समिति रहेको भन्दै सो समितिबाट शुल्कसम्बन्धी आवधिक रुपमा समीक्षा भइरहेको मन्त्री प्रदीप यादवले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "स्वास्थ्य संस्था सञ्चालन नवीकरण तथा स्तरोन्नतिका बेला अस्पतालबाट प्रदान गरिने सेवा शुल्कको दरलाई सान्दर्भिक बनाउन निर्देशन दिएको छु।"

प्रतिष्ठानमा र प्रदेशस्थित सङ्घीय अस्पतालमा जलेका बिरामीको उपचार गर्ने व्यवस्था आगामी आवमा सुरु गरिने बताउँदै वीर अस्पताल र कीर्तिपुरस्थित बर्न अस्पतालमा समन्वय गरी थप उपचारको व्यवस्था मिलाइएको मन्त्री यादवले स्पष्ट पार्नुभयो । पाँच/१०/१५ शय्या अस्पतालका सम्बन्धमा निर्माणाधीन अवस्थाका लागि प्रयाप्त बजेट विनियोजन गरिएको, निर्माण सम्पन्नका भएकाको सञ्चालनका लागि जनशक्ति व्यवस्थापन गर्न स्वास्थ्य मन्त्रालयबाट भएको प्रस्तावमा अर्थ मन्त्रालय एवम् अन्य सम्बन्धित मन्त्रालयबाट सहमतिको माग गरिएको उहाँले संसद्मा जानकारी गराउनुभयो।

स्वास्थ्य तथा जनसंख्यामन्त्री यादवले निजी अस्पतालबाट गरिब एवं निम्न आयस्रोत भएका बिरामीले सेवा पाउन भन्ने उद्देश्यले आमा सुरक्षा कार्यक्रम, आठ कडा रोगको उपचार, स्वास्थ्य बीमालगायतको व्यवस्था गरिएको बताउनुभयो । सामाजिक स्वास्थ्य सुरक्षाअन्तर्गतका कार्यक्रममा मन्त्रालयसँग सम्झौता गरी निःशुल्क प्रदान गर्नुपर्नेमा कतिपय निजी अस्पतालले बिरामीसँग शुल्क लिएको सेवाग्राहीको गुनासो आउने गरेकाले यसका बारे अध्ययन तथा अनुगमन गरिने उहाँको भनाइ छ । रासस

# विपद् व्यवस्थापनका लागि सशस्त्र प्रहरी देशभर तैनाथ





काठमाण्डु । यसवर्षको मनसुन प्रतिकार्यका लागि सशस्त्र प्रहरीको टोली स्रोतसाधनसहित देशभर तयारी अवस्थामा छन् । सशस्त्र प्रहरी बल नेपालले सबै कार्यालयमा बाढीपहिरो, डुवान एवं विपद्मा परेका बेला तत्कालै उद्धारका लागि मनसुन प्रतिकार्य टोली तयार पारी परिचालन गरिएको जानकारी दिएको छ।

स्रोतसाधनसहित तैनाथ जनशक्तिले बाढीपहिरो र डुबानका सम्भावित इलाकामा ' हजार्ड म्यापिङ' गरी ती स्थानमा लामो र छोटो गस्ती गर्नुकासाथै देशभरका कार्यालयमा विपद् 'फोकल पर्सन' तोकेको छ । फोकल पर्सनले आवश्यक समन्वय गर्ने व्यवस्था मिलाइएको सशस्त्र प्रहरीका प्रवक्ता सशस्त्र प्रहरी नायब उपरीक्षक कुमार न्यौपाने जानकारी दिनुभयो।

राष्ट्रिय आपतकालीन कार्य सञ्चालन केन्द्र, प्रदेश आपतकालीन कार्य सञ्चालन केन्द्र, जिल्ला आपतकालीन सञ्चालन केन्द्रमा तालिम प्राप्त सशस्त्र प्रहरी कर्मचारी खटाइएको छ । त्यहाँ खटिएका प्रहरीले आवश्यक समन्वय गर्नुका साथै विपद्मा परेकाको तत्काले उद्धारका लागि ३९ जिल्लाको ५९ वटा सशस्त्र प्रहरीको कार्यालयमा एक सय २० वटा मोटरबोट तथा र्‍याफ्टबोट तयारी अवस्थामा राखिएको उहाँले जानकारी दिनुभयो।

उहाँका अनुसार ९१ गोताखोरलाई आवश्यक उपकरणसहित सात वटै प्रदेशस्थित बाहिनी मुख्यालय तथा सशस्त्र प्रहरी बल, नेपाल विपद् व्यवस्थापन तालिम शिक्षालय कुरिनटार, उपत्यकास्थित नं २० विपद् उद्धार गण सिनामङ्गल, नं २४ कालिका गण कास्की, सिन्धुलीको खुर्कोट बेसमा तैनाथ गरिएको छ । विपद् व्यवस्थापन तालिम प्राप्त जनशक्तिसहित धनकुटाको मूलघाट, बाराको निजगढ, धादिङको आदमघाट, सिन्धुलीको खुर्कोट, मकवानपुरको कुलेखानी, म्याग्दीको नारच्याङ, दाङको भालुवाङ, सुर्खेतको चिप्ले र डडेलधुराको अमरगढीमा गरी नौ वटा विपद् व्यवस्थापन बेस स्थापना गरिएको छ।

तालिम प्राप्त जनशक्तिलाई सातै प्रदेशस्थित बाहिनी मुख्यालय, उपत्यकास्थित नं ९ पशुपतिनाथ बाहिनी मुख्यालय, १० वटा शिक्षालय, सबै गणमा एक/एक प्लाटुन र गुल्म वा सो भन्दा साना युनिटमा एक सेक्सनको दरले आवश्यक स्रोतसाधनसहित तैनाथ गरिएको छ ।राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणद्वारा सशस्त्र प्रहरी बल नेपाललाई हस्तान्तरण गरिएका आठ वटा 'मासक्याजुल्टी भेहिकल' र आठ वटा ए क्लासका एम्बुलेन्सलाई परिचालन गर्न सक्ने गरी सुनसरी, महोत्तरी, कुरिनटार, पोखरा, रुपन्देही, सुर्खेत, कैलाली र काठमाडौँमा तयारी अवस्थामा राखिएको छ।

विपद्को समयमा शुद्ध पिउने पानीको अभावलाई पूर्ति गर्न अमेरिकी दूतावासद्वारा निर्मित डिप ट्यूवेल काठमाडौँको सात स्थानसहित कास्की, नवलपरासी, बाँके, कैलालीमा तयारी अवस्थामा राखिएका छन्। अमेरिकी दूतावासबाट प्राप्त 'डिजास्टर रिलिफ सिष्टम'का २८ वटा कन्टेनर १३ जिल्लाका १५ वटा सशस्त्र प्रहरी बल कार्यालयमा तयारी अवस्थामा राखिएको जनाइएको छ ।सशस्त्र प्रहरी बलका कार्यालयमा २४सै घण्टा तैनाथ रहने गरी आवश्यक तयारी गरिएको छ। सशस्त्र प्रहरी बल नेपालका एकाईहरुबाट विपद् प्रतिकार्यका लागि मनसुन अवधिभर कार्य गर्ने गरी ५० वटा टोली विभिन्न स्थानमा परिचालन गरिसकिएको छ । प्रदेशस्थित सात वटै बाहिनी मुख्यालयमा विपद् व्यवस्थापन टोली तयारी अवस्थामा रहेका छन्।

देशभर रहेका सशस्त्र प्रहरी बलका एकाइमा विपद् प्रतिकार्यमा परिचालन गराउन निश्चित जनशक्ति आवश्यक उपकरणसहित तयारी अवस्थामा राखिएका छन् । जस अनुरुप एक पटकमा २४सैँ घण्टा रहने गरी पाँच सय ४६ एकाईहरुमा सात हजार चार सय ५५ जनाको जनशक्ति तयारी रहेको सशस्त्र प्रहरीले जानकारी दिएको छ ।रासस

# 'प्राथमिकताका आधारमा बजेट प्रस्ताव'



काठमाण्डु । महिला, बालबालिकातथाज्येष्ठनागरिकमन्त्री भगवती चौधरीले प्राथमिकता र आवश्यकताका आधारमा आर्थिक वर्ष २०८१/८२ को विनियोजन विधेयकमा बजेट प्रस्ताव गरिएको बताउनुभएको छ।

आर्थिक वर्ष २०८१/८२ को विनियोजन विधेयकमा महिला मन्त्रालयका लागि गरिएको विनियोजनको सम्बन्धमा सोमबार प्रतिनिधिसभामा सांसदहरूले बजेटमाथि उठाएका प्रश्नको जवाफ दिँदै मन्त्री चौधरीले भन्नुभयो, "नेपालको संविधानले प्रत्याभूत गरेका व्यवस्थाको कार्यान्वयन गर्न, राज्यले अवलम्बन गरेका नीतिको कार्यान्वयन गर्न, अन्तर्राष्ट्रिय रूपमा गरेका प्रतिबद्धता कार्यान्वयन तथा सो को प्रगति प्रतिवेदन पेस गर्न प्राथमिकताका आधारमा प्रस्ताव गरिएको छ।"

राज्यले गरेका अन्तर्राष्ट्रिय सन्धि सम्झौताको कार्यान्वयन तथा त्यससँग सम्बन्धित गतिविधि सञ्चालन गर्नुपर्ने उल्लेख गर्दै मन्त्री चौधरीले सीमित कर्मचारी तथा स्रोतका कारण समस्या भएको बताउनुभयो। नेपाल कम विकसित मुलुकबाट स्तरोन्नति हुँदै गरेको अवस्थामा ८० प्रतिशतभन्दा बढी जनसङ्ख्याको सरोकार राख्ने महिला मन्त्रालयको कार्य र प्राथमिकतालाई अवमूल्यन गर्न नहुने उल्लेख गर्दै उहाँले महिला मन्त्रालयले सबै काम अगाडि बढाउन जरुरी रहेको बताउनुभयो।

मन्त्रालयको कार्यक्षेत्रभित्र पर्ने महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाको परिचालन र नियमनसम्बन्धी क्षेत्रलाई समेट्ने गरी बजेट प्रस्ताव गरिएको उहाँले स्पष्ट पार्नुभयो । "राज्यका अनिवार्य दायित्वभित्र पर्ने तथा संवेदनशील मानिने बाल सुधारगृहको स्थापना र सञ्चालन, महिला हिंसा/मानव बेचबिखन तथा ओसार पसारका पीडित/प्रभावितका लागि सेवा केन्द्र/पुनःस्थापना केन्द्रको स्थापना र सञ्चालनलगायतका लागि मन्त्रालयले प्राप्त बजेटको सीमाभित्र रही पर्याप्त बजेट विनियोजन गरेको छ", मन्त्री चौधरीले भन्नुभयो।

कार्यक्रमको कार्यान्वयन प्रभावकारिता र अनुगमन सहजता समेतका लागि तथा मन्त्रालयको उद्देश्य प्राप्तिका लागि केही बजेट निश्चित स्थानमा विनियोजन गरिएको जिकिर गर्दै मन्त्री चौधरीले अधिकांश कार्यक्रम वित्तीय हस्तान्तरण अन्तरगत सबै पालिका र सबै प्रदेशमा पठाउने प्रबन्ध रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "वित्तीय हस्तान्तरण गरिएका कार्यक्रमको कार्यान्वयनलाई प्राथमिकतामा राखी स्थानीय तथा प्रदेश तहसँग समन्वयको प्रणाली विकास गर्नुपर्ने देखिएको छ।"

राष्ट्रपति महिला सशक्तीकरण परियोजना अन्तरगत दुर्गम क्षेत्रका गर्भवती तथा सुत्केरीको हवाई उद्धार गर्ने कार्यक्रमको सन्देश र परिणाम सकारात्मक रहेको अध्ययन प्रतिवेदनबाट देखिएको उल्लेख गर्दै मन्त्री चौधरीले प्रदेश मन्त्रालयसँग समन्वय गर्दै आगामी आर्थिक वर्षमा पनि सञ्चालन गर्ने गरी निरन्तरता दिन बजेट विनियोजनको प्रस्ताव गरिएको बताउनुभयो ।आर्थिक वर्ष २०८१/८२ मा मन्त्रालयका लागि पुँजीगततर्फ रु ६१ करोड र चालुतर्फ करिब रु ७० करोड विनियोजन प्रस्ताव गरिएको भन्दै मन्त्री चौधरीले प्रदेश र स्थानीय तहमा सशर्त अनुदानतर्फ रु २९ करोड विनियोजन प्रस्ताव भएको बताउनुभयो ।रासस

## सर्टिफिकेट हरायो

जनकपुरबाट सपही जाने क्रममा मेरो निम्न व्यहोरा भएको CTEVT को सर्टिफिकेट मिति २०८०/१२/२० गते हराएकोले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी अथवा तलको मोबाईल नम्बरमा खबर गरिदिनु हुन अनुरोध छ।

**नाम : मनिष प्रसैला यादव**
**ठेगाना : शहिदनगर न.पा.-९, गोठकोयलपुर**
**संकाय : H.A.**
**रजिष्ट्रेशन नं. : HA-०१४६६-०१६**
**सम्पर्क नं. : ९८१७६६६६४५**

## कागजात हरायो

काठमाण्डौंको तिनकुनेबाट नयाँ बानेशवर जाने क्रममा मेरो निम्न व्यहोरा भएको नागरिकता, राहदानी, एसइइको मार्कशिट र कक्षा १२ को माइग्रेशन, ट्रान्सक्रिप्ट तथा सो सम्बन्धी अन्य सर्टिफिकेटहरु मिति २०८१/३/५ गते हराएकोले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी अथवा तलको मोबाईल नम्बरमा खबर गरिदिनु हुन अनुरोध छ।

**नाम : अंकित साह**
**ठेगाना : जनकपुरधाम उ.म.न.पा.-२४, धनुषा**
**SEE सिम्बोल नं. : ११२६४०६**
**SEE रजिष्ट्रेशन नं. : ७७२२००६३०००६**
**+2 रजिष्ट्रेशन नं. : V२२३/८१५९८/००१०**
**नागरिकता नं. : १७-०१-७८-०१-१८**
**राहदानी नं. : PA१६३४५८७**


## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : बौद्धिक क्षमता। |
| बृष | : प्रतिभा सम्पन्नता। |
| मिथून | : शिक्षामा उन्नति। |
| कर्कट | : पारिवाहिक सुख। |
| सिंह | : धन वृद्धि सञ्चय। |
| कन्या | : प्रेम प्रसंग, मित्र सुख। |
| तुला | : सुख समृद्धि हुने। |
| वृश्चिक | : भ्रमण अवसर हुने। |
| धनु | : अवसर प्राप्त। |
| मकर | : वाद विवादबाट बच्नु। |
| कुम्भ | : पुरस्कार प्राप्त लाभ। |
| मीन | : नयाँ कार्य हुने। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू



जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# बम्जन बाल यौन दुरुपयोगमा दोषी ठहर

**टुडे समाचारदाता**

मलंगवा । रामबहादुर बम्जनलाई बाल यौन दुरुपयोग मुद्दामा सर्लाही जिल्ला अदालतले दोषी ठहर गरेको छ।

आफूलाई तपस्वी दाबी गर्ने रामबहादुर बम्जनलाई बाल यौन दुरुपयोगमा दोषी ठहर गरेको छ। न्यायाधीश जीवनकुमार भण्डारीको इजलासले बम्जनलाई दोषी ठहर गरेको छ।



उनको हकमा सजाय भने पछि निर्धारण गरिने जनाइएको छ । बम्जनले सर्लाही र सिन्धुपाल्चोकलगायत विभिन्न जिल्लामा आश्रम खडा गर्ने, जबर्जस्ती करणी गर्ने, व्यक्ति बेपत्ता पार्ने कार्य गरेको आरोप लागेको थियो । सो आरोपमा विभिन्न जिल्लामा जाहेरी समेत परेको थियो । प्रहरीले खोजी गर्न थालेपछि उनी लामो समय बेपत्ता थिए । उनलाई २०८० पुस २४ गते प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी)को टोलीले पक्राउ गरेको थियो ।

उनलाई अदालतमा पेस गरिएको थियो । सर्लाही जिल्ला अदालतले उनलाई पुर्पक्षका लागि थुनामा पठाएको थियो । सर्लाहीको मुद्दाको फैसला भएसँगै उनलाई सिन्धुपाल्चोक, नुवाकोट र मकवानपुर जिल्ला अदालत पेससमेत गरिने छ ।

# पेस्तोलसहित पक्राउ

**टुडे समाचारदाता**

रौतहट । रौतहटमा एकथान पेस्तोलसहित एकजनालाई सशस्त्र प्रहरीले पक्राउ गरेको छ।

नेपाल-भारत सीमा क्षेत्रमा सशस्त्र प्रहरी सीमा सुरक्षा गण रौतहटबाट खटिएको टोलीले आइतबार राति एकथान रौतहटका प्रमुख प्रहरी उपरीक्षक विक्रम हुमागाईंले बताए । प्रहरी उपरीक्षक हुमागाईंले जनाए अनुसार गौर नगरपालिका-२ महादेवपट्टि छेउस्थित नेपाल-भारत सीमा स्तम्भ नजिक सशस्त्र प्रहरीको छड्के चेक प्वाइन्ट हुँदै आइतबार मध्यरातमा भारतबाट



नलकटुवा पेस्तोलसहित एक भारतीय नागरिकलाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा भारत बिहार सीतामढी जिल्ला बैरगनिया-३ असोगीका २१ वर्षीय राहुल राम रहेका छन् । उनलाई एकथान घरेलु नलकटुवा पेस्तोलसहित पक्राउ गरिएको सशस्त्र प्रहरी नेपाल आउँदै गरेको अवस्थामा रामलाई हतियारसहित पक्राउ गरेको छ।

सशस्त्र प्रहरीले बरामद पेस्तोल, एकथान मोबाइल र मोटरसाइकलसहित आवश्यक कारबाहीको लागि जिल्ला प्रहरी कार्यालय गौरमा बुझाइएको जनाइएको छ।

# मिडिया बचाउन मेयरलाई सुझाव




**टुडे समाचारदाता**

बर्दिबास । बर्दिबास नगरसभाको क्रममा मिडियालाई बचाउनका लागि मेयर प्रह्लाद क्षेत्रीलाई आग्रह गरेका छन् ।

नेकपा एमालेले नगरको समृद्धिको लागि नीति तथा कार्यक्रम मार्फत मिडिया उद्योग बचाउनका लागि पहल गरेका छन् ।

एमाले बर्दिवासको दलसभाले नगरको आर्थिक समृद्धिको लागि योजना र सुझावसहित सो नीति तथा कार्यक्रम मेयर क्षेत्रीलाई हस्तान्तरण गरेको छ।

नीति तथा कार्यक्रममा समावेश गर्नुपर्ने क्षेत्रगतरुपमा बुँदाहरु समावेश गरिएको छ। सूचना तथा संचार प्रविधि अन्तर्गत बर्दिवास नगर पत्रकार संजालको भवन निर्माणको कामलाई प्राथमिकतामा राखिएको छ।

फिचर लेखन तालिम, फेलोसिप, पत्रकार सम्मान जस्ता कार्यक्रम निरन्तर अगाडि बढाउँदै स्थानीय संचार माध्यमहरुलाई सवलीकरण गर्न विभित्र प्रकारका कार्यक्रम संचालन गर्नुपर्ने नीति तथा कार्यक्रममा समावेश गरिएको छ।

स्थानिय राजनीतिक दलबाट नगरको आर्थिक समृद्धिको लागि बनाइएको यो पहिलो नीति तथा कार्यक्रम हो । सो कार्यक्रममा शिक्षा देखि राजस्व तथा वित्त व्यवस्थासम्म विभिन्न योजनाहरु रहेका छन् ।

# समुह व्यवस्थापन तथा लेखा व्यवस्थापन सम्वन्धी तालिम सम्पन्न

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको धनौजी गाँउपालिकाको लखौरीमा आयोजना गरिएको



गरिवसंग विशेश्वर कार्यक्रम अन्तरगत समुह व्यवस्थापन तथा लेखा व्यवस्थापन सम्वन्धी तीन दिने तालीम सम्पन्न भएको छ।

धनौजी गाँउपालिकाको आयोजनामा गरिबसंग विशेश्वर कार्यक्रम अन्तरगत निमार्ण गरिएको समुहलाई लक्षीत गरि संचालन गरिएको तीन दिने तालिम आइतबार सम्पन्न भएको हो । धनौजी गाँउपालिका वार्ड नं १ लखौरीको मावि लखौरीमा संचालन भएको तालिममा फेकन यादव र शर्मीला साहले प्रशिक्षण दिएको गरिवसंग विशेश्वर कार्यक्रमको समाजिक परिचालक रामसागर साहले जानकारि दिए।

समुहका १ सय ३० जना सदस्यहरु सहभागी रहेको तालीममा गाँउपालिकाका अध्यक्ष राजकुमार साहले सम्पनन गरेका थिए।

तालिमको समापन कार्यक्रममा गाउपालिकाका वाडध्यक्षका साथै गाउपालिकाका वडासदस्यहरुको सहभागीता रहेको जनाइएको छ। गरिवसंग विशेश्वर कार्यक्रम धनौजी गाउपालिकामा विगत लामो समय देखि सफलतारुपमा काम गर्दै आएको छ।

# छाउगोठ घटनाबारे अनुसन्धान भइरहेको छ : गृहमन्त्री

काठमाण्डु। उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेले छाउपडीसम्बन्धी अछाम घटनामा संलग्न एकजनालाई पक्राउ गरिएको र निजलाई म्याद थप गरी थुनामा राखी अनुसन्धान भइरहेको जानकारी दिनुभएको छ।

राष्ट्रियसभाको सोमबारको बैठकमा विशेष समयमा अछामको छाउपडी गोठमा घटेको घटनाका सम्बन्धमा सांसदहरुले राख्नुभएको जिज्ञासाको जवाफ दिँदै उहाँले पीडित र पीडक पक्ष दुवैको बयान अनुसार घटनामा एकजनाको मात्र संलग्नता रहेको खुल्न आएको जानकारी दिनुभयो । यही असार ४ गतेका दिन बिहान ९ बजेको समयमा अछाम पञ्चदेवल विनायक नगरपालिका-२ बस्ने वर्ष १६ वर्षीया बालिका छाउगोठ नजिकै बेहोस अवस्थामा फेला परेको सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालयको टोलीले तत्काल उद्धार गरी उपचारका लागि जिल्ला अस्पताल मङ्गलसेन अछाममा ल्याई अनुसन्धान प्रक्रिया अगाडि बढाएको थियो।

"सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालयबाट प्रहरी उपरीक्षकको कमान्डमा अनुसन्धानमा सहयोग गर्न प्रहरी टोली परिचालन गरिएको छ", उहाँले भन्नुभयो, "उक्त टोलीले आफ्नो अनुसन्धान पूरा गरी प्रतिवेदनसमेत जिल्ला प्रहरी कार्यालयमा बुझाएको छ।" उहाँले मुलुकी अपराध (संहिता) ऐनको दफा १६८ (३) ले रजस्वला वा सुत्केरी अवस्थामा छाउपडीमा राख्ने वा अन्य भेदभाव, छुवाछूत वा अमानवीय व्यवहार गर्न नहुने उल्लेख गरिएको र यस्तो कसुर गरेको ठहर भए तीन महिनासम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनसक्ने व्यवस्था रहेको बताउनुभयो।

"छाउपडी प्रथा गरिबी, विभेद, विकटतालगायत कैयौँ समाजिक परिवेशसँग जोडिएको विषय भएको र यसको नियन्त्रणका लागि सरकारले छाउपडी प्रथाका अभ्यासलाई अपराधीकरण गरी दण्डनीय बनाएको भए तापनि कानुनी प्रतिबन्धले मात्रै छाउपडी प्रथा नियन्त्रण गर्न नसक्ने अवस्था रहेको हुँदा समुदायलाई साथ लिई स्थानीय प्रशासन, स्थानीय सरकार, नागरिक समाज, धार्मिक, सांस्कृतिक सङ्घ, संस्थाहरु र आमसञ्चारमाध्यमलगायतको बहुपक्षीय प्रयास आवश्यक देखिएको छ", उहाँले भन्नुभयो।

उपप्रधानमन्त्री लामिछानेले महिला तथा बालबालिकाविरुद्ध हुने कुनै पनि हिंसा वा अपराधका घटनाहरुमा शून्य सहनशीलताको नीति कार्यान्वयन गर्न स्थानीय प्रशासनलाई मन्त्रालयले स्पष्ट निर्देशन गरेको र पीडितको न्याय प्राप्त गर्ने संवैधानिक हकको संरक्षण एवं कार्यान्वयनका लागि गृह मन्त्रालय र मातहत प्रशासन थप संवेदनशील रहेको बताउनुभयो । यस घटनाको संवेदनशीलतालाई मध्यनजर गरी मन्त्रालयले स्थानीय प्रशासनबाट भए/गरेका कार्यहरुको दैनिक प्रतिवेदन लिने तथा नियमित सुपरीवेक्षण गरिरहेको जानकारी दिनुभयो।

प्रस्तुत घटनामा, सूचना प्राप्त हुने बित्तिकै बिहान ८ बजे प्रहरी घटनास्थलमा पुगेको र स्थानीयको रोहवरमा पीडितलाई उद्धार गरी उपचार र परामर्शको व्यवस्था मिलाएको उहाँको भनाइ थियो। घटनामा संलग्न व्यक्तिको पहिचान गरी मिति यही असार ४ गते बेलुका ४ बजे निजलाई नियन्त्रणमा लिई म्याद थप गरी अनुसन्धान प्रक्रिया अगाडि बढाएको उहाँले जानकारी दिनुभयो । घटनाको गाम्भीर्यतालाई ध्यानमा राखी सुदूरपश्चिम प्रहरी कार्यालयबाट अनुसन्धानमा सहयोग गर्न प्रहरी उपरीक्षकको नेतृत्वमा अनुसन्धान टोली खटाइएको र सो टोलीले प्रतिवेदनसमेत जिल्ला प्रहरी कार्यालय अछाममा बुझाइसकेको उहाँले बताउनुभयो। उहाँले हाल उक्त घटनाको अनुसन्धान भइरहेको र अनुसन्धानलाई पूर्णता दिई चाँडै अदालतमा मुद्दा दायर हुने जानकारी गराउनुभयो।

अनुसन्धानका क्रममा यही असार ४ गते बिहान २ बजेको समयमा बालिकामाथि जबर्जस्ती करणी भएको, पीडितको बुबा वैदेशिक रोजगारीको सिलसिलामा भारतमा रहेको र आमाको मृत्यु भइसकेको जानकारी प्राप्त भएको र पीडक नातामा मामा रहेको र पीडक १३ वर्ष चार महिनाको नाबालक भएको खुल्न आएको उहाँले जवाफ दिनुभएको छ। पीडित हाल मङ्गलसेन अस्पतालमा उपचाररत रहेको, निजको स्वास्थ्य अवस्था सामान्य रहेको र यही जेठ ९ गते जिल्ला अदालत अछामबाट ५ दिन म्याद थप भई थप अनुसन्धान भइरहेको उहाँको भनाइ छ।

"भविष्यमा यस प्रकारका घटना दोहोरिन नदिन छाउपडी प्रथाको अभ्यास रहेका जिल्ला तथा क्षेत्रमा स्थानीय प्रशासनबाट भइरहेका कार्यको समीक्षा गर्ने र बहुपक्षीय समन्वयमा निरोधात्मक तथा प्रवर्द्धनात्मक कार्यक्रमहरु सञ्चालन गर्ने, कानुन कार्यान्वयनलाई थप प्रभावकारी बनाई अनुसन्धान कार्यलाई तदारुकताका साथ सम्पन्न गरिने छ", उहाँले भन्नुभयो। रासस

# सांसदका १२ प्रश्नमा अर्थमन्त्री पुनको जवाफ

काठमाण्डु । अर्थमन्त्री वर्षमान पुनले आगामी आर्थिक वर्ष २०८१/८२ का लागि अर्थ मन्त्रालयको वार्षिक कार्यक्रमबारे प्रतिनिधिसभामा सांसदहरूले उठाएका प्रश्नको जवाफ दिनुभएको छ।



सोमबार प्रतिनिधिसभा बैठकमा मन्त्री पुनले सांसदका प्रश्न र जिज्ञासाको जवाफ दिँदै अबण्डामा ठूलो रकम राखेको भन्ने सांसदहरुका प्रश्नको खण्डन गर्नुभयो। उहाँले अर्थ मन्त्रालयका लागि आगामी आवमा रु ४८ अर्ब ६१ करोड मात्र विनियोजन गरिएको बताउनुभयो । वित्तीय हस्तान्तरणअन्तर्गत वित्तीय समानीकरण अनुदानतर्फ रु एक खर्ब ४८ अर्ब, समपूरक अनुदानतर्फ रु १३ अर्ब २० करोड र विशेष अनुदानतर्फ रु १२ अर्ब ९० करोड गरी एक खर्ब ७४ अर्ब बढी रकम प्रदेश र स्थानीय तहमार्फत खर्च हुने रकम भएको उहाँले संसद्लाई जानकारी गराउनुभयो।

उहाँले भन्नुभयो, "छलफलका क्रममा सांसदले अर्थ मन्त्रालयले रु दुई खर्ब रकम अबण्डामा राखेको आरोप लगाएका थिए, अर्थ मन्त्रालयलाई विनियोजन गरिएको जम्मा रु ४८ अर्ब ६१ करोड मात्र हो। बाँकी बजेट वित्तीय हस्तान्तरणअन्तर्गत वित्तीय समानीकरण अनुदानतर्फ रु एक खर्ब ४८ अर्ब, समपुरक अनुदानतर्फ रु १३ अर्ब २० करोड र विशेष अनुदानतर्फ रु १२ अर्ब ९० करोड गरी रु एक खर्ब ७४ अर्बभन्दा बढी रकम प्रदेश र स्थानीय तहमार्फत खर्च हुने रकम भएको जानकारी सम्मानित संसदमा गराउन चाहन्छु।"

अर्थमन्त्री पुनले आगामी आर्थिक वर्षका लागि चालु खर्च ६१ दशमलव ३१ प्रतिशत, पुँजीगततर्फ १८ दशमलव ९४ प्रतिशत र वित्तीय व्यवस्थातर्फ १९ दशमलव ७४ प्रतिशत प्रस्ताव गरिएको जानकारी दिनुभयो। चालु आर्थिक वर्षको तुलनामा आगामी आर्थिक वर्षका लागि चालु खर्च घटाइएको र पुँजीगत खर्चतर्फ बजेट वृद्धि गरिएको बताउनुभायो । बजेट कार्यान्वयन प्रभावकारी बनाउन आयोजना अवधिभर आयोजना प्रमुखको सरुवा नगर्ने, राष्ट्रिय प्राथमिकताका आयोजनामा दुई सिफ्टमा काम गर्ने, विकास आयोजना कार्यान्वयनसम्बन्धी कानुन तर्जुमा गर्ने, बजेट कार्यान्वयन कार्ययोजना असार मसान्तभित्र तयार गर्ने र आवश्यक कार्यविधि, मापदण्ड, निर्देशिका श्रावण मसान्तभित्र तयार गर्नुपर्ने व्यवस्था बजेटमा गरिएकाले पुँजीगत खर्चमा सुधार हुने तथा बजेट कार्यान्वयन उपलब्धिमूलक हुने विश्वास व्यक्त गर्नुभयो।

**सबै क्षेत्रको सन्तुलित विकासमा सरकार प्रतिबद्ध छ**

मन्त्री पुनले बजेट तर्जुमा गर्दा प्रचलित ऐन, कानुन, बजेट तर्जुमा दिग्दर्शन एवं स्वीकृत प्रणालीअनुरूप छलफल तथा स्वीकृति गर्ने प्रक्रियामा सबै जनप्रतिनिधिको अहम् भूमिका र अधिकार समान छ भन्नेमा सरकार स्पष्ट रहेको उल्लेख गर्नुभयो । सरकार सबै भौगोलिक क्षेत्र, वर्ग, समुदायको समानुपातिक र सन्तुलित विकासप्रति प्रतिबद्ध रहेको उहाँको भनाइ छ। यद्यपि सरकारले बजेट विनियोजन गर्दा आयोजना बैंकमा आबद्ध भएका, बहुवर्षीय स्रोत सहमति दिएका, आगामी आवमा सम्पन्न हुने, सिर्जित दायित्व भुक्तानी गर्नुपर्ने, क्रमागत रूपमा रहेका तथा अनिवार्य दायित्वअन्तर्गत खर्च हुने आयोजना तथा कार्यक्रममा प्राथमिकतापूर्वक अनिवार्य बजेट प्रस्ताव गर्नुपर्ने स्पष्ट गर्नुभयो । "त्यसरी प्रस्ताव गर्दा सबै निर्वाचन क्षेत्रमा समान विनियोजन नभएको हुनसक्छ", उहाँले भन्नुभयो, "तर नेपाल सरकारले कुनै दल वा नेता वा मन्त्रीको निर्वाचन क्षेत्रका लागि मात्रै बढी बजेट छुट्याइएको भन्ने सत्य होइन र सरकारको प्राथमिकता सन्तुलित एवं समानुपातिक विकास रहेकाले त्यसमा हामी प्रतिबद्ध छौं।"

**ठूला आयोजना संघ, मझौला प्रदेश र साना स्थानीय तहमा**

आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा व्यावहारिक र प्रतिफल प्राप्त होस् भन्ने उद्देश्यले सङ्घ, प्रदेश र स्थानीय तहबीच दोहोरोपना हुन नदिने, ठूला आयोजना सङ्घबाट कार्यान्वयन गर्ने, मझौला प्रकृतिका आयोजना प्रदेशबाट र साना आयोजना स्थानीय तहबाट कार्यान्वयन गर्ने विषयमा सरकार दृढ रहेको मन्त्री पुनले उल्लेख गर्नुभयो। वित्तीय हस्तान्तरणअन्तर्गत शसर्त अनुदानतर्फका कतिपय आयोजना सम्पन्न गर्नका लागि रु तीन करोडभन्दा न्यून विनियोजन भएका केही आयोजना तथा कार्यक्रम हुनसक्ने भन्दै त्यसबारे थप जानकारी सम्बन्धित मन्त्रीहरुबाट हुने उहाँले बताउनुभयो । जलवायु कोषको प्रयोग तथा ग्रीन 'फाइनान्सिङ' प्रयोग गर्ने सम्बन्धमा वातावरणीय न्यायको सिद्धान्तअनुरूप अधिकारमुखी अवधारणामा उपलब्ध हानी तथा क्षति कोषलगायत जलवायुकोष तथा सुविधाका आधारमा सहायता परिचालन गरिने विश्वास मन्त्री पुनले दिलाउनुभयो।

सार्वजनिक ऋणको भारका सन्दर्भमा उहाँले कूल ग्राह्रस्थ उत्पादनमा कूल सार्वजनिक ऋणको अनुपात ४० प्रतिशतभन्दा तल नै रहेको हुँदा सार्वजनिक ऋणको उपयोग उत्पादनमूलक क्षेत्रमा गर्ने व्यवस्था मिलाइएको र त्यसले मुलुकको समृद्धिमा टेवा पुऱ्याउने विश्वास लिएको उल्लेख गर्नुभयो।

स्रोत सुनिश्चित गरिएका आयोजना र सिर्जित दायित्व भुक्तानी तथा आगामी वर्ष सम्पन्न हुने अधुरा आयोजनाका लागि आवश्यक रकम विनियोजन गरिनुका साथै युवा तथा खेलकुद मन्त्रालयलाई विगतको तुलनामा आगामी आवका लागि झण्डै २२ प्रतिशतले बजेट वृद्धि गरिएबाट खेलकुद क्षेत्रलाई बजेटले उच्च महत्व दिएको स्पष्ट गर्नुभयो । चालु आवको राजस्व सङ्कलनको तुलनामा आगामी आवको राजस्व सङ्कलनको लक्ष्य सन्तुलित रहेको जानकारी पुनले दिनुभयो । अर्थतन्त्र चलायमान गराउने स्पष्ट कार्ययोजनासहित राजस्व सङ्कलन एवं सघन बजार अनुगमन बढाउने र राजस्व चुहावट नियन्त्रण गर्ने कार्यलाई समन्वयात्मक ढङ्गले परिचालन गर्दा राजस्व सङ्कलनको लक्ष्य पूरा गर्न सकिने विश्वास रहेको उहाँको भनाइ थियो। रासस

## मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान

जनकपुरधाम, धनुषा

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना


सूचना प्रकाशित मिति : २०८१/०३/११

यस प्रतिष्ठानको आ.व.२०८१/०८१ को स्वीकृत कार्यक्रम अनुसार यस प्रतिष्ठानको तपसिलका ठेक्काको लागि पेश भएका बोलपत्रमध्ये तपसिल बमोजिमका बोलपत्र न्युनतम मूल्यांकित सारभूतरुपमा प्रभावग्राही ठहरिई उक्त बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ उक्त बोलपत्रको कार्यमा सहभागी सबै बोलपत्रदाता आपुर्तिकर्ताहरुका लागि ७ सात दिनको आशयको सूचना प्रकाशित गरिएको छ।


| क्र.स. | प्रकाशन मिति | ठेक्का न. | छनोट भएको दर भाउ पत्रदाताको नाम | कबोल अंक (VAT सहित) |
|---|---|---|---|---|
| १ | 24/5/2024 | MIHS/GOODS/NCB/2080-81/01, Histo - Cyto Pathology Laboratory Setup with Instrument | Seven Hills Pvt. Ltd., Sinamangal-9, Kathmandu | 62,85,060/– |

(मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान)

आयो करे यात्रा मंगलमय चारो धाम की
यहि मिति २०८१/३/२१ गते शुक्रवार ५ तारिखका दिन २×२ लक्जरी भिडियो कोच बस खुल्ने जा रहि हैं ।
विशेष यात्रा सेवा । शुल्तानगंज बाबाधाम बासुकिनाथबनारस, काशिविश्वनाथ, ज्योति लिङ्ग, प्रयागराज, संगम, चित्रकोट चारधाम बाबा बागेश्वरधाम, वृन्दावन, मथुरा, गोकुल, कुरुक्षेत्र, अर्मितशर स्वर्ण मन्दिर, जय माँ बैष्णो देवी, अमरनाथ, श्रीनगर, काशमिर ज्वलामुखि, नैना देवी, चिन्ता पुरनी काङ्गरा देवी, हरिद्वार, रिषीकेश, नैमीशारण, अयोध्या, गोरखपुर, गोरखनाथ दर्शन कराते हुऐ जनकपुरधाम वापस ।

टिकट दर १८,००० भारु दो सामका भोजन समेत लिखेगए सारे तिर्थ ग्यारेन्टीके साथ घुमाया जाएगा हर यात्री अपना नागरिकता अवस्य रखे ।



प्रो. पोषण प्रसाद साह
जानकी चौक, जनकपुरधाम-१०
पल्टी माई मन्दिर सब्जी बजार
मो. ९८४४१३३१९५ (नेपाल)
मो. ९८४४०७३६०० (नेपाल)
मो. 8271086993 (भारत)



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# औचित्यहीन संसदीय छानबिन

नेपालमा संघीयता लागु भएदेखि प्रदेश र संघीय संसदमा कयौं घटनाको छानबिन समिति गठन भएको छ । संसदबाट गठन हुने समिति सर्वाधिकार सम्पन्न रहने मान्यता छ । समितिलाई काम गर्ने कार्यविधि र सीमा क्षेत्र समेत तोकिने गरिन्छ । संसदीय छानबिन समितिले चाहेको बखत आवश्यक व्यक्ति, निकायहरुसित बयान, छलफल लगायतका काम गर्न सक्ने अधिकार हुन्छ । संसदीय समितिले गर्ने छानबिनबाट सत्यतथ्य बाहिर आउने र दोषी उपर कारबाही हुने आम मान्यता छ । तर हाल सम्म संघीय र प्रदेश संसदीय छानबिन समितिले गरेको छानबिनको प्रतिवेदन संसदमा बुझाइए पनि त्यसको कार्यान्वयन भएको पाइदैन । संघीय संसदीय छानबिन समिति होस् अथवा प्रदेश संसदीय छानबिन समिति होस् । कुनै पनि प्रतिवेदन कार्यान्वयन भएको छैन । समिति बन्ने, त्यसले छानबिन पनि गर्ने, प्रतिवेदन पनि बुझाउने तर त्यसपछिको प्रक्रिया संसदको पुस्तकालयमा प्रतिवेदन थन्किएर टुंगिने गरिएको छ । अहिले संघीय संसदले सहकारीको रकम अपचलन र ठगी सम्बन्धी छानबिन गर्न उच्चस्तरीय संसदीय छानबिन समिति गठन गरेको छ । छानबिन समितिले काम पनि थालिसकेको छ । तर त्यसले छानबिन गरी प्रतिवेदन बुझाएपछि त्यसको कार्यान्वयन हुनेमा थोरै मानिसलाई झिनो विश्वास रहेको छ । मधेश प्रदेशमा विगतमा एउटा अत्यन्त महत्वपूर्ण संसदीय छानबिन समिति गठन गरिएको थियो । त्यो समितिले प्रदेश सरकार गठन हुनु अगाडि भएका कार्यालय व्यवस्थापन लगायतका विभिन्न कामकाजको छानविन गरेको थियो । छानबिन समितिको प्रतिवेदनलाई प्रदेश सभाले अनुमोदन गरी आवश्यक कारबाहीका लागि तत्कालीन मुख्यमन्त्री लालबाबु राउतलाई प्रतिवेदन बुझाइएको थियो । मुख्यमन्त्री राउतले आफू सित कारबाही गर्ने संयन्त्र र अधिकार नभएको बताउँदै आवश्यक कारबाहीका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा प्रतिवेदन पठाएका थिए । तर त्यो प्रतिवेदन कार्यान्वयनमा गएन । मधेश प्रदेशमा व्यापक भ्रष्टाचार भएको आरोप लाग्ने गरेको छ । थुप्रै उजुरीहरु पनि परेको छ । तर हालसम्म अख्तियारले दुईवटा मुद्दा विशेष अदालतमा दर्ता गरेको छ । साइकल खरिद सम्बन्धी दर्ता भएको मुद्दामा दुई जना बाहेक सबैले सफाइ पाएका छन् । अर्को सर्लाहीको सर्पदंश उपचार केन्द्रमा मधेश प्रदेशको तत्कालीन अर्थमन्त्री विजय यादव र समितिका पदाधिकारीहरु माथि अख्तियारले मुद्दा दर्ता गरेको छ । पछिल्लो समयमा गत वर्ष दुई महिना भित्र प्रतिवेदन बुझाउने गरी मधेश प्रदेशको बजेट रकमान्तर गरेको छानबिन गर्न गठित संसदीय समितिले वर्ष दिन पुरा हुन १७ दिन पहिले सभामुखलाई प्रतिवेदन बुझाएको छ । सो प्रतिवेदनले औल्याएको कमजोरीलाई कसले कारबाही गर्ने अथवा सुधार गर्ने ? त्यसकारण संसदीय समिति गठन हुनुको औचित्य नै पुष्टि हुन सकिरहेको छैन ।

# साहित्य, समकालीनता र युगबोध



रोशन जनकपुरी

उर्दूमा एउटा शायरी छ :

*‘प्यासे को कम, प्यास कम को दम ब दम,*
*ए साकी, क्या खूब दस्तूर है तेरे मयखाने का ।’*

गजल होस, कविता होस वा साहित्यको कुनै अन्य विधा, साहित्यले आफ्नो समय वा युगलाई सम्बोधित गरिरहेको हुन्छ । साहित्यको समकालीन परिस्थितिसंग गहिरो सम्बन्ध हुने गर्छ । त्यति मात्र होइन, साहित्यले आफ्नो समयको यथास्थिति र जटिललाई भंग गरेर अघि बढन प्रेरित समेत गर्छ । सामान्यतः साहित्यलाई समाजको दर्पण भन्ने गरिन्छ । तर साहित्यलाई सौद्देश्य तथा समाज सापेक्ष भन्ने हो भने साहित्य समाजको दर्पण हुनु संगै सामाजिक सरोकारमा प्रेरकपनि हुन्छ ।

केही साहित्यकारहरु ‘स्वान्तः सुखाय’ अर्थात् आफ्नो सुखको निम्ति मात्र साहित्यको रचना गर्ने गर्छन् । उनीहरु साहित्य सृजनमा सामाजिक दायित्वप्रति उदासीन हुने गर्छन् । तर उनीहरु के बिर्सी रहेका हुन्छन् भने उनले सृजन गरेको साहित्य उनले आफै पढेर तृप्ति अनुभूत गर्दैनन् । उनीहरुले पनि आफूले रचेको कविता, कथा वा कुनै अन्य साहित्य सृजन अरुले पढेको देखेर वा अरुलाई सुनाएपछि मात्र आनन्द र तृप्ति अनुभूत गर्छन् । साहित्य जुनसुकै उद्देश्यले लेखिएको भएपनि, पढने वा सुन्ने पात्र वा समूहमाथी यस्को प्रभाव पर्छ ।

मन्दिरमा गाइएका भजन होस वा प्रेमगीतहरु, वा सेनाको परेड सौङ्ग, सबै प्रकारको सृजनाको प्रभाव हुन्छ । विरह गीत सुनेर एक्लो मानिसले आँसू बगाउँछ, क्रान्ति र देशभक्तिका गीत सुनेर क्रान्तिकारीहरु देश र समाजको निम्ति आफ्नो ज्यानसम्म बलिदान गर्न तत्पर हुन्छन् । सन् १९३३ तिर एकजना हङ्गेरियन संगीतकार (पियानिस्ट र कम्पोजर) रेज्सो सेरेसले ‘ग्लूमी सन्डे’ नामक एउटा गीत र संगीत रचना गरेका थिए । यस संगीतलाई ‘हङ्गेरियन आत्महत्याको गीत’पनि भनियो, किनभने यस गीत र संगीतमा व्यक्त हुने उदासी यति घना थियो कि यसलाई सुनेर कयौंले आत्महत्या गरेको खबरपनि आयो ।यसरी नै, एकजना भारतीय बंगाली उपन्यासकार बंकिमचन्द्र चट्टोपाध्यायको भारतमा ब्रिटिस उपनिवेश विरुद्धको स्वतन्त्रता संग्रामको पृष्ठभूमिमा लेखिएको एउटा प्रसिद्ध उपन्यास छ : ‘ आनन्द मठ’ । यस उपन्यासमा एउटा गीत छ : ‘बन्दे मातरम्’ । भारतीय स्वतन्त्रता संग्राममा यो गीत यति प्रसिद्ध भयो कि यो गीत गाउँदै अनेकौं क्रान्तिकारीहरु खुशी खुशी फाँसीको तख्तामा झुन्डिए । तात्पर्य के हो भने सृजनकर्ताले जुनसुकै उद्देश्यले साहित्य सृजन गरेपनि, सकारात्मक होस वा नकारात्मक, त्यस्को मानवीय र सामाजिक पक्ष हुने गर्छ । यसैकारण साहित्य सृजनकर्ता सामाजिक दायित्वबोधबाट उम्कन सक्दैन । यस्तोमा कुनै साहित्यकारले आफ्नो सृजनालाई ‘स्वान्तः सुखाय’ भन्नु, कि त अचेतनता कि धूर्त्तता हुन्छ ।

पूर्वीय वाङ्गमयहरुमा त हितकर भाव सहितको सृजनालाई नै साहित्य भनिएको छ । संस्कृत साहित्यमा ‘सामुहिकता र हित’ बारे भनिएको छ : ‘सह एवं सहितं तस्य भावं साहित्य् ।’ र त्यस्तै ‘हितेन सह सहितं तस्य भावः साहित्यं ।’यस दृष्टिले विचार गर्ने हो भने सामूहिकता र मानवीय हितको उपेक्षा गर्ने वा उदासीन रचनाहरु, नकारात्मक भाव उत्पन्न गराउने र अमानवीय चेतना फैलाउने साहित्य सृजनहरु व्यर्थ र आलोच्य हुन् ।

वर्तमान युगको साहित्य मानव सापेक्षी छ । त्यसैले मानव जीवन र जगतमा हुने परिवर्तनहरुले साहित्य सृजनलाई बहुआयामिकरुपमा प्रभावित गर्छ ।

साहित्यमा आफ्नो समयको जीवन र जगतको कलात्मक अभिव्यक्तिलाई ‘समकालीन यथार्थ’ र यस यथार्थलाई मानवीय हितको निम्ति प्रेरित गर्ने भाव साहित्यको ‘मूल्यबोध’ भनिन्छ । यसरी नै साहित्यमा समकालीन विसंगतिहरुप्रति चित्रात्मकरुपमा अभिव्यक्त आलोच्य भावलाई ‘आलोचनात्मक यथार्थ’ भनिन्छ ।मार्क्सवादी समालोचकहरुलेसमकालीन अमानवीय यथास्थिति भंग गरेर (अर्थात् संघर्ष गरेर) स्वतन्त्रता, समानता तथा सृजनात्मक विश्व बन्धुत्व सहितको सामूहिक भाव निर्माण तथा यसको निम्ति यथार्थको बोध र प्रेरित गर्ने भावलाई ‘समाजवादी यथार्थवाद’ भन्छन् । अर्को शब्दमा भन्नु पर्दा समकालीन यथार्थको चित्रात्मक स्वरुप र यस्को मूल्यबोधको अभिव्यक्ति नै साहित्य हो ।यी सबै गन्थन मन्थनको उद्देश्य, साहित्य सृजनको सामाजिक सरोकार हुनेगर्छ, र त्यसैकारण साहित्यकारले सृजनगर्दा उसको सृजनाले समाजलाई नकार वा सकार कस्तो प्रभाव पार्छ भन्ने विचार गर्नु आवश्यक छ, भन्ने हो ।

> **वर्तमानमा पनि सत्ता र देवको चाकरीमा रचित स्तुतिवादी र मौद्रिक साहित्य रचिँदैछन् । यस्को समानान्तर लोकसाहित्य र जनसाहित्यको धारा छ, जस्ले मानवीय सौर्य, स्वतन्त्रता, समानता र विश्व बन्धुत्वको गीत गाउँछ र समकालीन विसंगत यथार्थप्रति आलोचनाको तीर तानेर बसेको हुन्छ । साहित्यको युगबोध यिनै लोक र जनको युग संघर्षको समकालीन सृजनाहरुमा विद्यमान हुन्छ ।**

अहिलेसम्मका सबै उत्कृष्ट र जीवन्त साहित्यहरुले आफ्नो युगको प्रतिनिधित्व गरेको पाइन्छ । तात्पर्य के छ भने साहित्यको सृजन युगीन परिस्थिति अनुकूल नै हुने गर्छ । साहित्यकारले आफ्नो युगको राजनीतिक, सामाजिक, आर्थिक, धार्मिक, सांस्कृतिक समस्याहरुको चित्रण गर्नु नै उसको समकालीन बोध हो ।

सामाजिक परिस्थितिहरुमा हुने परिवर्तनहरुमा सांस्कृतिक एवं ऐतिहासिक मान्यताहरुले समेत परोक्षरुपमा नयाँ रुप धारण गर्छन् । जीवन र जगतमा निहित गतिशीलताले विगतका कयौं प्रधान मान्यताहरुलाई परम्परागत र गौण बनाई दिन्छ र प्रचलित समाज सापेक्ष भावधारा नै प्रमुख बन्ने गर्छ । साहित्यकार समाजमा प्रचलित स्वरुपलाई प्रस्तुत र विवेचन गर्नुबाट उदासीन रहन सक्दैन । मानवीय जीवन र जगतको गतिशीलता भन्दा भिन्न सृजनाहरु पुरानो, प्रचलित भावधारा र सामाजिकतामा अमिल्दो र व्यर्थको हुने गर्छ ।

यस लेखको शुरुमा भनिएको उर्दू शायरीको पंक्तिमा यसरी नै आफ्नो समय बोलेको छ :

*‘प्यासे को कम, प्यास कम को दम ब दम,*
*ए साकी, क्या खूब दस्तूर है तेरे मयखाने का ।’*

यस शायरीमा प्रत्यक्षमा त ‘भठ्ठी’, ‘रक्सी पिउने’ र ‘रक्सी बेच्ने सुन्दरी’ को कुरा गरिएको छ । तर यथार्थमा यसले समग्र सत्ता र सामाजिक संरचनाको अन्यायपूर्ण संरचना र चलनको कुरा गरेको छ । यस्तो सत्ता र समाज, जहाँ तिर्खाएको मानिसको निम्ति थोरै र तृप्त मानिसको निम्ति माँगे जति बाँडिने गरिन्छ । वर्तमान विसंगत समाजको आलोचनात्मक यथार्थको शान्दार अभिव्यक्ति हो यो शायरी । हुनपनि फारसी र उर्दू शायरीको प्रवृत्तिमा धर्म, शासन र सामाजिक रुढ परम्परागतताप्रति आलोचना, र मानवीयता, प्रेम, स्वतन्त्रता र स्वच्छन्दताप्रति हार्दिकता अभिव्यक्त गरिएको हुन्छ । त्यसैले उर्दू गजल र शायरीहरुमा शेख, बरहमन (ब्राह्मण), मुल्ला, काजी, मस्जिद, सिपाही आदि खलनायक (प्रेमको दुस्मन), र प्रेम (मुहब्बत, इश्क,) प्रेमी, प्रेमिका, रिन्द (शराबी), मयखाना (भठ्ठी) आदि नायकत्वको रुपमा अभिव्यक्त भएको हुन्छ । उर्दू गजल र शायरीहरुमा भठ्ठी परम्परागत रुढ समाजभन्दा भिन्न स्वतन्त्र र मानवीय भावको स्थान तथा ‘रिन्द’ अर्थात् शराबीलाई स्वतन्त्र भावको मानिसको रुपमा अभिव्यक्त गरिएको हुन्छ । बिम्ब र प्रतीकको रुपमा अभिव्यक्त गर्ने यी भावरुप हरुलाई तपाँई उर्दू शायरीको भावात्मक भाषापनि भन्न सक्नु हुन्छ ।हिन्दीको प्रसिद्ध कवि हरिवंश राय बच्चनको प्रसिद्ध दीर्घ कविता ‘मधुशाला’को चारवटा पंक्ति हेरौं, जस्मा धर्म र परम्पराको बन्धनबाट मुक्त मानवीय स्वतन्त्र स्थलको रुपमा मधुशाला (भठ्ठी)लाई प्रस्तुत गरिएको छ :

*‘धर्मग्रन्थ सब जला चुकी है, जिसके अन्तर की ज्वाला,*
*मन्दिर, मसजिद, गिरजे, सब को तोड चुका जो मतवाला,*
*पंडित, मोमिन, पादरियों के फन्दों को जो काट चुका,*
*कर सकती है आज उसी का स्वागत मेरी मधुशाला ।’*

समाजको समकालीन विसंगत यथार्थप्रतिको आलोच्य भाव र मानवीय सम्वेदना उर्दू साहित्यको मात्र प्रवृत्ति हो भन्ने छैन । विश्वका प्रायः सबै मानवीय साहित्यमा यो प्रवृत्ति पाइन्छ । हाम्रै समाजको साहित्यिक प्रवृत्तिमा समेत यो प्रवृत्ति खोज्न सकिन्छ ।मैथिली भाषाका बीज कवि मानिने अपभ्रंश वा अवहट्ट भाषाका आठौं शताब्दीका सहजयानी सिद्ध सन्त कवि ‘सरहपा’ दोहा कोशमा लेख्छन् :

*‘पंडिअ सअल सत्थ बक्खाणअ । देहहिं बुद्ध बसन्त ण जाणअ ॥*
*अमणागमण ण एक्क वि खण्डिअ ।तउ णिलज्ज भणइ हँउ पण्डिअ ॥’*

(अनुवाद : पण्डित सकल शास्त्र बखान्छन् । देहको बुद्ध बसन्त (चित्तको आनन्द, ज्ञान) न जान्छन् (जान्दैनन्) ॥

आवागमन न एउटा खण्डित । त्यस निलज्ज (निर्लज्ज)लाई हामी भन्छौं पण्डित ॥)

त्यसरी नै भोजपुरी भाषाका प्रारम्भिक पुर्खा मानिने पन्द्रौं शताब्दीका रहस्यवादी कवि कबीर दासको एउटा दोहामा आफ्नो समयको धार्मिक रुढि तथा जातीय भेदभाव विरुद्ध मानवीय सम्वेदनाको तीखो स्वर हेरौं :

*‘एक त्वचा, हाड, मल मुत्र, एक रुधिर एक गूदा,*
*एक बुँद ले श्रृष्टि रच्यो हय, को ब्राह्मण को सुद्रा ।’*

पन्द्रौं शताब्दी मै मैथिलीका महाकवि विद्यापति भएका थिए । विद्यापति हुन त राजकीय संरक्षण पाएका कवि थिए । तर उनले आश्रय पाएका राजा शिवसिंहको आफ्नै जीवन संकटग्रस्त भएकोले महाकवि विद्यापतिको जीवनमा पनि अनेक उतार चढाव रह्यो । सामान्यतः उनीश्रृङ्गार र भक्तिका कवि मानिन्छन्, तरपनि उनको कयौं कवितामा आफ्नो समयको स्वर पाइन्छ । प्रायः उनले लेखेका महेशवाणीहरुमा उनले तत्कालीन समयका लोक दारुण्य चित्र कोरेको पाइन्छ :

*‘एकटा लोटा छल आ बेटा छल तीन,*
*पानी पीबैत काल होइय छीनाछीन ।’*

साहित्यमा समकालीन यथार्थप्रतिको सम्वेदनात्मक प्रवृत्ति निरन्तर बगी रहेको छ । ऐतिहासिक धारामा भईरहेको सामाजिक परिवर्तन, विद्रोह, क्रान्ति, राजनीतिक र वैज्ञानिक खोजहरुले पनि समकालीनतालाई प्रभावित गरिरहेको हुन्छ । नेपालमा आधुनिक मैथिली साहित्यका एकजना प्रसिद्ध कवि मथुरानन्द माथुरले आफ्नो समयको सामाजिक उथलपुथललाई ‘मूस महाकाव्य’मा यसरी अभिव्यक्त गरेका छन् :

‘गोरिना जखन प्रसन्न अबैत अछि, बिल स बाहर/देखिते तखन बिलारि डर स काँपै हरहर/ संसारक गति उनैट गेल से साफ देखैछी / छोटका भएगेल पैघ एहि स इएह बुझैछी ॥’

समाजमा वर्ग विभेद भए झै साहित्यको स्वरुप र यस्को समकालीन अभिव्यक्तिपनि वर्गीय हुने गर्छ । यसरी नै ज्ञान र बोधपनि वर्गीय हुने गर्छ । साहित्यको इतिहासको अध्ययन गर्ने हो भने एकातिर शासक संरक्षित स्तुतिवादी साहित्यको धारा छ, भने अर्कोतिर आम जनसमुदाय जो शासित छ, उसको साहित्यको धारा छ । सरहपा, कबीर, विद्यापति, माथुर आदि जनसमुदायको धाराका साहित्यकारहरु हुन्, जस्को साहित्यमा जनसामान्यको सत्तासंगको संघर्ष, र युगको समकालीन यथार्थको युगबोध तथा विसंगतिविरुद्धको स्वर गुँञ्जिएको हुन्छ । यसलाई लोक साहित्य र आधुनिक जनवादी धाराको प्रगतिशील आधुनिक धारामा खोज्न सकिन्छ ।

वर्तमानमा पनि सत्ता र देवको चाकरीमा रचित स्तुतिवादी र मौद्रिक साहित्य रचिँदैछन् । यस्को समानान्तर लोकसाहित्य र जनसाहित्यको धारा छ, जस्ले मानवीय सौर्य, स्वतन्त्रता, समानता र विश्व बन्धुत्वको गीत गाउँछ र समकालीन विसंगत यथार्थप्रति आलोचनाको तीर तानेर बसेको हुन्छ । साहित्यको युगबोध यिनै लोक र जनको युग संघर्षको समकालीन सृजनाहरुमा विद्यमान हुन्छ ।

# ढुङ्गेधारा छ, पानी छैन

**प्रगति ढकाल**

भक्तपुरको लोकन्थलीकी राजमाया हेक्कालाई ढुङ्गेधारामा कलकल बगेको पानी अँजुलीमा थापेर खाएको सम्झँदा अहिले सपनाजस्तै लाग्छ । उमेरले ७५ नाघेकी राजमाया भन्नुहुन्छ, “धारामा चौबिसै घण्टा सफा पानी आउँथ्यो । धारामै थापेर पिउँथ्यौं । अहिले त त्यस्ता ढुङ्गेधारा नै छैनन्, भएकामा पनि पानी झर्दैन । त्यसैले यो विगत सम्झँदा अहिलेको पुस्ताले त एकादेशको कथा जस्तै भन्न थालिसकेको छ ।”

त्यसो त पहिला पहिला अहिलेजस्तो घरघरमा पानीका धाराको सुविधा पनि थिएन । गाउँगाउँ र टोलटोलमा ढुङ्गेधारा थिए र त्यहीँबाट पानीको गुजारा गर्नुपर्थ्यो । सफा र स्वस्थ पानीको खाँचो हुँदैनथ्यो । राजमाया भन्नुहुन्छ, “मैले देखेका कैयौं ढुङ्गेधारा सुकिसके । ती धाराको बयान अहिले गर्दा कोही पत्याउँदैन ।”

लोकन्थलीकै हरिबहादुर हेक्काको टोलमा ढुङ्गेधारा त छ तर पानी आउन भने छोडिसकेको छ । “पहिले धाराको पानीले पुगेपछि बगेर जाने गर्थ्यो । खेतीमै त्यही पानी लगाउँथ्यौं । हामी त्यहीँको पानी पिएर हुर्केका हौं,” उहाँ भन्नुहुन्छ, “अहिले भएका धारा पनि सुके, धेरै त विकासका नाममा विनाशै भए । भत्काइदिएका धारा बनाउन अनुरोध गरेका छौं, खोइ के बनाउलान् ।”

हिजोआज पनि पहिलेकै जस्ता ढुङ्गेधारा र तिनमा कलकल बगेको पानी हेर्न मन छ उहाँहरुलाई तर अब कहाँ पाउनु ? उहाँहरु दुवै जनालाई लाग्छ कहिलेकाहीँ त कृत्रिम रुपमै भए पनि कतै पानीको व्यवस्था गरेर ढुङ्गेधारामा पानी बगिरहेको हेर्न मन लागेको छ । यसका लागि स्थानीय नागरिकहरु र स्थानीय तहसँग उहाँहरुले माग पनि गरिरहनुभएको सुनाउनुहुन्छ ।

गत जेठ ३० गते मात्रै उपत्यकाका नेवार जातिले सिथि नखः पर्व मनाउनु भएको छ । इतिहासविद् एवं संस्कृतिविद् प्रा डा पुरुषोत्तमलोचन श्रेष्ठले यो पर्वमा इनार, कुवा, पोखरी, ढुङ्गेधारालगायत पानीका स्रोतहरुको सफा गरेमा वर्षायाममा मूल फुटेर पानी आउने मान्याता रहेको बताउनुभयो । उहाँका अनुसार ढुङ्गेधारा, इनार, कुवा, पोखरी सुकिसकेको भए पनि वर्षामा पानी पलाओस् भनेर सफा गरिन्छ ।

ढुङ्गेधारा, पोखरी, तथा इनारामा पानी नभए पनि मनसुनमा मूल फुटेर आउँछ कि भन्ने अलिकति आशा मनमा अझै बाँकी राखेर पानी पर्खिरहेका छन्, उपत्यकावासीहरु । “सिथि नखःमा विशेषगरी पानीको मुहान, इनार, कुवा, पोखरी, धारालगायत पानीको स्रोतवरपर सरसफाइ गर्दा वर्षाको समयमा बगेर आउने फोहोर पानी खानेपानीको मुहानमा मिसिएर दूषित नहोस् भनेर हिजो उपत्यकावासी नेवार समुदायले कुवा, पोखरी, इनार, धारा सफा राख्नुभएको छ,” उहाँले भन्नुभयो, “हिँउदमा सुक्खा कारण सुकेको र थुनिएको पानीको मूललाई वर्षातको पानीले फुटाउने भएकाले पनि सिथि नखःको दिन पानीको मूल सफाइ गर्ने परम्परा वर्षौंदेखि रहँदै आएको हो ।”

श्रेष्ठका अनुसार सिथि नखः महादेव पार्वतीका जेठ सुपुत्र कुमारको जन्म दिन भएकाले कुमारको पूजाआराधना गर्नाले वर्षातको समयमा धान रोप्न पानी आउने, शरीरमा बल र शक्ति प्राप्त हुने विश्वासका साथ यो पर्व मनाउने चलन छ । उहाँले लिच्छवीकाल, मल्लकालदेखि नै कुलो तथा अन्य पानीको स्रोतहरु सफा राख्नुपर्ने मान्यता रहिआएको जानकारी दिनुभएको छ ।

ललिपुरस्थित ठेचोका रत्न मालीले पनि सिथि नखःका अवसरमा धारा, कुवा, इनार, पोखरी सफा गर्नुभयो । “हामी सानो छँदा जुन धाराको पानी खाएर हुर्कियौं, जुन धारामा नुहायौं, जुन पोखरीमा पौडी खेल्यौं,” उहाँले भन्नुभयो, “तर आज ती कुराहरु कथाजस्तै लाग्दोरहेछ, धेरैजसो त सुकी नै सके तर वर्षातमा मूल फुट्ला भन्ने मान्यताका साथ हामीले हिजो सिथि नखः मनायौं ।”

यसैगरी, ललितपुर जिल्ला गोदावरी नगरपालिकाका-१२ का प्रशान्त मालीलाई पनि पोखरीमा पौडी खेलेर, इनारकै पानी निकाले नुहाएको यादहरु ताजै छन् तर ती पोखरीमा पानी छैन । उहाँले नुहाउनु भएको ढुङ्गेधारा छ, पानी छैन । “आमाबुबाले ढुङ्गेधाराबाट पानी ल्याउने गर्नुहुन्थ्यो तर अहिले धारा छ पानी छैन,” उहाँले भन्नुभयो ।

मनसुन नेपालको पूर्वी क्षेत्रमा भित्रिसकेको छ । सक्रिय हुन भने बाँकी नै छ । पानी पर्न सुरु भएसँगै पलाउलान् त उपत्यकाका सुकिसकेका ती ढुङ्गेधाराहरु ? पछिल्लो समयमा स्थानीय तहहरुले ढुङ्गेधाराको संरक्षण र संवर्द्धन गर्दै पुरानै अवस्थामा फर्काउने प्रयास गर्दै छन् तर ती प्रयासहरु कति सफल हुन्छन्, कति असफल हुन्छन् त्यो भने हेर्न बाँकी नै छ ।

ललितपुर महानगरपालिकाकी उपप्रमुख मञ्जली शाक्य बज्राचार्यले सुक्खायामसँगै जमिनमुनिको पानीको सतह घटिरहेको तथा ढुङ्गेधारा सुकिरहेको भन्दै यसको संरक्षण र संवर्द्धन गर्ने नीतिलाई महानगरपालिकाले पहिलो प्राथमिकतामा राखेको बताउनुभयो । “ढुङ्गेधारा, इनार, पोखरी तथा अन्य सम्पदाहरुलाई पुरानै शैलीमा फर्काउने गरी काम भइरहेको छ, परम्परागत शैलीबाट नै निर्माण गर्नका लागि हामीले भक्तपुरबाट जनशक्ति झिकाएका छौं,” उहाँले भन्नुभयो, “आधुनिक विकाससँगै ढुङ्गेधाराहरु सुक्न थालेपछि जगेर्नाका लागि काम भइरहेको छ ।”

काठमाडौं महानगरपालिकाका सहप्रवक्ता दीपक अधिकारीले पनि काठमाडौंमा परम्परागत शैलीका कुवा, पोखरी, ढुङ्गेधारा इनारहरु सङ्कटमा पर्दै गइरहेको भन्दै तिनको संरक्षणका कार्यक्रमलाई महानगरपालिकाले प्राथमिकतामा राखेको जानकारी दिनुभयो । अलान फाउन्डेसनले गरेको अध्ययनअनुसार काठमाडौं महानगरपालिकामा रहेका ढुङ्गेधारामध्ये ६० प्रतिशतमा पानी नै आउँदैन । महानगरभित्रका एक सय ५४ ढुङ्गेधारामध्ये ६१ वटामा मात्र पानी आउँछ भने ५० वटामा कहिल्यै पानी नआउने, १० वटा सङ्कटमा परेका (लोप हुन लागेको अवस्थामा), २१ वटा हराएका र १२ वटा फेला नपरेको समस्या रहेको छ ।

काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डका कार्यकारी निर्देशक सञ्जीव विक्रम रानाले उपत्यकामा मेलम्ची खानेपानी आयोजना आएपछि फेरि पानी आउन थालेको जानकारी दिनुभयो । उहाँका अनुसार जमिनमुनिको पानीको सतह कम हुँदै गइरहेकाले र भौतिक संरचना निर्माणका कारण ढुङ्गेधारा सुक्दै गएको तथा केही ढुङ्गेधाराहरुलाई पुरानै अवस्थामा ल्याउन नसकिने र केही ढुङ्गेधारामा भने पानी फेरि आउने बनाउन सकिन्छ ।

बोर्डका अनुसार उपत्यकामा रहेका आठ सय ३७ ओटा ढुङ्गेधारामध्ये एक सय १७ ओटा ढुङ्गेधारा लोप भइसकेका छन् । सञ्चालनमा रहेका सात सय २० मध्ये तीन सय २० ढुङ्गेधारा सुकिसकेका छन् । कतिपय ढुङ्गेधारालाई जीवन्त बनाउन पानीको स्रोत खन्नुपर्ने र त्यसो गर्दा झन् पानीको स्रोतहरु हराउने खतरा रहेको रानाको भनाइ छ ।

काठमाडौं उपत्यका खानेपानी लिमिडेटका प्रवक्ता प्रकाशकुमार राईले उपत्यकामा विशेषगरी सुक्खायाममा सहतमुनिको पानी सुक्दा आपूर्ति व्यवस्थापनमा चुनौती रहेको बताउनुभएको छ । “मेलम्ची खानेपानीबाहेक विभिन्न स्थानबाट यो सुक्खायाममा नौ करोड लिटर दैनिक उपभोक्तालाई खानेपानी वितरण हुन्छ, त्योमध्ये ४० प्रतिशत भूमिगत पानीले नै निर्भर गर्छ,” उहाँले भन्नुभयो, “तर भूमिगत पानी कम हुँदै गएकाले माग बढी र आपूर्ति कम भइरहेको छ ।”

उहाँले मेलम्ची खानेपानी आयोजना अनिश्चित बनेसँगै खानेपानीको वैकल्पिक स्रोतहरुको समेत खोजी गर्नुपर्ने बताउनुभएको छ । “काठमाडौंमा दैनिक ४३ करोड खानेपानी आवश्यक छ, आवश्यकताअनुसार पानी आपूर्ति गर्न सकिएको छैन,” राईले भन्नुभयो ।

भू-गर्भविद् डा सुवोध ढकाल उपत्यका बढ्दो जनसर्ं यासँगै जमिनमुनिको पानीको बढी आपूर्ति हुने, भौतिक पूर्वाधारहरुको विकासका कारण सहतमुनि पानीको रिजार्ज नहुनेलगायत कारण सहतमुनिको पानी घट्दै गएको जानकारी दिनुभयो । “भण्डारमा पानी छैन तर पानी निकाल्न नमिल्ने अवस्थामा पनि निकालिरहेको छ, जतासुकै घरैघर र सडकका कारण आकाशबाट परेको पानी बगेर जान्छ तर जमिनमुनि छिर्दैन,” उहाँले भन्नुभयो, “अव्यवस्थित सहरीकरणका कारण पनि मुख्य समस्या भइरहेको छ र जलवायु परिवर्तनको कारण पनि सुक्खा बढिरहेकाले जमिनमुनिको पानीको सतह घटिरहेको छ ।”

जमिनमुनिको पानीको संरक्षणका लागि अनुसन्धानबाट समस्या पहिल्याउने र समाधानका लागि पहल गर्नुपर्ने उहाँको भनाइ छ । ढकालका अनुसार कृत्रिम पुनर्भरण प्रक्रिया अगाडि बढाउनुपर्ने छ । “सुकेका पोखरीमा पानी जम्मा गर्न सकियो भने पनि पुनर्भरण प्रक्रिया अगाडि बढाउन सहज हुनेछ,” उहाँले भन्नुभयो, “उपत्यकामा खानेपानीको स्रोत सुक्दै जाने समस्या समाधानका लागि ठूलो परियोजना र लागत आवश्यक छ ।”

भूमिगत जलस्रोत व्यवस्थापन नीति, २०६९ मा भूमिगत पानीको व्यवस्थापनसम्बन्धी दीर्घकालीन सोच लिइएको छ । नीतिमा पर्याप्त र गुणस्तरीय खानेपानीमा सबैको सहज, सरल र समान पहुँच सुनिश्चित गर्न र दिगो उपयोगमा टेवा पुऱ्याउनका लागि काठमाडौं उपत्यकाभित्रको भूमिगत जलस्रोतको प्रभावकारी व्यवस्थापन गरिनेछ उल्लेख छ । यसैगरी काठमाडौं उपत्यकाभित्रको भूमिगत जलस्रोतको प्रभावकारी व्यवस्थापनमार्फत भूमिगत पानीको माग र यसको उपलब्धताबीच समुचित समन्वय कायम गरी भूमिगत जलस्रोत भण्डारणबाट पानी आपूर्ति गर्ने क्षमतामा हस आउन नदिने उल्लेख छ ।

यसैगरी काठमाडौं उपत्यकाको भूमिगत जलस्रोतको दिगो रुपमा संरक्षण, उपयोग र व्यवस्थापन गर्ने, काठमाडौं उपत्यकाको भूमिगत जलस्रोत भण्डारमा पानी पुनर्भरणको आवश्यक व्यवस्था मिलाउने, प्रदूषण नियन्त्रण गरी भूमिगत जलस्रोतको गुणस्तर कायम राख्ने नीतिको उद्देश्य रहेको छ । काठमाडौं उपत्यकामा नियमित, व्यवस्थित र प्रभावकारी रुपले खानेपानी सेवा सञ्चालन गर्न गराउन सहयोग पुऱ्याउने, खानेपानी तथा घरायसी प्रयोगमा आउने पानीमा सबैको सहज, सरल र समान पहुँच सुनिश्चित गर्नेतर्फ सहयोग पुऱ्याउने नीतिको लक्ष्य छ । उपत्यकाको भूमिगत जलस्रोतमाथिको अधिक निर्भरता क्रमशः घटाउँदै लगिने, काठमाडौं उपत्यकाको भूमिगत जलस्रोतको उपयोगलाई व्यावसायिक र गैरव्यावसायिक वर्गमा वर्गीकरण गरी सोही अनुरुप व्यवस्थापन गरिने नीतिमा उल्लेख छ ।

भूमिगत जलस्रोतलाई माथिल्लो सतहमा रहेको भूमिगत पानी र तल्लो सतहमा रहेको भूमिगत पानी गरी दुई तहमा वर्गीकरण गरी व्यवस्थापन गरिने समेत नीतिमा लक्ष्य राखिएको छ । उक्त नीतिअनुसार पानीको उपयोगलाई प्राथमिकीकरण गरी यसको उपयोगको प्रयोजन, विधि तथा उपलब्ध भण्डार क्षेत्रका आधारमा भूमिगत स्रोतबाट पानी निकाल्ने कार्यलाई चरणबद्ध रुपमा नियमन र नियन्त्रण गरी भूमिगत जलस्रोत भण्डारमा हस हुन नदिने गरी यसको दिगो उपयोगको व्यवस्था मिलाइनेछ ।

भूमिगत पानी व्यवस्थापनका लागि भौगोलिक सूचना प्रणाली स्थापना गरी प्रयोगमा ल्याइने, भूमिगत जलस्रोतमा पानीको पुनर्भरण हुने क्षेत्रको पहिचान गरी त्यस्ता क्षेत्रको संरक्षणका लागि आवश्यक कानुनको तर्जुमा गरिनेछ नीतिको लक्ष्य रहेको छ । नीतिका अनुसार पानीको पुनर्भरणमा नकारात्मक असर पार्ने क्रियाकलापहरुलाई नियन्त्रण र निषेध गर्न आवश्यक कानुन तर्जुमा गरिनेछ । भूमिगत जलस्रोत भण्डारमा नियमित रुपमा पानी पुनर्भरण हुने व्यवस्था मिलाइने पनि नीतिमा उल्लेख गरिएको छ ।

यसैगरी राष्ट्रिय खानेपानी, सरसफाइ तथा स्वच्छता नीति २०८० मा जलवायु परिवर्तनजस्ता प्राकृतिक तथा मानवजन्य कारणहरूले पानीका स्रोतहरूमा आएको हस तथा संरचनाहरूको क्षतिजस्ता कारणहरूले पानीको उपलब्धतामा कमी हुनु तथा सेवा अवरुद्ध हुन गई खानेपानी तथा सरसफाइ सेवालाई अपेक्षाकृत सुरक्षित भरपर्दो र दिगो बनाउन नसकिनु मुख्य समस्या रहेको उल्लेख छ ।

स्वच्छ र सुरक्षित खानेपानीको आपूर्ति व्यवस्था गर्न हास हुँदै गएका सतही र भूमिगत खानेपानीका स्रोतको जगेर्ना गर्नु, खानेपानी तथा सरसफाइका संरचनाहरूलाई जलवायु अनुकूल तथा विपद् व्यवस्थापनमैत्री बनाउँदै लैजानु, विपद् व्यवस्थापनलाई आन्तरिकीकरण गर्नु, अव्यवस्थित शहरीकरणका कारण खानेपानी तथा सरसफाइ सेवामा परेको चापलाई व्यवस्थित गर्नु, पर्याप्त लगानी जुटाउनेलगायत चुनौती रहेको नीतिमा उल्लेख छ । खानेपानीको स्रोत संरक्षण गरेर खानेपानी उपलब्ध गराउने नीतिको लक्ष्य रहेको छ । नेपालको संविधान, २०७२ ले स्वच्छ खानेपानीको पहुँचलाई मौलिक हकका रुपमा व्याख्या गरेको छ ।रासस

# सङ्घीयताप्रतिको बुझाइमा एकरुपता जरुरी छ : मन्त्री जोशी



काठमाण्डु । सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री भानुभक्त जोशीले सङ्घीयताप्रतिको बुझाइमा सबै राजनीतिक दल तथा आम जनसमुदायमा एकरुपता कायम गर्नुपर्ने बताउनुभएको छ ।

प्रतिनिधिसभाको सोमबारको बैठकमा विनियोजन विधेयक २०८१ माथिको छलफलमा उठेका प्रश्नको जवाफ दिँदै मन्त्री जोशीले सङ्घीयताप्रतिको बुझाइमा एकरुपता ल्याउन सबैले योगदान गर्नुपर्ने बताउनुभएको हो ।

उहाँले सङ्घीयतालाई जनमुखी र जवाफदेही बनाउनपर्ने आवश्यकतासमेत औंल्याउनुभयो । "सङ्घीयता व्यवस्थापनका पक्षलाई सन्तुलित, मितव्ययी, पारदर्शी, जवाफदेही, जनमुखी एवं सदाचारी बनाउनुपर्नेछ", मन्त्री जोशीले भन्नुभयो, "निर्वाचित जनप्रतिनिधिको उत्साह, राजनीतिक चेतना, विकासप्रतिको दृष्टिकोण, नागरिक सेवा तथा कर्मचारीतन्त्रप्रतिको धारणालगायत विषयको सही विश्लेषण गरी सुधारको ढाँचा निर्धारण र कार्यान्वयन गर्नुपर्ने आवश्यकता छ ।"

प्रशासनीय सङ्घीयता कार्यान्वयनको मुख्य स्तम्भका रूपमा रहेको सङ्घीय निजामती सेवा ऐन राजनीतिक सहमति र सहकार्यमा तत्काल ल्याउनुपर्नेमा जोड दिँदै उहाँले ऐनले राष्ट्र सेवक कर्मचारीलाई अझ बढी उत्प्रेरित, लगनशील र नागरिक सेवामा थप कर्तव्यनिष्ट बनाउन अभिप्रेरित गर्न सक्नुपर्ने धारणा राख्नुभयो ।

"सङ्घीयता कार्यान्वयनको सात वर्ष पूरा गरेका छौँ, कुनै पनि मुलुकलाई सात वर्षमा नयाँ संवैधानिक व्यवस्थाको पूर्ण कार्यान्वयन चुनातीपूर्ण नै हुन्छ । हाम्रो जस्तै शासन व्यवस्था अवलम्बन गरेका विभिन्न देशको अनुभवले पनि त्यस्तै भन्छ", मन्त्री जोशीले भन्नुभयो, "विगत सात वर्षमा धेरै काम गरेका छौँ, सङ्घीयता कार्यान्वयनसँग सम्बन्धित एक सय ६५ वटा कानुन निर्माण/संशोधन गरिएका छन् ।" उहाँले तीनै तहका कार्यलाई थप व्याख्या गर्ने गरी कार्य विस्तृतीकरण प्रतिवेदन संशोधन मस्यौदा तयार भएको जानकारी गराउनुभयो ।

राजनीतिक सङ्घीयता संस्थागत हुँदै गएको र तीनै तहका दुईवटा आवधिक निर्वाचन सम्पन्न भई लोकतान्त्रिक अभ्यासका माध्यमबाट सरकार गठन भइरहेका उहाँको भनाइ थियो । प्रदेश तथा स्थानीय तहमा कर्मचारी व्यवस्थाका लागि प्रदेश लोकसेवा आयोग क्रियाशील भएका र प्रदेश लोकसेवा आयोग क्रियाशील नभएका प्रदेश तथा स्थानीय तहमा सम्बन्धित निकायको अनुरोधमा नेपाल सरकारबाट कर्मचारी व्यवस्था गरिने मन्त्री जोशीको भनाइ थियो ।

उहाँले स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृतको स्थायित्वका सन्दर्भमा मन्त्रालयले मापदण्ड निर्माण गरेर खटनपटन गर्ने गरी मापदण्ड निर्माण गरिएका पनि बताउनुभयो ।

"निश्चित दरबन्दीमा पदपूर्ति हुने कर्मचारी विभिन्न कारणले रिक्त रहने (अध्ययन बिदा, निलम्बन, असाधारण बिदा, विभिन्न निकायमा काज) हुँदा सबै स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत व्यवस्था गर्न सकिएको छैन", मन्त्री जोशीले भन्नुभयो, "यस्तो अवस्थामा निजामती सेवा तथा स्थानीय सेवाका वरिष्ठ कर्मचारीलाई जिम्मेवारी दिएर सेवा प्रवाहको व्यवस्था मिलाइएको छ ।"रासस

# सरकारले ऊर्जा क्षेत्रलाई विशेष प्राथमिकतामा राखेको छ : मन्त्री बस्नेत

काठमाण्डु । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले विद्युत् मागको प्रक्षेपण, भौगोलिक सन्तुलन, ऊर्जा सुरक्षालगायतका विषयलाई मध्यनजर गर्दै आगामी १२ वर्षमा विद्युत् उत्पादन क्षमतालाई २८ हजार पाँच सय मेगावाट पुर्‍याउने लक्ष्य निर्धारण गरिएको बताउनुभएको छ । उहाँले त्यसअनुसार प्रशारण तथा वितरण प्रणालीको क्षमता अभिवृद्धि गर्ने लक्ष्यसहितको ऊर्जा विकास मार्गचित्र तथा कार्ययोजना, २०८० कार्यान्वयनमा ल्याइएको बताउनुभयो ।

प्रतिनिधिसभाको सोमबारको बैठकमा आगामी आवको विनियोजन विधेयकमाथिको छलफलमा उठेका प्रश्नको जवाफमा मन्त्री बस्नेतले सरकारले दीर्घकालीन लक्ष्यका साथ कार्ययोजना अगाडि सारेको उल्लेख गर्नुभयो । उहाँले आवश्यकताअनुसार विद्युत निर्यात र आयात नगर्ने हो भने वर्षातमा उत्पादित विद्युत बढी भएर खेर जाने र हिउँदमा विद्युत् आपूर्ति हुन नसक्ने स्थिति उत्पन्न हुने बताउनुभयो ।

ऊर्जा मन्त्रालयलाई आगामी आवका लागि कूल रु ८७ अर्ब ५६ करोड ६७ लाख बजेटमध्ये ऊर्जातर्फ रु ५३ अर्ब ८५ करोड ७९ लाख र जलस्रोत तथा सिँचाइतर्फ रु ३३ अर्ब ७० करोड ८७ लाख विनियोजन गरिएको छ ।

देशमा हालसम्म विद्युत् उत्पादनको जडित क्षमता चालु आवमा चार सय ६३ मेगावाट थप भई करिब तीन हजार दुई सय ३० मेगावाट पुगेको छ । करिब ९८ प्रतिशत जनतामा विद्युत्को पहुँच पुगेको छ । आगामी वर्षभित्र सबै नेपाली जनतामाझ भरपर्दो र गुणस्तरीय विद्युत् सेवाको पहुँच पुर्‍याउने लक्ष्यसहित कार्यक्रमको प्रस्ताव गरिएको मन्त्री बस्नेतले जानकारी दिनुभयो । विद्युत् खपत कार्यान्वयन कार्ययोजनाअनुसार विद्युतीय सवारी साधन एवं विद्युतीय चुलोको प्रयोग बढाइ आयातित पेट्रोलियम पदार्थलाई स्वदेशमा उत्पादित विद्युत्बाट प्रतिस्थापन गर्दै लैजानेतर्फ सरकारका कार्यक्रम लक्षित रहेको उहाँको कथन छ ।

सरकारले विद्युत् खपत कार्ययोजना बनाइ कार्यान्वयन गरिरहेको जानकारी दिँदै मन्त्री बस्नेतले हाल प्रतिव्यक्ति वार्षिक विद्युत् खपत करिब चार सय युनिट रहेकोमा आगामी वर्ष उल्लेख्य मात्रामा वृद्धि गरिने बताउनुभयो । "विद्युत्को माग समय, दिन, मौसमअनुसार फरक हुने गर्दछ । यसरी फरक फरक माग र आपूर्ति हुने अवस्थाले उत्पादित विद्युत् व्यवस्थापन नेपालको बजारमा मात्र पर्याप्त हुँदैन", मन्त्री बस्नेतले भन्नुभयो ।

**आगामी आवमा नौ सय मेगावाट थप हुन्छ**

आगामी आर्थिक वर्षमा करिब नौ सय मेगावाट विद्युत् प्रणालीमा थपिने मन्त्री बस्नेतले सदनलाई जानकारी गराउनुभयो । निजी क्षेत्रलाई कानुनी व्यवस्थासहित विद्युत् व्यापारमा संलग्न गराउने कानुनी व्यवस्था गर्ने सरकारको नीति छ । आगामी आवमा निर्माणाधीन रसुवागढी एक सय ११ मेगावाट, माथिल्लो साञ्जेन ४२ दशमलव पाँच मेगावाटमध्ये भोटेकोशी एक सय दुई मेगावाट र निजी लगानीबाट प्रवर्द्धित आयोजना सम्पन्न भइ करिब नौ सय मेगावाट विद्युत् राष्ट्रिय विद्युत् प्रणालीमा थप हुने उहाँको भनाइ थियो ।

आगामी वर्षपछिका सुक्खायाममा नेपालको विद्युत्ले नै आन्तरिक माग धान्ने अवस्था सिर्जना भएको र बढी हुने विद्युत् छिमेकी मुलुकमा निर्यात गरी व्यापार घाटा न्यूनीकरण गर्न सकिने मन्त्री बस्नेतले बताउनुभयो । हालसम्म करिब सात सय मेगावाट जलविद्युत् भारतीय बजारमा निर्यात र बिक्री गर्न स्वीकृति प्राप्त भएको छ भने करिब पाँच सय ५० मेगावाट बराबरको जलविद्युत् आयोजनाबाट विद्युत् निर्यात स्वीकृति प्राप्त हुने प्रक्रियामा छ । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' को भारत भ्रमणका क्रममा आगामी १० वर्षमा १० हजार मेगावाट जलविद्युत् निर्यात गर्ने र जलविद्युत् विकासमा द्विपक्षीय लगानी प्रवर्द्धन गर्नेसम्बन्धी दीर्घकालीन विद्युत् व्यापार सम्झौतामा दुई देशका ऊर्जा सचिवबाट हस्ताक्षर भइसकेको मन्त्री बस्नेतले उल्लेख गर्नुभयो ।



बङ्गलादेशमा पनि ४० मेगावाट विद्युत् निर्यातका लागि अन्तिम तयारी भइरहेको मन्त्री बस्नेतले बताउनुभयो । विद्युत् खरिद सम्झौता भई निर्माणका विभिन्न चरणमा रहेका आयोजनाको क्षमता चार हजार नौ सय मेगावाट बराबर छ । यसैगरी अध्ययन सम्पन्न भई करिब १० हजार मेगावाट क्षमताका विद्युत् आयोजना विद्युत खरिद सम्झौताको प्रक्रियामा छन् ।

हालसम्म प्रसारण लाइन ६६ केभी र त्यसभन्दा माथिका करिब छ हजार दुई सय १२ सर्किट किलोमिटर र वितरण लाइन ३३ केभी क्षमताका करिब सात हजार सात सय ७५१ सर्किट किलोमिटर निर्माण सम्पन्न भइसकेको छ । आन्तरिक तथा अन्तरदेशीय प्रसारण लाइन र वितरण लाइन सुधार तथा विस्तारका लागि रु ३१ अर्ब १९ करोड आगामी आवका लागि विनियोजन गरिएको छ । साथै प्रसारण लाइनबाट प्रभावितलाई यथोचित मुआब्जा तथा क्षतिपूर्तिसहित अवसरहरुमा सहभागी गराउने प्रबन्ध गरिएको छ ।

अन्तरदेशीय विद्युत व्यापारका लागि हामीलाई उच्च भोल्टेजका प्रसारण लाइन निर्माण प्रक्रियालाई अगाडि बढाइएको छ । हाल ढल्केबर-मुजफ्फरपुर प्रसारण लाइन सञ्चालनमा छ । सो लाइन विद्युत् आयात तथा निर्यातमा उपयोग भइरहेको छ । न्यू बुटवल-गोरखपुर, इनरुवा-पूर्णिया र दोदोधारा-वरेली चार सय केभी प्रसारण लाइन निर्माण पूर्वका तयारीको काम जारी छ । औद्योगिक ग्राहकलाई गुणस्तरीय विद्युत् आपूर्तिको लागि एक सय ३२ केभी र ३३ केभी क्षमताको सबस्टेशन र प्रशारण लाइन संरचना विस्तार एवं स्तरोन्नतिका काम जारिरहेका मन्त्री बस्नेतले जानकारी दिनुभयो ।

**जलाशययुक्त आयोजना प्राथमिकतामा**

ऊर्जा सुरक्षाको दृष्टिकोणले जलाशययुक्त आयोजनाको निर्माण प्रक्रिया अगाडि बढाइएको छ । रणनीतिक महत्व रहेको पश्चिमसेती जलविद्युत् परियोजना, सेती रिभर-६, तल्लो अरुणलगायतका जलविद्युत् आयोजनाको परियोजना विकास सम्झौताअनुरुप प्रक्रिया अघि बढाइएको छ । प्रादेशिक सन्तुलन, रोजगारी सिर्जना एवं विद्युत् सुरक्षालाई ध्यान दिई तीनै तहको सह लगानीमा तथा सुक्खायामको विद्युत् माग सम्बोधन गर्न जनताको जलविद्युत् कार्यक्रमअन्तर्गत विभिन्न परियोजना अगाडि बढाइएका मन्त्री तामाङले जानकारी दिनुभयो । त्यसमा एक हजार ६३ मेगावाटको माथिल्लो अरुण, एक सय छ मेगावाटको जगदुल्ला, एक सय मेगावाटको तामाकोसी पाँचौं, ४२ मेगावाटको मोदी ए र दुई सय १० मेगावाटको चैनपुर सेती जलविद्युत् आयोजनाको निर्माण कार्य सुरु हुने क्रममा रहेका छन् । साथै छ सय ७० मेगावाट क्षमताको दूधकोसी जलाशययुक्त जलविद्युत् आयोजना, चार सय १७ मेगावाट क्षमताको नलगाड जलाशययुक्त आयोजनाको लगानी मोडालिटी तय गरी निर्माण कार्य अगाडि बढाइने छ । दुई सय ८० मेगावाट क्षमताको नौमुरे बहुउद्देश्यीय आयोजनाको पूर्वतयारीको काम जारी छ ।

एक हजार दुई सय मेगावाट क्षमताको बुढीगण्डकी जलविद्युत् आयोजनालाई अघि बढाउन डुबान क्षेत्रमा पर्ने ५८ हजार एक सय ५३ रोपनी जग्गामध्ये हालसम्म कूल ४९ हजार ९५ रोपनी जग्गा प्राप्ति भइरहेको छ । घर गोठलगायत भौतिक संरचनाको क्षतिपूर्तिसमेत वितरण भएको छ ।

यस आयोजनाको कार्यन्वयनलाई अघि बढाउन ऊर्जा मन्त्रालयको ५० प्रतिशत र अर्थ मन्त्रालयको ३० प्रतिशत र नेपाल विद्युत् प्राधिकरणको २० प्रतिशत, लगानी रहने गरी बुढीगण्डकी जलविद्युत् कम्पनी लिमिटेड स्थापना भइसकेको छ । उक्त आयोजनाको लगानी मोडालिटी, विस्तृत प्रतिवेदन र वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत भइसकेको छ । आयोजना कार्यान्वयनका लागि आवश्यक पर्ने बजेट अभाव हुन नदिन नेपाल सरकारले इन्धनमा लगाएको पूर्वाधार करसमेत उपयोग हुनेगरी आवश्यक बजेट व्यवस्था गरिएको मन्त्री बस्नेतको भनाइ छ ।

वैदेशिक रोजगारमा रहेका व्यक्तिको लगानीमा ७० दशमलव चार मेगावाट क्षमताको सिम्बुआ खोला तथा ७७ दशमलव पाँच मेगावाट क्षमताको घुन्सा खोला जलविद्युत् आयोजनाको निर्माण कार्य सुरु गर्ने सरकारको लक्ष्य छ । त्यस्तै तमोर जलाशययुक्त जलविद्युत् आयोजना विकाससँग सम्बन्धित कार्य लगानी बोर्डबाट अगाडि बढाइएको छ ।

विद्युत्को आन्तरिक खपत बढाउन औद्योगिकीकरण, यातायात, कृषि विद्युतीकरण, खानेपानी, विद्युतीय सामग्रीको प्रयोग गरी उज्यालो भविष्यका लागि ऊर्जाको प्रयोग गर्नुपर्दछ भन्ने नीतिका साथ गुणस्तरीय विद्युत् सेवा उपलब्ध गराउन सबस्टेशन, प्रसारण एवं वितरण लाइन निर्माण तथा स्तरोन्नतिमा विशेष प्राथमिकता दिइएको छ ।

राष्ट्रिय प्रसारण लाइन नपुगेका दुर्गम क्षेत्रका घरधुरीमा लघु तथा साना जलविद्युत् र सौर्य तथा वायुजस्ता नवीकरणीय ऊर्जा प्रविधिको विस्तार भइरहेको छ । सन् २०४५ भित्र खुद शून्य कार्बन उत्सर्जनको लक्ष्य हासिल गर्न परम्परागत ऊर्जा एवं आयातित इन्धनलाई निरुत्साहित गरिएको छ । हरित ऊर्जा उपयोग र प्रवर्द्धनलाई जोड दिइ बायोग्यास, बायो डिजेल, इथानोल, सौर्य ऊर्जा, विद्युतीय चुलो, सुधारिएको चुलोलगायत स्वच्छ एवं किफायती प्रविधिको प्रवर्द्धन गरी स्वच्छ ऊर्जा प्रविधिको प्रयोगलाई प्रोत्साहन गरिने छ ।

कृषि उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गरी विद्यमान कृषिजन्य उत्पादनको आयात प्रतिस्थापन गरी विकासमा टेवा पुर्‍याउने लक्ष्य राखिएको छ । जलवायु परिवर्तन अनुकूलित हुने गरी खाद्य सुरक्षा अभिवृद्धि गर्ने, तीनै तहका सरकारको कार्यक्षेत्र तथा जिम्मेबारी बाँडफाँट र समन्वयात्मक रुपमा सिँचाइ क्षेत्रको विकास र व्यवस्थापन गर्ने चालु आवको सिँचाइतर्फ बजेट तय गरिएको पनि मन्त्री बस्नेतले सदनलाई जानकारी गराउनुभयो ।

जलस्रोत तथा सिँचाइतर्फ रु ३३ अर्ब ७० करोड ८७ लाख विनियोजन भएको छ भने प्रदेशतर्फ शसर्त अनुदानमा रु ५८ करोड पाँच लाख विनियोजन प्रस्ताव भएको छ । राष्ट्रिय गौरवका आयोजनालाई समयमा सम्पन्न गर्नेगरी प्राथमिकतामा राखि बजेट विनियोजन गरिएको उहाँको भनाइ छ ।रासस

कृषि उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गरी विद्यमान कृषिजन्य उत्पादनको आयात प्रतिस्थापन गरी विकासमा टेवा पुर्‍याउने लक्ष्य राखिएको छ । जलवायु परिवर्तन अनुकूलित हुने गरी खाद्य सुरक्षा अभिवृद्धि गर्ने, तीनै तहका सरकारको कार्यक्षेत्र तथा जिम्मेबारी बाँडफाँट र समन्वयात्मक रुपमा सिँचाइ क्षेत्रको विकास र व्यवस्थापन गर्ने चालु आवको सिँचाइतर्फ बजेट तय गरिएको पनि मन्त्री बस्नेतले सदनलाई जानकारी गराउनुभयो ।

# नयाँ पर्यटकीय गन्तव्यको पहिचान र विकास गरिनेछ : मन्त्री तामाङ



काठमाण्डु । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री हितबहादुर तामाङले नयाँ पर्यटकीय गन्तव्यको पहिचान र विकास गरी पर्यटन प्रवर्द्धन गरिने बताउनुभएको छ ।

प्रतिनिधिसभाको सोमबारको बैठकमा विनियोजन विधेयक २०८१ माथिको छलफलमा उठेका प्रश्नको जवाफ दिँदै मन्त्री तामाङले भन्नुभयो, "नयाँ पर्यटकीय गन्तव्यको पहिचान र विकास गरी पर्यापर्यटन गन्तव्य, हिल स्टेसन, ग्रेट हिमालयन ट्रेललगायत पर्यटकीय पूर्वाधार विकास कार्यक्रम तय गरिएको छ ।"

उहाँले स्वीस सरकार, पर्यटन मन्त्रालय र कोशी प्रदेशका २९ स्थानीय तहको सहभागितामा 'ट्रेल बेस्ड टुरिजम प्रोग्राम' आगामी आवबाट सञ्चालन गर्ने कार्यक्रम रहेको अवगत गराउनुभयो । होटेल, होमस्टे, क्यासिनो, पर्यटक यातायात लगायतका सेवा सुविधा दिने क्षेत्रको नियमन र सुधार गर्ने कार्यक्रम रहेको पनि मन्त्री तामाङले जानकारी दिनुभयो ।

सन् २०२३ मा १० लाख पर्यटक भित्र्याउने लक्ष्य सहज रुपमा हासिल भएकाले नै आगामी आवमा १६ लाख पर्यटक भित्र्याउने लक्ष्य राखिएको उहाँले बताउनुभयो । छिमेकी मुलुक चीन र भारतबाट उल्लेख्य रुपमा पर्यटक आकर्षित गर्न नेपाल पर्यटन बोर्डबाट स्थान लक्षित र संस्कृति केन्द्रित भई ती देशका पर्यटकको आवश्यकतामा आधारित भाषामा प्रचारप्रसार गर्ने गरी पर्यटक प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिने मन्त्री तामाङले जनाउनुभयो । उहाँले भन्नुभयो, "नेपाल पर्यटन बोर्डले बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्सँगको सहकार्य र साझेदारीमा वैवाहिक केन्द्र सञ्चालन गर्नका लागि आवश्यक तयारी गरी कार्यक्रम सञ्चालन गर्ने योजना रहेको छ ।"

लुम्बिनी विकास कोषलाई राष्ट्रिय गौरवको योजनाका रुपमा घोषणा गरी गुरु योजनाबमोजिमका कार्य भइरहेका भन्दै मन्त्री तामाङले विगतमा जस्तो बजेटको कमी हुन नदिन उच्च चासोका साथ सम्बोधन गर्ने प्रयास गरिएको बताउनुभयो । गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थललाई पूर्ण क्षमतामा सञ्चालनमा ल्याउन मन्त्रालयबाट अध्ययन कार्यदल गठन गरिएको र प्रतिवेदनबाट प्राप्त सुझावअनुसार थप कार्य गरिने उहाँको भनाइ थियो । रासस


कृषि ज्ञान केन्द्र
बिरगंज, पर्सा

क्याटलग/ब्रोसर सपिङ्ग विधिबाट कृषि मेशिनरी यन्त्र उपकरण खरिद सम्बन्धि सिलबन्दी प्रस्ताव आव्हानको सूचना

(प्रथम पटक प्रकाशन मिति : २०८१/०३/११ गते)

यस कार्यालयको आ.व. २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार सार्वजनिक, निजी साझेदारीमा कस्टम हायरिङ्ग सेन्टर स्थापना कार्यक्रम अन्तर्गत ट्र्याक्टर (2WD 50 एच.पी. थान -१) तथा मिनी ट्र्याक्टर (थान-१) छनौट भएका अनुदानग्राहीलाई खरिदमा अनुदान दिने प्रयोजनका लागि क्याटलग सपिङ्ग विधिबाट खरिद गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन दिनको १२:०० बजेसम्म यस कार्यालयमा रितपुर्वक सिलबन्दी निवेदन दर्ता गराउन आव्हान गरिएको छ तथा दर्ता गरिएका सिलबन्दी प्रस्तावहरु सोहि दिन १४:०० बजे खोलिनेछ । यो सम्बन्धि विस्तृत सूचना यस कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ तथा अन्य आवश्यक जानकारीको लागि कार्यालयमा सम्पर्क गर्नुहोला ।



कर्जा चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८१/०३/११ गते)

यस बैंकको तपशिलको ऋणी संस्थाले बर्दिवास शाखाबाट उपभोग गरेको कर्जाको साँवा, ब्याज र हर्जना रकम तिर्न बुझाउनु पर्नेमा हालसम्म नतिरी नबुझाई कर्जा सम्बन्धि शर्त तथा बन्देजहरु उल्लंघन गरेकोले सो सम्बन्धमा मौखिक तथा लिखित रुपमा कर्जा तिर्न बुझाउन बारम्बार तरताकेता गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, दैदस्तुर रकम समेत चुक्ता भुक्तानी नगरी आलटाल गरी बाँकी राखी कर्जा चुक्ता गर्ने तर्फ तत्परता नदेखाएको हुनाले कर्जा चुक्ता गर्ने बारे यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकलाई बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, तथा हर्जना समेत बुझाउनुहुन सम्बन्धीत ऋणी संस्था, धितो जमानतकर्ता, जमानीकर्ता र जमानीकर्ताहरुलाई समेत सूचित गरिन्छ । सो म्याद भित्र बक्यौता भएको सम्पूर्ण कर्जा रकम चुक्ता, भुक्तान नगरेमा ऋण लिंदा यस बैंकलाई लेखाई दिएको धितो लिलाम विक्रि गरी यस बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम विक्रिबाट पनि यस बैंकको सम्पूर्ण रकम असुल उपर नभएमा वा कथम कथाचित धितोवाट असुल उपर हुन नसके वा असुल उपर नभएमा ऋणी संस्थाको पदाधिकारीको वा निजहरुको एकाघर संगोल परिवारको नाममा रहेको चलअचल सम्पत्ती तथा अन्य जायजेथा सम्पत्तीबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, सहकारी ऐन, नियमावली तथा प्रचलित कानून बमोजिम असुल उपर गरी लिने तथा ऋणी संस्थाका पदाधिकारीहरु तथा जमानीकर्ताहरुलाई कालो सूचिमा समावेश गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गराइन्छ ।

**ऋणी संस्थाको नाम : श्री प्रगति कृषि सहकारी संस्था लिमिटेड । रजिष्टर्ड ठेगानाः हाथिलेट-३,महोत्तरी । (हाल बर्दिवास न.पा-८,महोत्तरी) दर्ता नंः १७७७-२०७३।७४**

**संचालक तथा जमानीकर्ताको विवरण**

**१) नाम : भुवन बहादुर थापा मगर (अध्यक्ष)**
बाबु : बुद्ध सिंह थापा
बाजे : सत बहादुर थापा मगर
ना प्र नं.: ६४४०१९७५(धनुषा)
दोश्रो प्रतिलिपि
ठेगाना : नक्टाझिझ-१,धनुषा ।

**२) नामः निर्मला कुमारी पुलामी (उपाध्यक्ष)**
बाबु : मान बहादुर पुलामी
पति : गोपाल मसराङ्गी
ना.प्र.नं:
ठेगाना : पशुपतिनगर-९,महोत्तरी

**३) नाम : कृष्ण बहादुर बलम्पाकि (सचिव)**
बाबु : हस्त बहादुर बलम्पाकि
बाजे : होम बहादुर बलम्पाकि
ना.प्र.नं: ५१३४ (महोत्तरी)
ठेगाना :हाथिलेट-८,महोत्तरी

**४) नामः सलिना थापा (कोषाध्यक्ष)**
बाबु : बल बहादुर थापा
बाजे : डिक बहादुर थापा
ना.प्र.नं: १८-२-०७४/१३५३ (महोत्तरी)
ठेगाना : बर्दिवास-३,महोत्तरी

**५) नामः रन्जिता थापा (सदस्य)**
बाबु : तारा बहादुर गुर्मछान
बाजे : इन्द्र लाल गुर्मछान
ना.प्र.नं: १८३०७२/५१९ (महोत्तरी)
ठेगाना : हाथिलेट-५,महोत्तरी

**६) नाम : हेमा कुमारी सिंजाली (सदस्य)**
बाबु : चन्द्र बहादुर गुर्मछान
पति : मान बहादुर सिंजाली
ना.प्र.नं: ११८१०७२/२१४ (महोत्तरी)
ठेगाना : हात्तिलेट-५,महोत्तरी

**७) नाम : गीता राना (सदस्य)**
बाबु : तेज बहादुर सारु, बाजे : पदम बहादुर सारु
ना.प्र.नं: १८३०७२/८६९ (महोत्तरी), ठेगाना : हाथिलेट-५,महोत्तरी

**धितो राखिएको सम्पत्ति र सुरक्षणधनीको विवरण** :

१. श्री होम बहादुर बलम्पाकिको बुहारी, हस्त बहादुर बलम्पाकिको श्रीमती रुन्ठ कुमारीको नाममा मालपोत कार्यालय महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला १५ नं. बहादुरगंज ४ क **(हाल बर्दिवास न.पा .८,महोतरी)** को कित्ता नं. ४०६ को क्षेत्रफल क्रमशः ०-११-४-० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
केन्द्रीय कार्यालयः पुल्चोक, ललितपुर, फोनः ०१-५१८०१८२, Web: www.ncbl.coop

# भारतीय प्रधानमन्त्री मोदीले तेस्रो कार्यकालका योजना सार्वजनिक गर्दै



**एएफपी**

नयाँदिल्ली । राष्ट्रिय लोकतान्त्रिक गठबन्धन (एनडिए) सरकारको नेतृत्व गर्नुभएका भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले सोमबार संसद्को पहिलो बैठकको पहिलो सत्रमा प्रधानमन्त्री मोदीको तेस्रो कार्यकालको योजना प्रस्तुत गर्नुहुने भएको छ।

एक दशकपछि पहिलो पटक गठबन्धन सरकारमा सामेल हुन बाध्य भारतीय जनता पार्टी (भाजपा) सरकारले अघिल्ला कार्यक्रमलाई कसरी प्रस्तुत गर्छ भनेर विशेष चासोका साथ हेरिएको छ । भाजपाले एकल सरकार बनाएका समय घोषणा गरेका कतिपय कार्यक्रमहरू या सरकारले त्याग्छ वा निरन्तरता दिन्छ यसमा सबैको चासो रहेको छ।

जुलाई ३ सम्म चल्ने पहिलो सत्रमा मोदीको तेस्रो कार्यकालको योजना र सन् २०१४ देखि रिक्त रहेको विपक्षी दलको नेताको रूपमा राहुल गान्धीको सम्भावित औपचारिक नियुक्तिको पूर्वावलोकन हुनेछ ।विश्लेषकहरूले ७३ वर्षीय मोदीले आफ्ना हिन्दू राष्ट्रवादी एजेन्डालाई संयमित गर्दै आफ्ना गठबन्धन साझेदारलाई आश्वस्त पार्ने, पूर्वाधार, सामाजिक कल्याण र आर्थिक सुधारमा बढी ध्यान केन्द्रित गर्ने अपेक्षा गरेका छन् ।

संसदीय मामिलामन्त्री किरेन रिजिजुले सोमबार अधिवेशन 'शान्तिपूर्ण र उपलब्धिमुलक' हुने बताउनुभएपनि भारतीय सञ्चारमाध्यमले भने अझ बलियो प्रतिपक्षसँग जीवन्त बहस हुने अपेक्षा गरेको बताएका छन् ।पहिलो दुई दिन नवनिर्वाचित सांसदले सपथ लिएसँगै संसद्को अधिवेशन सुरु हुनेछ ।प्रधानमन्त्रीको रूपमा मोदीको दशकले उहाँलाई देशको बहुसंख्यक हिन्दू धर्मको कट्टर समर्थकको रूपमा छवि विकास गरेको छ । यसले देशभित्रको मुस्लिम समुदायसहित अल्पसङ्ख्यकहरूलाई चिन्तित बनाएको छ।

भाजपाले यस वर्षको चुनावमा २४० सिट जितेको छ र यो तल्लो सदनमा बहुमतका लागि चाहिने सङ्ख्याभन्दा ३२ सिट कम हो। यसले भाजपालाई शासन गर्न साना पार्टीहरूको समूहमा निर्भर बनाएको छ ।मोदीले यो सरकारमा पनि प्रमुख पदहरू यथावत राख्नुभएको छ र क्याबिनेटमा भाजपाको प्रभुत्व कायमै छ ।प्रधानमन्त्री मोदीका विश्वासपात्र राजनाथ सिंह, अमित शाह, नितिन गडकरी, निर्मला सीतारमण र एस जयशंकर क्रमशः रक्षा, आन्तरिक, यातायात, वित्त र विदेशमन्त्री बन्नुभएको छ।

उहाँको ७१ सदस्यीय सरकारमध्ये ११ पद गठबन्धनका सहयोगीलाई दिइएको छ भने मन्त्रीमण्डलका महत्वपूर्ण रूपमा हेरिने शीर्ष ३० पद पाँच पद गठबन्धन दललाई बाँडिएको छ । तल्लो सदनको सञ्चालनको रेखदेख गर्ने शक्तिशाली पद सभामुखको निर्वाचनलाई पनि धेरैले हेरिरहेका छन् । सांसदहरूले बुधबार सभामुखका लागि मतदान गर्ने छन्। गठबन्धनका सहयोगीले यो पदमा आँखा लगाएका पाइन्छ तर केहीले खुलेरै प्रधानमन्त्री मोदीले यसमा पनि भाजपाबाट उम्मेदवार खडा गर्ने बताएका छन्।

# अमेरिकालाई हराउँदै इङ्ल्यान्ड सेमिफाइनलमा



काठमाण्डु । आइसिसी टि ट्वान्टी विश्वकप २०२४ अन्तर्गत अमेरिकालाई हराउँदै इङ्ल्यान्ड सेमिफाइनलमा प्रवेश गरेको छ । ब्रिजटाउन बार्बाडोसमा गए राति सम्पन्न खेलमा इङ्ल्यान्डले अमेरिकालाई १० विकेटले हराउँदै सो प्रतियोगिताको सेमिफाइनलमा पुग्ने पहिलो टोली बनेको हो।

अमेरिकाले दिएको एक सय १६ रनको लक्ष्य पन्छाउने क्रममा इङ्ल्यान्डले ९ दशमलव ४ ओभरमै कुनै विकेट नगुमाई भेटायो । इङ्ल्यान्डको जितमा कप्तान जस बटलरले ३८ बलमा ६ चौका र ७ छक्कासहित सर्वाधिक ८३ रनको योगदान दिए। त्यस्तै फिल साल्ट २१ बलमा २५ रनमा अविजित रहे ।त्यसअघि टस हारेर पहिला ब्याटिङ गरेको अमेरिका १८ दशमलव ५ ओभरमा एक सय १५ रनमा समेटिएको थियो। अमेरिकाका लागि नितिश कुमारले सर्वाधिक ३० रन र कोरी एन्डरसनले २९ रन जोडे। त्यस्तै हर्मित सिंहले २१ तथा स्टेभेन टेलरले १२ रन बनाए।

इङ्ल्यान्डका लागि क्रिस जोर्डनले चार विकेट लिए भने स्याम करन र आदिल राशिदले समान दुई दुई तथा लियम लिभिङस्टोनले एक विकेट लिए । यस जितसँगै इङ्ल्यान्ड अन्तिम सुपर आठको समूह २ मा तीन खेलबाट चार अङ्कका साथ सेमिफाइनलमा पुगेको हो। समान दुई खेलमा दक्षिण अफ्रिका चार र वेस्ट इन्डिजको दुई अङ्क छ । अमेरिका भने अङ्कविहीन हुँदै प्रतियोगिताबाट बहिरिएको छ । सोही समूहमा रहेका दक्षिण अफ्रिका र वेस्ट इन्डिजबीचको अहिले प्रतिस्पर्धा जारी छ। रासस

# दक्षिण अफ्रिका सेमिफाइनलमा

काठमाण्डु । दक्षिण अफ्रिकाले आईसीसी टी-२० विश्वकप २०२४ को सुपर-८ खेलमा वेष्टइन्डिजलाई डकवर्थ लुइस पद्धतिको आधारमा ३ विकेटले हराउँदै सेमिफाइनलमा स्थान बनाएको छ।

दक्षिण अफ्रिका सुपर-८ को ग्रुप बी बाट ६ अंकका साथ शीर्ष स्थानमा रहँदै सेमिफाइनलमा पुगेको हो । जारी विश्वकपमा दक्षिण अफ्रिकाको लगातार सातौं जित हो। १२३ रनको लक्ष्य पछ्याएको दक्षिण अफ्रिकाले १६.१ ओभरमा ७ विकेट गुमाउँदै पूरा गर्यो । १३६ रनको लक्ष्य पछ्याउनेक्रममा दक्षिण अफ्रिका २ ओभरमा १५-२ को अवस्थामा वर्षाको कारण खेल रोकिएको थियो। पुन : खेल सुरु हुन ढिलो हुँदा तीन ओभर घटेको थियो।

दक्षिण अफ्रिका जितमा युवा ब्याटर ट्रिस्टन स्टब्सले २७ बलमा ४ चौकासहित सर्वाधिक २९ रन बनाए। ओपनर क्विन्टन डि कक १२, रिजा हेन्ड्रिक्स शून्य, एडेन माक्ररम १८ र डेविड मिलर ४ रनमा बोल्ड आउट भए। मार्को यानसन १४ बलमा १ चौका र १ छक्कासहित २१ र कागिसो रबाडा ५ रनमा नट आउट रहे ।वेष्टइण्डिजका रोश्टन चेशले ३ ओभरमा १२ रन खर्चेर ३ विकेट लिए। आन्द्रे रसेलले ४ ओभरमा १९ रन खर्चेर २ विकेट लिए । अल्जारी जोशेफले ४ ओभरमा २५ रन खर्चेर २ विकेट लिए।

ग्रुप-२ बाट दक्षिण अफ्रिका ३ खेलमा ६ अंकका साथ शीर्ष स्थानमा रह्यो । इंग्ल्यान्ड ४ खेलमा ४ अंकका साथ दोस्रो स्थानमा रह्यो । सेमिफाइनलमा दक्षिण अफ्रिकाले ग्रुप १ को उपविजेता र इंग्ल्यान्डले विजेतासँग खेल्नेछ। ग्रुप १ बाट सेमिफाइनलमा पुग्ने टोलीको टुङ्गो लाग्न बाँकी छ।

दक्षिण अफ्रिका टी-२० विश्वकप इतिहासमा तेस्रो पटक सेमिफाइनलमा पुगेको हो । यसअघि टी२० विश्वकपमा दक्षिण अफ्रिका सन् २००९ र २०१४ मा सेमिफाइनल खेलेको थियो।

# सन् २०२४ मा हज यात्रामा एकहजार ३०० भन्दा बढीको मृत्यु : साउदी अरब



**एएनआई**

रियाद ।साउदी अरबले हज तीर्थयात्राको क्रममा एक हजार ३०१ जनाको मृत्यु भएको आइतबार जनाएको छ।

गर्मीको तनाव र अनधिकृत यात्राका कारण पाँचमध्ये चार जनाको मृत्यु भएको साउदी अधिकारीलाई उद्धृत गरी समाचारमा जनाएको छ। साउदी सरकारले 'साउदी अरबको स्वास्थ्य सेवा तथा सुविधाले यस वर्ष गर्मीको कारण विरामी परेका धेरै मामिलालाई सम्बोधन गरेको तथा केही व्यक्तिहरू अझै पनि हेरचाहमा रहेको जनाउदै दुर्भाग्यवस, मृतृकको संख्या एक हजार ३०१ पुगेको जनाएको छ।

मृत्यु हुनेमध्ये ८३ प्रतिशत ' अनधिकृत रुपमा' हज गर्न गएका थिए। उनीहरूमध्ये धेरैले पर्याप्त आश्रय वा आराम बिना, सूर्यको तात्रो प्रकाशमा लामो दूरी पैदल हिँडेको साउदी अरबका सरकारी अधिकारीले जारी गरेको विज्ञप्तिमा उल्लेख गरिएको छ ।विज्ञप्ति अनुसार मृतकमध्ये 'धेरै वृद्ध र दीर्घ बिरामी व्यक्ति' रेहेका छन् भन सबै मृतकको परिवार पहिचान गरिएको छ।

यस वर्षको हज तीर्थयात्राका क्रममा सयौंको मृत्यु र घाइते हुनुको मुख्य कारण चरम गर्मी रहेको उल्लेख गरिएको छ । सोमबार मक्काको तापक्रम रेकर्ड १२५ डिग्री फरेनहाइट पुगेको थियो। अनौपचारिक तीर्थयात्रीको सङ्ख्याले समस्या बढाएको अधिकारीले बताएका छन् ।साउदी अरबले प्रत्येक तीर्थयात्रीलाई हजका लागि पवित्र शहर मक्कामा कानुनी रूपमा पहुँच विस्तार गर्न १८ लाख व्यक्तिलाई मात्र यात्राका लागि अनुमति दिएको थियो।

यसैबीच, तीर्थयात्रीले यस वर्षको हज तीर्थयात्राको लागि कमजोर पूर्वाधार व्यवस्थापन भएको भनी साउदी अधिकारीको आलोचना गरेका छन् । आधिकारिक भ्रमणमा रहेका तीर्थयात्रीले पनि आफ्नो दिनको ठुलो हिस्सा भीषण गर्मीमा बाहिर हिँडेर बिताएको बताए । सिएनएनसँग कुरा गर्दै, केही प्रत्यक्षदर्शीले उनीहरूले उपासकहरूलाई बेहोस भएको र सेतो कपडाले ढाकिएको देखेको बताएका छन् ।सरकारलाई आफ्नो राष्ट्रको कोटाको हिस्साको रूपमा मक्कामा दर्ता भएका र भ्रमण गरेका तीर्थयात्रीहरूको बारेमा मात्र थाहा भएकाले यस वर्षको हजमा मृत्युको कुल सङ्ख्या अझै बढ्न सक्ने आशङ्का गरिएको छ।

# भारतको कालाबुर्गी विमानस्थलमा बमको धम्की

**सिन्ह्वा**

नयाँदिल्ली। भारतको दक्षिणपश्चिमी राज्य कर्नाटकको एउटा विमानस्थलमा सोमबार बमको धम्कीको इमेल प्राप्त भएको छ। यसले अधिकारीहरूलाई खोजी अभियान सुरु गर्न प्रेरित गरेको छ।

प्रहरीका अनुसार बम पत्ता लगाउने तथा डिस्पोजल टोलीसहित स्निफर कुकुरलाई विमानस्थल परिसरमा लगिएको थियो। तर अन्तिम रिपोर्ट नआएसम्म जारी रहेको खोजीका क्रममा शङ्कास्पद केही पनि फेला परेको छैन ।कालाबुर्गी विमानस्थल कर्नाटकको राजधानी बेङ्गलुरुबाट लगभग छ सय १७ किमी उत्तरमा छ।

एक वरिष्ठ प्रहरी अधिकारीले सञ्चारमाध्यमलाई भन्नुभयो, "विमानस्थल निर्देशकलाई एक अज्ञात प्रेषकबाट एउटा इमेल प्राप्त भयो, जसमा विमानस्थल परिसरभित्र बम राखिएको दाबी गरिएको थियो। उहाँले मेल प्रेषकले शक्तिशाली बम प्रयोग गरेर पूरै विमानस्थल विस्फोट गर्ने धम्की दिएको बताउनुभयो।"

गत हप्ता भारतका ४१ विमानस्थल र मुम्बई सहरका ५० भन्दा बढी अस्पतालले बम भएको चेतावनी इमेल प्राप्त गरेका थिए। तर पछि ती सबै होक्स (फेक) कल भएको पाइएको छ ।विमानस्थलहरूमा बढ्दो होक्स बम धम्कीको पृष्ठभूमिमा भारतको नागरिक उड्डयन सुरक्षा निकाय ब्युरो अफ सिभिल एभिएसन सेक्युरिटीले यस्ता धम्की दिनेहरूलाई पाँच वर्षको उडान प्रतिबन्धको प्रस्ताव गरेको छ ।विगत दुई महिनामा राष्ट्रिय राजधानी क्षेत्र दिल्लीलगायत देशभरका विद्यालय, विमानस्थल र अस्पतालहरूमा होक्स (फेक) बम धम्कीहरूको शृंखला पठाइएको छ।

# इजरायलले अभियानलाई हिजबुल्लाहतर्फ केन्द्रित गर्ने नेतन्याहूको भनाइ

**एएफपी**

जेरुसेलम । इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले गाजामा हमासविरुद्धको लडाइँको वर्तमान चरण समाप्त हुँदै गएको बताउनुभएको छ। उहाँले लेबनानी लडाकू समूह हिजबुल्लाहसँग जुध्न इजरायलले आफ्नो उत्तरी सीमामा थप सैनिक पठाउन सक्ने बताउनुभयो ।इजरायल र हिजबुल्लाह युद्धको नजिक पुगिरहेका बेला उक्त टिप्पणीले तनावलाई अझ बढाउने देखिएको छ। नेतन्याहूले गाजामा जारी युद्धको अन्त्य भने नभएको पनि सङ्केत गर्नुभएको छ।

इजरायली नेताले एक लामो टिभी अन्तर्वार्तामा भन्नुभयो, "सेना दक्षिणी गाजा शहर रफाहमा आफ्नो हालको जमिनी आक्रमण पूरा गर्ने तयारीमा छ, यसको मतलब यो होइन कि हमासविरुद्ध युद्ध समाप्त भएको छ ।" उहाँले अबका दिनमा गाजामा कम सेना आवश्यक पर्ने र हिजबुल्लाहसँग लड्नका लागि सेना परिचालन गरिने बताउनुभएको छ। इजरायलको नेतन्याहू निकट मानिने टिभी च्यानल१४ लाई दिएको अन्तर्वार्तामा उहाँले भन्नुभयो, "हिलो र सबैभन्दा महत्वपूर्ण, रक्षाका लागि, तर दशौं हजार विस्थापित इजरायलीलाई घर फर्कन अनुमति दिन पनि हाम्रा केही



सेनालाई उत्तरतर्फ स्थानान्तरण गर्ने सम्भावना छ र हामी त्यो गर्नेछौं।"

इरान समर्थित हिजबुल्लाहले अक्टोबर ७ मा हमासको सीमापार आक्रमणपछि गाजा युद्ध सुरु गरेलगत्तै इजरायलमाथि आक्रमण सुरु गरेको थियो। इजरायल र हिजबुल्लाहबीच त्यसयता हरेक दिनजसो गोली हानाहान हुँदै आएको छ, तर पछिल्ला हप्ताहरूमा युद्ध चर्किँदै गएको छ ।हिजबुल्लाह हमासभन्दा धेरै शक्तिशाली छ र नयाँ मोर्चा खोल्दा अन्य इरानी प्रोक्सीहरू र सम्भवतः इरान स्वयं संलग्न ठूलो, क्षेत्रव्यापी युद्धको जोखिम बढ्नेछ जसले सीमाको दुवैतर्फ भारी क्षति र ठूलो हताहती निम्त्याउन सक्छ।

ह्वाइट हाउसका दूत अमोस होचस्टाइन गत साता इजरायल र लेबनानका अधिकारीसँग तनाव कम गर्ने प्रयासमा उक्त क्षेत्रको भ्रमण गर्नुभएको थियो। तर, लडाइँ भने जारी छ। नेतन्याहूले सङ्कटको कुटनीतिक समाधान खोज्न सकिने आशा व्यक्त गरे पनि आवश्यक परेको खण्डमा 'फरक तरिकाले' समस्याको समाधान गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। "हामी विभिन्न मोर्चामा लड्न सक्छौं र त्यसका लागि हामी तयार छौं," उहाँले भन्नुभयो। उहाँले कुनै पनि 'कागजमा सीमित भएको सम्झौता' मात्र नहुने बताउनुभएको छ।

उहाँले भन्नुभयो, "हिजबुल्लाहलाई सीमाबाट गर्ने संयन्त्र र इजरायलीहरूलाई आफ्नो घर फर्काउनु पर्ने बताउँदै युद्ध सुरु भएको केही समयपछि दशौं हजार मानिसहरूलाई सुरक्षित स्थानमा सारिएको थियो र उनीहरू अझै घर जान सकेका छैनन्।"हिजबुल्लाहले गाजामा युद्धविराम नहुञ्जेलसम्म इजरायलसँग लड्ने बताएको छ। समूहका नेता हसन नसरल्लाहले गत हप्ता इजरायललाई युद्ध सुरु नगर्न चेतावनी दिँदै हिजबुल्लाहसँग नयाँ हतियार र गुप्तचर क्षमता रहेको र यसले इजरायलभित्रका थप महत्वपूर्ण स्थानहरूलाई निशाना बनाउन मद्दत गर्न सक्ने बताउनुभएको थियो।

# रूसमा आतङ्कवादी आक्रमणमा १५ प्रहरी अधिकृतको मृत्यु

**सिन्ह्वा**

मस्को। दक्षिणी रूसको दागेस्तान गणतन्त्रमा श्रृंखलाबद्ध आक्रमणमा कम्तीमा १५ जना प्रहरी अधिकारीको मृत्यु भएको आरआइए नोभोस्तीले स्थानीय अधिकारीलाई उद्धृत गर्दै सोमबार जानकारी गराएको छ।

दुई अर्थोडक्स चर्च, धार्मिक सभाघर र तटीय शहर डर्बेन्ट र दागेस्तानको राजधानी मखचकलाको ट्राफिक प्रहरी चौकीमा भएको सशस्त्र झडपमा मानवीय क्षति भएको हो ।दागेस्तान गणतन्त्रका प्रमुख सर्गेई मेलिकोभले स्थिति नियन्त्रणमा आइसकेको बताउनुभएको छ। उहाँका अनुसार डर्बेन्टसिथ्त सभाघरमा आक्रमणको क्रममा लगाइएको आगो पूर्ण रूपमा निभाइएको छ। सशस्त्र आक्रमणमा संलग्न छ जना सशस्त्र व्यक्ति मारिएको मेलिकोभले सामाजिक सञ्जालमार्फत जारी एक विज्ञप्तिमा उल्लेख छ। 'आतङ्कवादी' आक्रमणमा संलग्न समूहलाई पक्राउ गर्न कानून प्रवर्तन अधिकारीलाई खटाइसकिएको उहाँले बताउनुभयो।



उत्तरी ककेशियन क्षेत्रमा अवस्थित दागेस्तान देशको सबैभन्दा भाषिक र जातीय विविधताभएको क्षेत्रमध्ये एक हो ।आक्रमणपछि रूसको यहुदी समुदाय महासङ्घका अध्यक्ष अलेक्ज्यान्डर बोरोडाले दागेस्तानमा भएको आक्रमणपछि आउनसक्ने सम्भावित परिस्थितिलाई मध्यनजर गर्दै कुनै पनि उक्साहटमा नलाग्न स्थानीयलाई आग्रह गर्नुभएको छ । स्थानीय अधिकारीका अनुसार मखचकला र डरबेन्टमा हुने सबै मनोरञ्जन कार्यक्रमहरू अर्को सूचना नहुँदासम्मका लागि रद्द गरिएको छ ।सरकारी तथ्याङ्क अनुसार मार्च २२ मा मस्कोको क्रोकस सिटी हल कन्सर्ट स्थलमा भएको आतङ्कवादी आक्रमण र आगजनीमा कम्तिमा १४४ जनाको मृत्यु हुनुका साथै ५५१ जना घाइते भएका थिए।

# दक्षिण कोरियाको ब्याट्री प्लान्टमा आगलागी

**योनहाप**

सियोल। दक्षिण कोरियाको एक ब्याट्री प्लान्टमा आगलागी भएको र घटनास्थलबाट कम्तीमा २० जनाको मृत शरीर निकालिएको उद्धारका लागि खटिएका अग्निनियन्त्रकले बताएका छन् ।सियोलबाट ४५ किलोमिटर दक्षिणमा रहेको ह्वासेयोङस्थित लिथियम ब्याट्री निर्माता कम्पनी अरिसेलको प्लान्टमा बिहान १०:३० बजे आगलागी सुरु भएको थियो।



घटनास्थलबाट केही व्यक्तिलाई घाइते अवस्थामा उद्धार गरिएको छ भने आगलागीमा परी दर्जनौं अन्य कामदार हताहत भएको अनुमान गरिएको छ ।यसअघि सुरक्षाकर्मीले दिएको प्रारम्भिक जानकारीमा घटनामा कम्तीमा एक कामदारको मृत्यु भएको, तीन जना घाइते भएका र अन्य २१ जना बेपत्ता भएका बताएका थिए ।टिभी फुटेजमा जलिरहेको प्लान्टमा तारहरू जलिरहेको चरचर आवाजसँगै स-साना विष्फोट भइरहेको देखिएको छ।

करिब दुई हजार ३०० वर्गमिटर क्षेत्रफलमा फैलिएको तीनतले कङ्क्रिट भवनमा कसरी आगलागी भएको थियो भन्नेबारे समाचार तयार पार्दासम्म विश्वस्त र आधिकारिक जानकारी प्राप्त हुनसकेको छैन । लिथियम ब्याट्री जलाउँदा परम्परागत आगो निभाउने विधिबाट सम्हाल्न गाह्रो हुने भएकाले अग्निनियन्त्रकहरूलाई आगो निभाउन कठिनाइ भइरहेको बताइएको छ ।प्लान्टको दोस्रो तल्लाबाट भागेका एक प्रत्यक्षदर्शीले ह्वासेओङ फायर स्टेसनलाई बताएअनुसार आगलागीको समयमा एउटा ब्याट्री विष्फोट भएको थियो।

स्टेशनका अनुसार पहिलो विष्फोटपछि आगो तीव्र गतिमा फैलियो र ब्याट्रीहरू एकपछि अर्को गर्दै लगातार विस्फोट भएका थिए । विष्फोटसँगै एक्कासी फैलिएको आगोका कारण उद्धारकर्ताहरूलाई भित्र जान र खोजी गर्न गाह्रो भएको र त्यहाँ कार्यरत कामदार आगालागीमा फसेको बताइएको छ। प्लान्टभित्र कम्तीमा ३५ हजार ब्याट्री रहेको अनुमान गरिएको छ ।सोमबार करिब ६७ जना कामदार ड्युटीमा रहेको र अझै २१ जना अझै सम्पर्कविहीन रहेको र थप हताहत हुने आशङ्का गरिएको बताइएको छ।

दक्षिण कोरियाका राष्ट्रपति युन सुक योलले मन्त्री लीलाई उपलब्ध सबै जनशक्ति र उपकरणपरिचालन गरी हराइरहेका व्यक्तिको खोजी र उद्धारका लागि सक्दो प्रयास गर्न निर्देशन दिनुभएको छ।

# एमसिसी कम्प्याक्ट कार्यान्वयनको पहिलो वर्ष ७० प्रतिशत बजेट समर्पण

काठमाण्डु । मिलेनियम च्यालेञ्ज कर्पोरेसनअन्तर्गतका परियोजना कार्यान्वयनसम्बन्धी सम्झौता (एमसिसी कम्प्याक्ट) लागू भएको पहिलो वर्षको बजेट खर्च निकै कम देखिएको छ । मिलेनियम च्यालेन्ज एकाउन्ट नेपाल विकास समिति (एमसिए-नेपाल)ले चालु आर्थिक वर्षका लागि पाएको कूल बजेटको करिब ३० प्रतिशत मात्रै खर्च गरेपछि बाँकी ७० प्रतिशत बजेट समर्पण (सरेन्डर) गरेको हो ।

एमसिए नेपालअन्तर्गतका परियोजनामा खर्च गर्ने गरी चालु आर्थिक वर्ष २०८०/८१ का लागि सरकारले रु १० अर्ब ८४ करोड १७ लाख बजेट विनियोजन गरेको थियो । चालु आवका लागि छुट्याइएको उक्त बजेटमध्ये खर्च हुन नसकेको रु सात अर्ब ६० करोड ७० लाख बजेट सरेन्डर गरिएको एमसिए नेपालका प्रवक्ता पुष्कर माथेमाले राससलाई जानकारी दिनुभयो ।

विद्युत् प्रसारणलाइन निर्माणका लागि चाहिने जग्गाको मुआब्जा वितरण र अधिग्रहणको काम सुस्त देखिएपछि लक्ष्यअनुसार बजेट खर्च हुन नसकेको उहाँले बताउनुभयो । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन र नियमावलीको व्यवस्थाअनुसार कुनै योजना तथा कार्यक्रममा विनियोजित बजेट खर्च गर्न नसक्ने अवस्थामा समर्पण गर्नुपर्ने प्रावधान रहेको छ ।




एमसिसी कम्प्याक्ट विसं २०८० भदौ १३ गतेदेखि पूर्णरुपमा लागू हुने (इन्ट्री इन टू फोर्स-इआइएफ) चरणमा गएको थियो । परियोजना निर्माण सम्पन्न गरिसक्नुपर्ने पाँच वर्षको अवधि गणना सुरु भएको करिब एक वर्ष पुग्न लाग्दा आयोजनाको प्रारम्भिक चरणका कामसमेत टुङ्गिन सकेका छैनन् । यसअघि परियोजनाको पूर्वतयारीका काम नसकीकनै इआइएफ घोषणा भएको भन्दै आलोचना भएको थियो । एमसिए नेपालले जग्गा मुआब्जा वितरण तथा अधिग्रहणका काम र ठेक्का प्रक्रियासँगसँगै अघि बढाउन सकिने भन्दै इआइएफ घोषणा गरेको जनाएको थियो ।

परियोजना लागू गर्नका लागि पूरा हुनुपर्ने भनी एमसिसी कम्प्याक्टमा तोकिएका सर्तहरुमध्ये जग्गाको अधिग्रहण पनि एउटा मुख्य सर्त थियो । उक्त सर्त अझै पूरा हुन सकेको छैन । प्रसारणलाइन र सडक विस्तार आयोजनाका लागि आवश्यक जग्गाको मुआब्जा वितरण तथा प्राप्ति, वन क्षेत्रभित्रको जग्गा प्रयोग अधिकार सुनिश्चितता र परियोजना बन्ने क्षेत्रसम्मको पहुँचको पूर्वसर्त पूरा हुनसकेका छैनन् । उल्लेखित सर्तका विषय पूरा हुने आधार देखिएको भन्दै एमसिए-नेपालले इआइएफ तोकेको थियो ।

एमसिए-नेपालअन्तर्गत बनाउने भनिएका विद्युत् प्रसारणलाइन र सडक निर्माण दुवै तर्फको काम सुस्त छ । जग्गा अधिग्रहण र प्राप्तिको काम अझै टुङ्गिन सकेको छैन । प्रसारणलाइन निर्माणका तीन चरणमध्ये एउटामा जग्गा अधिग्रहणबिना नै बोलपत्र मूल्याङ्कन प्रक्रिया अगाडि बढाउन लागिएको छभने बाँकी दुई चरणमा बोलपत्र आह्वान नै हुन सकेको छैन ।

एमसिए नेपालले विद्युत् प्रसारणलाइन आयोजनाअन्तर्गत तीनवटा सबस्टेसन र काठमाडौँको लप्सीफेदीबाट नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) स्थित नेपाल-भारत सीमासम्म तीन सय १५ किलोमिटर चार सय केभी प्रसारण लाइन निर्माण गर्ने तय भएको छ । उक्त प्रसारण लाइनअन्तर्गत न्यू बुटवल-नेपाल/भारत सीमा क्षेत्रसम्म १८ किमी प्रसारण लाइन खण्डको ठेक्का प्रक्रिया अघि बढेर मूल्याङ्कनको चरणमा पुगिसकेको छ तर त्यो क्षेत्रको जग्गा मुआब्जा बाँड्ने र अधिग्रहण गर्ने काम निकै सुस्त छ ।

सन् २०२४ मार्च १५ मा पहिलो सूचना प्रकाशित भएर अघि बढेको खरिद प्रक्रियाको प्रस्ताव पेस गर्ने मिति सन् २०२४ मे २७ मा सकिसकेको छ । उक्त प्रसारण लाइन निर्माणका लागि प्राप्त बोलपत्रहरूको मूल्याङ्कन भइरहेको र आगामी साउनभित्रै निर्माण सम्झौता गर्ने तयारी भइरहेको एमसिए नेपालको भनाइ छ । आगामी साउनभित्र जग्गा मुआब्जाको काम सकिसक्ने अवस्था नदेखिएको नवलपरासी (बर्दाघाट सुस्ता पश्चिम) का प्रमुख जिल्ला अधिकारी एवम् आयोजनाको जग्गा अधिग्रहण तथा मुआब्जा क्षतिपूर्ति निर्धारण समितिका संयोजक स्किम श्रेष्ठले बताउनुभयो ।"मुआब्जा निर्धारणका लागि प्राविधिक अध्ययन र मूल्याङ्कनको काम भइरहेको छ । यसमा धेरैवटा विषय जोडिएकाले कहिलेसम्ममा काम सकिन्छ भनेर यकिन भन्न सकिँदैन । त्यस्तो निश्चित समयसीमा पनि तोकिएको छैन । हामी यथाशीघ्र काम सक्ने गरी अगाडि बढेका छौँ", उहाँले भन्नुभयो ।

आयोजनाअन्तर्गतको बाँकी दुई सय ९७ किलोमिटर प्रसारण लाइन निर्माणमा रद्द भएको ठेक्का प्रक्रिया अब कहिले सुरु हुन्छ भन्ने यकिन छैन । एमसिए-नेपालले २०८० असोज २६ गते एक सूचना जारी गर्दै विद्युत् प्रसारण लाइन निर्माणसँग सम्बन्धित सबै ठेक्का रद्द भएको जनाएको थियो । चरण-१ को लप्सीफेदी-रातामाटे-न्यू हेटौँडा, दोस्रो चरणको रातामाटे-न्यू दमौली, र तेस्रो चरणको न्यू बुटवल-नेपाल/भारत सीमा क्षेत्रसम्मको प्रसारण लाइन निर्माण गर्न आह्वान गरिएको ठेक्का रद्द भएको उल्लेख थियो । जसमध्ये चरण-३ को मात्रै पुनः बोलपत्र आह्वान भएको छ ।

सुरुआती लागत अनुमानभन्दा बढी रकमको ठेक्का प्रस्ताव भएपछि ती ठेक्का प्रक्रिया रद्द भएको एमसिए नेपालले तर्क गरेको थियो । पुनः खरिद प्रक्रिया अघि बढाउन आयोजनाको 'डिजाइन प्यारामिटर' र निर्माणसम्बन्धी प्रावधानमा संशोधन गर्न लागिएको एमसिए नेपालका प्रवक्ता माथेमाले बताउनुभयो । उहाँका अनुसार बोलपत्रसम्बन्धी कागजातहरू पुनः तयार गर्नु तथा त्यसलाई पुनः प्रकाशन गर्नु प्राविधिक प्रक्रिया भएकाले समय लागेको हो ।

अघिल्लो पटक प्राप्त बोलपत्रहरूको मूल्य बढी हुनाका प्रमुख कारण पहिचान गर्न र त्यसलाई सम्बोधन गर्न 'डिजाइन प्यारामिटर' र निर्माणसम्बन्धी प्रावधानलाई समीक्षा गर्ने जिम्मेवारी एमसिए नेपालले आफ्नो सुपरीवेक्षण इञ्जिनियरिङ फर्मलाई दिएको थियो । सोही कारणले हालसम्म बोलपत्र पुनः आह्वान गर्ने र करार गर्ने प्रक्रिया सुरु हुन सकेको छैन ।

यसैबीचमा, एमसिए नेपालले नुवाकोटको बेलकोटगढी नगरपालिका-७ रातमाटेमा चार सय केभी सबस्टेसन निर्माण गर्न यही असार १ गते भारतको टेक्नो इलेक्ट्रिक एन्ड इन्जिनियरिङ कम्पनी लिमिटेडसँग सम्झौता गरेको छ । उक्त चार सय केभी ग्यास इन्सुलेटेड स्विचगियर (जिआइएस) सबस्टेसनको ३९ महिनाभित्र निर्माण गरिनेछ । पाँच करोड १६ लाख अमेरिकी डलरमा निर्माण गरिने नयाँ रातमाटे सबस्टेसनले लप्सीफेदी र नयाँ हेटौँडा सबस्टेसनहरूबीच विद्युत् प्रसारणका लागि महत्वपूर्ण भूमिका खेल्ने जनाइएको छ ।

एमसिए-नेपालअन्तर्गत निर्माण गर्ने भनिएको विद्युत् प्रसारण लाइन र सबस्टेसनका लागि एक हजार चार सय ७१ हेक्टर जमिन आवश्यक पर्ने जनाइएको छ । जसमध्ये रातमाटेमा २० दशमलव २७ हेक्टर क्षेत्रफल जग्गा अधिग्रहणका लागि रु एक अर्ब ४६ करोड ८४ लाख ६८ हजार चार सय ९७ बराबरको मुआब्जा वितरण गरिएको छ । न्यून दमौली सबस्टेसन र न्यू बुटवल सबस्टेसनका लागि नेपाल विद्युत् प्राधिकरणले जग्गा उपलब्ध गराउने एमसिए नेपालले जनाएको छ ।

प्रसारण लाइन टावरको जग निर्माण गर्न १० जिल्लामा एक सय चार हेक्टर जग्गा आवश्यक पर्नेछ । जग्गा प्राप्तिको काम अहिले प्रक्रियामा रहेको एमसिए नेपालले जनाएको छ । काठमाडौँबाहेक अन्य नौ जिल्लामा प्रसारण लाइन टावरको जग निर्माण गर्न आवश्यक जग्गा प्राप्ति गर्ने कार्यमा उल्लेख्य प्रगति हासिल भएको एमसिए नेपालका प्रवक्ता पुष्कर माथेमाले बताउनुभयो । नौ जिल्लामा प्राप्ति गरिने जग्गा कित्ताको तीनपुस्ते विवरणसहितको सूचना प्रकाशन भइसकेको छ ।

अहिले मुल्याङ्कन सिफारिस उप-समितिले स्थलगत रूपमा जग्गाका कित्ताहरूको मूल्याङ्कनसम्बन्धी कार्य र मुआब्जा निर्धारणका लागि प्राविधिक प्रतिवेदन तयारीसम्बन्धी काम गरिरहेका छन् । त्यस्तै, भोगाधिकारका लागि आवश्यक जग्गासम्बन्धी विवरण सङ्कलनको काम जारी रहेको जनाइएको छ ।एमसिए नेपालले चालु आवका लागि पाएको कूल रु १० अर्ब ८४ करोड १७ लाख बजेटमध्ये विद्युत् प्रसारण आयोजनातर्फ रु आठ अर्ब ७७ करोड ६३ लाख ६६ हजार, सडक मर्मत आयोजनातर्फ रु एक अर्ब ५० करोड ७६ लाख ५३ हजार, अनुगमन तथा मूल्याङ्कनतर्फ रु २१ लाख ९३ हजार र कार्यक्रम प्रशासनतर्फ रु ५५ करोड ५४ लाख ८८ हजार विनियोजन भएको थियो ।

एमसिए नेपालले आगामी आर्थिक वर्षका लागि रु १३ अर्ब ३६ करोड बराबर बजेट पाएको छ । जसमध्ये चालुतर्फ रु एक अर्ब २३ करोड ८५ लाख र पुँजीगततर्फ रु १२ अर्ब १२ करोड १५ लाख बराबर विनियोजन भएको छ । आगामी आवका लागि एमसिसीको स्रोतबाट रु नौ अर्ब ९० करोड ८२ लाख र नेपाल सरकारको स्रोतबाट रु तीन अर्ब ४५ करोड १८ लाख बराबर बजेट विनियोजन भएको एमसिए नेपालले जनाएको छ ।रासस

## गाई पालन प्रवर्द्धन गर्न कृषकलाई अनुदान

मनहरी । हेटौँडा उपमहानगरपालिकाले गाईपालन प्रवर्द्धन कार्यक्रमअन्तर्गत पदमपोखरीका कृषकलाई आवश्यक सामग्री हस्तान्तरण गरेको छ । हेटौँडा उपमहानगरपालिकाको आर्थिक वर्ष २०८०/८१ मा स्वीकृत वार्षिक बजेट अनुसार प्रदेश सरकारबाट हस्तान्तरित सःशर्त अनुदान कार्यक्रमबाट ८२ जना पशुपालक कृषकलाई सामग्री वितरण गरिइएको हो ।

नगर प्रमुख मीनाकुमारी लामाले पशुमा लाग्ने विभिन्न लम्पी, खोरेत रोगको सङ्क्रमणको समयमा आवश्यक हुने स्प्रे पम्प, काउ म्याट, घाँस काट्ने मेसिन, गाई नुहाउने मेसिन, पानी ट्याङ्कीसहितको सामग्री वितरण गरिएको बताउनुभयो । गाई प्रवर्द्धन कार्यक्रमअन्तर्गत ५० प्रतिशत अनुदानमा सामग्री प्रदान गरिएको र यसले उत्पादनसँग जोडिँदै आयआर्जनमा लाग्न कृषकलाई सहयोग पुग्ने उहाँले बताउनुभयो । रासस


## भुमिसुधार तथा मालपोत कार्याय, धनुषा

## हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

जिल्ला धनुषा सबैला गा.वि.स. वडा नं. ९ परवर्तित सबैला नगरपालिका वडा नं. ३ हाल जिल्ला भक्तपुर सुर्यविनायक न.पा. वडा नं ८ अच्युतानन्त प्रधानाङ्गको नाती ज्योतिश्वरानन्द प्रधानाङ्ग छोरा राजेश कुमार प्रधानाङ्ग, महेश कुमार प्रधानाङ्ग र रमेश कुमार प्रधानाङ्ग समेत जना तीनले तपसिल उल्लेखित जग्गा मेरा बुवा ज्योतिश्वरानन्द प्रधानाङ्गको नाउँमा साबिक दर्ता लगत भिडाई मेरो बुवाको नाउँ उक्त जग्गा छुट जग्गा रहेकोले छुट जग्गा दर्ता गरी नामसारी गरी पाउँ भनि निज ज्योतिश्वरानन्द प्रधानाङ्गको तीन छोराको अधिकृत वारेश जि.ध. मखनाहा गा.वि.स. वडा नं. १ हाल सबैला न.पा. वडा नं. ५ मा बस्ने जिवछ यादवले द.नं. १६६५९ मिति २०८०।११।०६ गतेको निवेदन माग दावी रहेकोले माग बमोजिम निवेदकको नाउँमा छुट जग्गा दर्ता गर्न नमिल्ने कुनै कारण भए वा अन्य कसैको हकदावी लाग्ने भए वा सरकारी सार्वजनिक सम्पत्तीको नोक्सानी हुने भए ठोस सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको । टाँस भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र यस कार्यालयमा सप्रमाण दावी उजुर गर्न आउनु होला । सूचना गर्नुहोला । सम्बन्धित सरोकारवालामा म्याद सरहको सूचना जारी गरि पठाउनु भनि भुमिसुधार तथा मालपोत कार्यालय धनुषामा मिति २०८१।०२।२२ गतेमा भएको आदेशानुसार सम्बन्धित सरोकारवालालाई ३५ (पैतिस) दिन भित्र उपस्थित हुन आउनु हुन विशेष अदालत ऐन, २०५९ को दफा १० को उपदफा (९) बमोजिम यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । म्यादभित्र स-प्रमाण उपस्थित हुन आउनुहोला अन्यथा कानून बमोजिम भई जाने व्यहोरा सुचित गरिन्छ ।

तपसिल

| सि.नं. | जिल्ला | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | जग्गाधनी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | धनुषा | तेजनगर | २ ग | ११६ | ०-१३-१० | ज्योतिश्वरानन्द प्रधानाङ्ग | |
| २ | धनुषा | तेजनगर | ३ ख | ६ | १-०-० | | |
| ३ | धनुषा | तेजनगर | ३ ख | ३६ | ०-२-१० | | |
| ४ | धनुषा | तेजनगर | घ ख | ७ | ०-६-१५ | | |

## प्रभु बैंक लिमिटेड शाखा कार्यालय गरूडा, रौतहटका तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको १५ दिने सार्वजनिक सूचना

**(सूचना प्रकाशित मिति २०८१/०३/११ गते मंगलबारको जनकपुर टुडे राष्ट्रिय दैनिक )**

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनुभएको कर्जा रकम चुक्ता भुक्तान गर्ने मिति समाप्त भईसक्दा पनि बैंकसँग गर्नुभएको सम्झौता बमोजिम कर्जा चुक्ता फछ्यौंट नगर्नु भएको र यस बैंकबाट पटक-पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्यौंट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले बैंकले कर्जा असुलीका लागि मिति **२०८०/१२/०७** गते बुधवारको **जनकपुर टुडे** राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम विक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचन प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता तथा धितो लिलाम विक्री हुन नसकेकोले कर्जा असुलीका लागि कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ती के कति दर भाउ र मुल्यमा खरिद गरी लिने हो सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको शाखा कार्यालय, **गरुडा**, रौतहटमा दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन अर्थात मिति **२०८१/०३/२६** गते बुधबार (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको शाखा कार्यालय, **गरुडा**, रौतहटमा दिनको ठीक **३** बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । पुनश्चः यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र उक्त बांकी सम्पूर्ण कर्जाको साँवा ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्यौंट गर्न गराउनको लागि सम्वन्धित ऋणी, धितो सुरक्षण धनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्धारा जानकारी गराईन्छ । उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराउन सकिने व्यहोरा जानकारी गराउँदै कर्जाको सूरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित अचल जायजेथा जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लिखित जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपसिल**

**क. ऋणी, जमानतकर्ता तथा धितोको विवरण :**

**१ ऋणी :** प्रदेश सरकार (प्रदेश नं.२) उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय रौटहट गौरमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम मिति २०७८/०५/१८ गते प्रा.फ.र.नं. ११८५८/५२८ मा दर्ता कायम भई नेपाल सरकार अर्थ मन्त्रालय आन्तरिक राजश्व विभाग आन्तरिक राजश्व कार्यालय सिमरा बारा, करदता सेवा कार्यालय गौर रौतहटबाट मिति २०७८/०५/२२ (मु.अ.कर. दर्ता मिति २०७८/०५/२२) मा करदताको नाम जय प्रकाश पंडित कारोवारको नाम जे.पी. एक्सपो भई स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. १०६०४७४५१ को प्रमाणपत्र प्राप्त **जे.पी. एक्सपो** ।
**ठेगाना :** रौतहट जिल्ला माधवनारायण न.पा.वडा नं. ६ माधोपुर ।

**प्रोप्राईटर तथा जमानतकर्ता : जय प्रकाश पंडित**
(ना.प्र.नं. १५२ जारी मिति २०६३/०४/०८ जारी गर्ने कार्यालय जि.प्र.का. रौतहट) ।
ठेगाना : रौतहट जिल्ला माधोपुर गा.बि.स.वडा नं. १, (हाल माधवनारायण न.पा. वडा नं. ७) ।
बाबु : शंकर पंडित ।
बाजे : नन्दलाल पंडित ।

**जमानतकर्ता : विभा कुमारी**
(ना.प्र.नं. ३२३००९/६० जारी मिति २०७०/०१/२८ जारी गर्ने कार्यालय जि.प्र.का. रौतहट) ।
ठेगाना : रौतहट जिल्ला माधोपुर गा.बि.स.वडा नं. १ (हाल माधवनारायण न.पा. वडा नं. ७) ।
बाबु : दरोगा पंडित/बाजे : जय किसुन पंडित ।
पति : जय प्रकाश पंडित/ससुरा : शंकर पंडित ।

**जमानतकर्ता : पारवती देवी**
(ना.प्र.नं.१८४ जारी मिति २०६१/०६/१८ जारी गर्ने कार्यालय जि.प्र.का. रौतहट) ।
ठेगाना : रौतहट जिल्ला माधोपुर गा.बि.स.वडा नं. १, (हाल माधवनारायण न.पा. वडा नं.७) ।
बाबु : गुगुल पंडित ।
पति : शंकर पंडित/ससुरा : नन्दलाल पंडित ।

**जमानतकर्ता : ओम प्रकाश पंडित**
(ना.प्र.नं. ८१८ जारी मिति २०६१/०५/२४ जारी गर्ने कार्यालय जि.प्र.का. रौतहट) ।
ठेगाना : रौतहट जिल्ला माधोपुर गा.बि.स.वडा नं. १,(हाल माधवनारायण न.पा. वडा नं. ७) ।
बाबु : शंकर पंडित ।
बाजे : नन्दलाल पंडित ।

**जमानतकर्ता : सुनिता देवी**
(ना.प्र.नं. ३२३००९/१० जारी मिति २०६४/०१/०६ जारी गर्ने कार्यालय जि.प्र.का. रौतहट) ।
ठेगाना : रौतहट जिल्ला माधोपुर गा.बि.स.वडा नं. १, (हाल माधवनारायण न.पा. वडा नं.७ ) ।
बाबु : रामस्वार्थ पंडित/बाजे : सिताराम पंडित
पति : ओम प्रकाश पंडित/ससुरा : शंकर पंडित ।

**२ ऋणी :** प्रदेश सरकार (प्रदेश नं.२) उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय रौटहट गौरमा औद्योगिक व्यवसाय ऐन २०७६ को दफा ५ तथा औद्योगिक व्यवसाय नियमावलीको नियम ४ बमोजिम मिति २०७८/०५/२० गते उधोग द.न.९८५६/४६७/१९५/३१ मधवनारायण न.पा.मा दर्ता भई नेपाल सरकार अर्थ मन्त्रालय आन्तरिक राजश्व विभाग आन्तरिक राजश्व कार्यालय सिमरा बारा, करदता सेवा कार्यालय गौर रौतहटबाट मिति २०७८/०५/२२ (मु.अ.कर. दर्ता मिति २०७८/०५/२२) मा करदताको नाम जय प्रकाश पंडित कारोवारको नाम जे.पी. एक्सपो भई स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. १०६०४७४५१ को प्रमाणपत्र प्राप्त **जे.पी. ईट्टा उद्योग** । **ठेगाना :** रौतहट जिल्ला माधवनारायण न.पा.वडा नं.७ ।

**प्रोप्राईटर तथा जमानतकर्ता : जय प्रकाश पंडित**
(ना.प्र.नं. १५२ जारी मिति २०६३/०४/०८ जारी गर्ने कार्यालय जि.प्र.का. रौतहट) ।
ठेगाना : रौतहट जिल्ला माधोपुर गा.बि.स.वडा नं. १, (हाल माधवनारायण न.पा. वडा नं. ७) ।
बाबु : शंकर पंडित । बाजे : नन्दलाल पंडित ।

**जमानतकर्ता : पारवती देवी**
(ना.प्र.नं.१८४ जारी मिति २०६१/०६/१८ जारी गर्ने कार्यालय जि.प्र.का. रौतहट) ।
ठेगाना : रौतहट जिल्ला माधोपुर गा.बि.स.वडा नं. १, (हाल माधवनारायण न.पा. वडा नं.७) ।
बाबु : गुगुल पंडित । पति : शंकर पंडित/ससुरा : नन्दलाल पंडित ।

**जमानतकर्ता : सुनिता देवी**
(ना.प्र.नं. ३२३००९/१० जारी मिति २०६४/०१/०६ जारी गर्ने कार्यालय जि.प्र.का. रौतहट) ।
ठेगाना : रौतहट जिल्ला माधोपुर गा.बि.स.वडा नं. १, (हाल माधवनारायण न.पा. वडा नं.७ ) ।
बाबु : रामस्वार्थ पंडित/बाजे : सिताराम पंडित
पति : ओम प्रकाश पंडित/ससुरा : शंकर पंडित ।

**जमानतकर्ता : विभा कुमारी**
(ना.प्र.नं. ३२३००९/६० जारी मिति २०७०/०१/२८ जारी गर्ने कार्यालय जि.प्र.का. रौतहट) ।
ठेगाना : रौतहट जिल्ला माधोपुर गा.बि.स.वडा नं. १ (हाल माधवनारायण न.पा. वडा नं. ७) ।
बाबु : दरोगा पंडित/बाजे : जय किसुन पंडित ।
पति : जय प्रकाश पंडित/ससुरा : शंकर पंडित ।

**जमानतकर्ता : ओम प्रकाश पंडित**
(ना.प्र.नं. ८१८ जारी मिति २०६१/०५/२४ जारी गर्ने कार्यालय जि.प्र.का. रौतहट) ।
ठेगाना : रौतहट जिल्ला माधोपुर गा.बि.स.वडा नं. १,(हाल माधवनारायण न.पा. वडा नं. ७) ।
बाबु : शंकर पंडित ।
बाजे : नन्दलाल पंडित ।

**लिलाम बिक्री हुने सम्पत्तिको विवरण :**
- जय प्रकाश पंडितको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर रौतहटमा दर्ता श्रेष्ता कायम रहेको रौतहट जिल्ला सन्तपुर(म) गा.वि.स वडा नं ९ नक्सा सिट नं. ९ स्थित कित्ता नं. २६७६, २६७८, २६८०, २६८२, २६८४, २६८६ र २६८८ क्षेत्रफल क्रमशः ०-०-१०-०, ०-०-१०-०, ०-०-७-०, ०-०-७-४, ०-०-१०-०, ०-०-१०-० र ०-०-१०-० (विघा) घरजग्गा तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ....................................१
- जय प्रकाश पंडितको नाममा मालपोत कार्यालय गरुडा रौतहटमा दर्ता श्रेष्ता कायम रहेको रौतहट जिल्ला माधोपुर गा.बि.स. वडा नं. १ नक्सा सिट नं. १ स्थित कि.नं. ७१५,७१७, ७१९, ७२४, ७२६ र ७२९ क्षेत्रफल ०-०-९-६, ०-०-१०-०, ०-०-१०-०, ०-०-१३-०, ०-०-७-८ र ०-०-६-८ (विघा) ऐ.ऐ.वडा नं.३ नक्सा सिट नं.३ स्थित कित्ता नं.२७६ क्षेत्रफल ०-१-१९-० (विघा) घरजग्गा तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत....१
- विभा कुमारीको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर रौतहटमा दर्ता श्रेष्ता कायम रहेको रौतहट जिल्ला सन्तपुर(म) गा.बि.स. वडा नं. ४ नक्सा सिट नं. ४ स्थित कित्ता नं. २४९६ क्षेत्रफल क्रमश ०-४-१६.२५-० (विघा) जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ...............१
- विभा कुमारीको नाममा मालपोत कार्यालय गरुडा रौतहटमा दर्ता कायम रहेको रौतहट जिल्ला माधोपुर गा.बि.स. वडा नं. १ नक्सा सिट नं. १ स्थित कि.नं.७१८, ७१६, ७२३, ७२५ र ७३० क्षेत्रफल क्रमश : ०-०-१०-०, ०-०-९-६, ०-०-१०-०, ०-०-१०-० र ०-०-१०-० (विघा) र ऐ.ऐ. वडा नं. ३ नक्सा सिट नं. ३ स्थित कित्ता नं. १३३८ क्षेत्रफल ०-०-१६-८ (विघा) जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत .....१
- ऋणी **जे.पी.एक्सपो ...१ र जे.पी.ईट्टा उधोग...१ को** स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण..........................................१

**३ ऋणी :** नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय वाण्निज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय रौतहट गौरमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम मिति २०६९/१२/१८ गते प्रा.फ.र.नं. १७२५/५०२ मा दर्ता कायम भई नेपाल सरकार अर्थ मन्त्रालय आन्तरिक राजश्व विभाग आन्तरिक राजश्व कार्यालय सिमरा बारा, करदता सेवा कार्यालय गौर रौतहटबाट मिति २०६९/१२/२३ (मु.अ.कर. दर्ता मिति २०७६/०५/११) मा करदताको नाम राकेश कुमार कारोवारको नाम ओमसस्ता जेनरल स्टोर्स भई स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०१०२५४४६ को प्रमाणपत्र प्राप्त **ओम सस्ता जेनरल स्टोर्स । ठेगाना :** रौतहट जिल्ला पतौरा गा.वि.स.वडा नं. ५ (हाल मौलापुर न.पा. वडा नं.५) ।

**प्रोप्राईटर तथा जमानतकर्ता : राकेश कुमार**
(ना.प्र.नं. १८६६ जारी मिति २०५७/०८/२६ जारी गर्ने कार्यालय जि.प्र.का. रौतहट) ।
**ठेगाना :** रौतहट जिल्ला पथराबुधराम गा.वि.स.वडा नं.१ (हाल मौलापुर न.पा. वडा नं. ६) ।
बाबु : पारस प्रसाद चौधरी । बाजे : असर्फी चौधरी ।

**जमानतकर्ता : अन्नु कुमारी जैसवाल**
(ना.प्र.नं. ३२३०४२-२३८ जारी मिति २०६३/१२/२७ जारी गर्ने कार्यालय जि.प्र.का. रौतहट) ।
**ठेगाना :** रौतहट जिल्ला पथराबुधराम गा.वि.स. वडा नं. १ (हाल मौलापुर न.पा. वडा नं. ६) ।
बाबु : गौरी शंकर प्रसाद । पति : राकेश कुमार/ससुरा : पारस प्रसाद चौधरी ।

**लिलाम बिक्री हुने सम्पत्तिको विवरण :**
१. राकेश कुमारको नाममा मालपोत कार्यालय मौलापुर, रौतहटमा दर्ता श्रेष्ता कायम रहेको रौतहट जिल्ला पतौरा गा.वि.स वडा नं ४ नक्सा सिट नं. ४ स्थित कित्ता नं. २८७ क्षेत्रफल ०-७-५-० (विघा) र ऐ.ऐ. पथराबुधराम गा.वि.स वडा नं २ नक्सा सिट नं. २ स्थित कित्ता नं.८८३ क्षेत्रफल ०-१-१९-० (विघा) घर जग्गा तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ..........................................................................................१
२. ऋणी ओम सस्ता जेनरल स्टोर्सको स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण.........................................................१

**४ ऋणी : शिव दयाल राय**
(ना.प्र.नं. ९६०१/ ४४८०१२२३ जारी मिति २०३५/०८/०५ जारी गर्ने कार्यालय जि.प्र.का. रौतहट) ।
ठेगाना : रौतहट जिल्ला कर्कच कर्मैया गा.वि.स. वडा नं.६ (हाल देवाही गोनाही न.पा.वडा नं.५) ।
बाबु : ईसर राय भन्ने कोलाई राय ।
बाजे : जदु राय यादव ।

**जमानतकर्ता : संजय कुमार यादव**
(ना.प्र.नं. २०३८/८/२३ जारी मिति २०६१/०८/२३ जारी गर्ने कार्यालय जि.प्र.का. रौतहट) ।
ठेगाना : रौतहट जिल्ला कर्कच कर्मैया गा.वि.स.वडा नं.६ (हाल देवाही गोनाही न.पा. वडा नं. ५) ।
बाबु : शिव दयाल राय यादव ।
बाजे : ईसर राय भन्ने कोलाई राय ।

**जमानतकर्ता : संदीप कुमार यादव**
(ना.प्र.नं. ३२-०१-७३-०५६९५ जारी मिति २०७३/०७/०७ जारी गर्ने कार्यालय जि.प्र.का. रौतहट) ।
ठेगाना : रौतहट जिल्ला कर्कच कर्मैया गा.वि.स. वडा नं. ६ (हाल देवाही गोनाही न.पा. वडा नं.५) ।
बाबु : शिव दयाल राय ।
बाजे : ईसर राय भन्ने कोलाई राय ।

**जमानतकर्ता : सुशीला देवी यादव**
(ना.प्र.नं. ३२३०८४/३६९ जारी मिति २०६३/१०/१३ जारी गर्ने कार्यालय जि.प्र.का. रौतहट) ।
ठेगाना : रौतहट जिल्ला कर्कच कर्मैया गा.वि.स. वडा नं. ६ (हाल देवाही गोनाही न.पा. वडा नं. ५) ।
बाबु : महेन्द्र राय यादव ।
पति : बिजय यादव/ससुरा : शिव दयाल राय ।

**जमानतकर्ता : बनारसी देवी यादव**
(ना.प्र.नं. ४७०५ जारी मिति २०५८/११/२० जारी गर्ने कार्यालय जि.प्र.का. रौतहट) ।
ठेगाना : रौतहट जिल्ला कर्कच कर्मैया गा.वि.स. वडा नं.६ (हाल देवाही गोनाही न.पा. वडा नं.५) ।
बाबु : टेकमन राय यादव ।
पति : शिव दयाल राय यादव ।
ससुरा : ईसर राय भन्ने कोलाई राय ।

**जमानतकर्ता : विजय यादव**
(ना.प्र.नं. ३३३९ जारी मिति २०५८/०९/१५ जारी गर्ने कार्यालय जि.प्र.का. रौतहट) ।
ठेगाना : रौतहट जिल्ला कर्कच कर्मैया गा.वि.स. वडा नं.६ (हाल देवाही गोनाही न.पा.वडा नं.५) ।
बाबु : शिव दयाल राय ।
बाजे : ईसर राय भन्ने कोलाई राय ।

**लिलाम बिक्री हुने सम्पत्तिको विवरण :** शिव दयाल राय यादवको नाममा मालपोत कार्यालय मौलापुर, रौतहटमा दर्ता श्रेष्ता कायम रहेको रौतहट जिल्ला प्रेमपुर गोनाही गा.वि.स वडा नं २ नक्सा सिट नं. २ स्थित कित्ता नं. १२६० क्षेत्रफल ०-१०-१०-० (विघा) को घरजग्गा तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ......................................१

**५ ऋणी : मुकेश कुमार उपाध्याय**
(ना.प्र.नं. ३२१००१/१९०१ जारी मिति २०६४/११/२९ जारी गर्ने कार्यालय जि.प्र.का. रौतहट) ।
ठेगाना : रौतहट जिल्ला गौर न.पा वडा नं ७ (हाल गौर न.पा. वडा नं. ४) ।
बाबु : बृज भुषण उपाध्याय । बाजे : अत्यानन्द उपाध्याय ।

**जमानतकर्ता : बृज भुषण उपाध्याय**
(ना.प्र.नं. ३२८४-३२५ जारी मिति २०४५/०२/१५ जारी गर्ने कार्यालय जि.प्र.का. रौतहट) ।
ठेगाना : रौतहट जिल्ला गौर न.पा वडा नं ४ ।
बाबु : अत्यानन्द उपाध्याय ।
बाजे : रामवरण उपाध्या ।

**जमानतकर्ता : उषा देवी**
(ना.प्र.न.: ३२-०१-७६-०१७५३ जारी मिति २०६४/११/२९ प्रतिलिपी जारी मिति २०७६/०२/२० जारी गर्ने कार्यालय जि.प्र.का. रौतहट) ।
ठेगाना : रौतहट जिल्ला गौर न.पा वडा नं ४ ।
बाबु : जिवछ मिश्र ।
पति : बृज भुषण उपाध्याय/ससुरा : अत्यानन्द उपाध्याय ।

**जमानतकर्ता : रंजना कुमारी मिश्र**
( ना.प्र.नं. ३२३/०७५ जारी मिति २०६४/०१/०२ जारी गर्ने कार्यालय जि.प्र.का. रौतहट) ।
स्थायी ठेगाना : रौतहट जिल्ला धरहरी गा.वि.स. वडा नं.७ (हाल देवाही गोनाही ना.पा. वडा नं.७) ।
हालको ठेगाना : रौतहट जिल्ला गौर न.पा वडा नं ४ ।
बाबु : पशुराम मिश्र । पतिः मुकेश कुमार उपाध्याय/ ससुरा : बृज भुषण उपाध्याय ।

**लिलाम बिक्री हुने सम्पत्तिको विवरण :** बृज भुषण उपाध्यायको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर रौतहटमा दर्ता श्रेष्ता कायम रहेको रौतहट जिल्ला हथियाही गा.वि.स वडा नं ३ नक्सा सिट नं.३क स्थित कित्ता नं. १४५० र १४४८ क्षेत्रफल क्रमश ०-११-१४-० र ०-३-१०-० (विघा) को घरजग्गा तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ..........................................१

**पुनश्च :**
१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र बैंकको शाखा कार्यालय, गरुडा, रौतहटबाट** प्राप्त गर्न सकिनेछ ।
२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र बैंकको शाखा कार्यालय, गरुडा, रौतहटमा** सम्पर्क राख्न सकिनेछ ।

PRABHU BANK
प्रभु बैंक लिमिटेड
प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७१९०००

# नगरपालिकाको प्राथमिकतामा स्वास्थ्य सेवा

**टुडे समाचारदाता**

बर्दिबास । बर्दिबास नगरपालिकाको नगर सभाले आर्थिक वर्ष ०८१/०८२ को नीति तथा कार्यक्रम पारित गरेको छ ।

बर्दिबासमा सोमबार भएको नगरसभामा बर्दिबास नगरको सर्वांगीण विकासका लागि १२ बुँदे अभियानलाई प्राथमिकतामा राखेर नगर प्रमुख प्रह्लाद क्षेत्रीले १४ औं नगर सभामा सोमबार प्रस्तुत गरेको नीति तथा कार्यक्रमले सुलभ र स्तरीय स्वास्थ्य सेवा, विपन्न समुदायलाई बिमा सुविधा, गुणात्मक र जीवनोपयोगी शिक्षा, कृषि तथा सिँचाइ, स्वच्छ खानेपानी पूर्वाधार निर्माण, सञ्चार प्रविधिको उपयोग, सामाजिक सुरक्षा, प्रकोप व्यवस्थापन, पर्यटन प्रवर्द्धन, दुर्व्यवसन नियन्त्रण, आन्तरिक आय वृद्धि जस्ता आधारभूत विषयलाई समेटेको छ ।



मेयर क्षेत्रीले प्रस्तुत गरेको नीति तथा कार्यक्रममा गुणात्मक स्वास्थ्य सेवालाई पहिलो प्राथमिकतामा राखेको छ । स्वास्थ्य उपकरणको भरपुर उपयोग गदै विशेषज्ञ चिकित्सकहरूद्वारा २४ घण्टै सेवा दिने गरी नमुना अस्पतालको रूपमा स्तरोन्नति गरिने उल्लेख गरेको छ ।

मुलुकमै पहिलोपटक मुसहर बस्तीबाट सुरु गरिएको स्वास्थ्य बिमालाई निरन्तरता दिँदै नगर क्षेत्रका लोपोन्मुख, सीमान्तकृत र दलित समुदायलाई समेत समेटिने कार्यक्रम अघि सारिएको छ । विपन्नलाई निःशुल्क स्वास्थ्योपचार, आमा सुरक्षा कार्यक्रम, स्तन र पाठेघर क्यान्सरको उपचार, वडास्तरमा एम्बुलेन्स सेवा र प्रभावकारी ढंगमा निःशुल्क औषधी वितरणलाई प्राथमिकतामा राखिएको छ ।

गुणात्मक शिक्षाका लागि १४ वटै वडामा नमुना विद्यालय सञ्चालन र विद्यालयको पूर्वाधार विकाशमा जोड दिइएको छ । त्यस्तै खेलकुदको विकासका लागि प्रत्येक वडामा एक खेल मैदानको अवधारणा अघि सारिएको छ । बर्दिबासलाई फलफूल तथा तरकारी खेतीमा आत्मनिर्भर बनाइ वडा नं ३ गौरीडाँडामा व्यवस्थित फलफूल तथा तरकारी बजारको व्यवस्था गरिने उल्लेख छ ।

बर्दिबास जिल्लाकै सुख्खाग्रस्त नगरपालिका भएकोले सुनकोशी मरिन डाइभर्सनको पानीलाई उपयोग गर्दै खानेपानी र सिचाई समस्यालाई दीर्घकालीन रूपले समाधान गर्न संघीय सरकारसँग सहयोगको पहल गरिने कार्यक्रम छ । आर्थिक मेरुदण्ड मानिएका पर्यटन र पूर्वाधार विकाशलाई विशेष प्राथमिकतामा छ ।

नगरपालिकाको अति दुर्गम मानिने चेरु, खयरमारा सिन्धुली सडक निर्माण कार्यलाई प्राथमिकतामा राख्दै राष्ट्रिय यातायात सञ्जालमा जोड्ने कार्यलाई पनि विशेष पहल र प्रयास गरिने जनाइएको छ । बर्दिबास नगरपालिकाले लोपोन्मुख जातीहरूको भाषा, कला र संस्कृतिको विकाश र संरक्षणलाई पहिलोपटक नीति तथा कार्यक्रममा समेटेको छ ।

सो नीति तथा कार्यक्रममा नगरपालिकाको 'भाग्य रेखा' भएको धारणा राख्दै मेयर क्षेत्रीले स्थानीय सरकारले दिगो विकाशलाई प्राथमिकतामा राखी बर्दिबासलाई प्रदेशकै नमुना सहर बनाउने लक्ष्य लिएको बताए ।

सो कार्यक्रममा मधेश प्रदेशका अर्थमन्त्री भरतप्रसाद साह, शिक्षा तथा संस्कृति राज्य मन्त्री शारदादेवी थापा पानसमा बत्ती बालेर नगर सभाको उद्घाटन गर्दै बर्दिबास नगरको विकासमा सहयोग र सहकार्यको प्रतिबद्धता व्यक्त गरे ।

# 'मधेश सरकार सञ्चारमैत्री छ'



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहले प्रदेशको वर्तमान सरकार सञ्चारमैत्री रहेको बताएका छन् ।

जनकपुरधाममा सोमबार समाजवादी प्रेस संगठन नेपाल धनुषा शाखाद्वारा आयोजित समाजवाद र प्रेस स्वतन्त्रता विषयक अन्तरक्रिया कार्यक्रममा बोल्दै मुख्यमन्त्री सिंहले मधेश प्रदेश सरकार सञ्चारमैत्री रहेको दाबी गरे ।

उनले मधेशको सञ्चार क्षेत्रलाई थप सबल र सक्षम बनाउन प्रदेश सरकारले आगामी नीति तथा कार्यक्रममा खोज पत्रकारिता र बीमाको व्यवस्थासमेत गरेको बताए ।

सञ्चार क्षेत्रको सकारात्मक सोच र सकारात्मक विचारले सम्प्रेषण भएका समाचारले प्रदेशको विकासमा असर पुग्ने बताउँदै मुख्यमन्त्री सिंहले सञ्चारकर्मीहरुलाई अफवाहको पछि नलागी सत्यतथ्यमा आधारित समाचार सम्प्रेषण गर्न आग्रह गरे ।

मुख्यमन्त्री सिंहले प्रस्तुत भएको आगामी आर्थिक वर्षको बजेट विनियोजनमा कर्मचारीहरुले गरेका बदमाशी कारण रकम र शीर्षक फेरबदल भएको बताए ।

मुख्यमन्त्री सिंहले समाजवाद, पूँजीवाद, उत्तरपन्थी र दक्षिण पन्थीको पछी नलागेर देश विकासका प्रमुख मुद्दाहरुका पछी लाग्न आग्रह गरे । उनले देशको अवश्यकता पूर्जीवाद की समाजवाद हो भन्ने बारे बुझ्न आवश्यक रहेको बताए ।

सो कार्यक्रममा नेपाल पत्रकार महासंघका मधेश प्रदेश अध्यक्ष राजेशकुमार कर्णले प्रेस स्वतन्त्रता भाषणमा मात्र लागु हुँदै आएको बताए । उनले सत्ता बाहिर हुँदा प्रेस स्ततन्त्रता बारे उठाएका विषय कार्यान्वयन गर्न आग्रह गरे ।

अकुलप्रसाद साहको अध्यक्षतामा आयोजित समाजवाद र प्रेस स्वतन्त्रता विषयक अन्तरक्रिया कार्यक्रममा मधेश प्रदेशको भूमि व्यवस्था कृषि तथा सहकारीमन्त्री गोबिन्द बहादुर न्यौपाने, नीति आयोग मधेश प्रदेशका सदस्य रामचन्द्र पण्डितलगायतको सहभागिता रहेको थियो ।

# उद्योग स्थापनाका लागि मुख्यमन्त्रीसँग छलफल

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका मुख्यमन्त्री सतीश कुमार सिंहसँग जर्मन नागरिक आदेश सेरिलमेजले भेटघाट गरेका छन् । जर्मन नागरिक आदेश सेरिलमेजले प्रदेशमा कृषिमा आधारित उद्योग स्थापनाको लागि मुख्यमन्त्री सिंहसँग भेटघाट गरेको छ । कृषिमा आत्मनिर्भर मधेश प्रदेशमा कृषि उत्पादनको उपयोग र रोजगारको सृजना गर्ने उदेश्यसहित उनी मुख्यमन्त्रीसँग भेटघाट गरेका छन् ।



नेपालमा रहेको प्लेटा नेपाल नामक कम्पनीको सहकार्यमा प्रदेशमा कृषि उद्योग स्थापना गर्न प्रस्ताव राखेका छन् । उनको प्रस्ताव प्रति सकारात्मक भई कार्य अगाडि बढाउन मुख्यमन्त्री सिंहले सेरिलमेजलाई आग्रह गरेको छ । सेरिलमेजले स्थापना गर्न लागेको उद्योगमा मधेशका सयौं युवाहरुले रोजगारी पाउने छन् । मुख्यमन्त्री सिंहले विभिन्न कार्यक्रममार्फत विदेशी लगानीकर्ताहरुलाई यस प्रदेशमा लगानी गर्न आह्वान गरेको छ । सोही अनुरुप लगानीकर्ताहरु अहिले मुख्यमन्त्री सिंहसँग भेटेर लगानीको वातावरण बनाइदिन र त्यसमा आवश्यक सहयोगका लागि भेटघाट गर्ने गरेका छन् । सो उद्योग स्थापनाको लागि यहाँ पाँच सय विघा जग्गा आवश्यक पर्ने भएको छ ।

सो जग्गा व्यवस्थापनमा पनि समन्वय गरिदिन सेरिलमेजले मुख्यमन्त्रीलाई आग्रह गरे । प्रस्तावित उद्योगमा किसानले फलाएको कच्चा पदार्थलाई औद्योगीकरण गरी विभिन्न सामग्री बनाउने छन् ।

सो छलफलमा मधेश प्रदेशका पूर्व भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री तथा जनमत पार्टीका राष्ट्रिय उपाध्यक्ष बसन्त कुशवाहा पनि सहभागी थियो ।

# मैथिली अन्तर्राष्ट्रिय चलचित्र महोत्सव

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाममा दुईदिने 'मैथिली अन्तर्राष्ट्रिय चलचित्र महोत्सव' मंगलबारदेखि सुरु हुने भएको छ ।

लोक सञ्चारको आयोजनामा हुन लागेको पहिलो संस्करणमा महोत्सवमा स्वदेशी र विदेशीसहित मैथिली भाषामा निर्माण गरिएका सात चलचित्र, लघुचलचित्र र वृत्तचित्र प्रदर्शन गरिने महोत्सवका निर्देशक रमेश रञ्जनले जानकारी दिए ।

उनले मैथिली भाषीको संख्या ठूलो रहे तापनि यसले चलचित्रको विकास नहुनुका कारण पत्ता लगाउन सो महोत्सवको आयोजना गरिएको बताए ।

उनले भने, 'हामी कहाँ भएका प्राविधिकले नेपाली चलचित्रसँगै भारतीय चलचित्रमा समेत काम गरेका छन्, उनीहरूले मैथिली भाषामा काम गर्ने वातावरण किन बनेन भन्ने एउटा जिज्ञासालाई यसले मेट्छ भन्ने विश्वास छ, किनकि मैथिली भाषाको चलचित्र विभिन्न प्रसिद्ध महोत्सवमा समेत पुगिसकेको छ तर हाम्रो बजारमा हिन्दी र भोजपुरी भाषाका चलचित्रको मात्र बाहुल्यता छ ।'

यही असार ११ र १२ गते जनकपुरधाममा हुने महोत्सवमा नेपालबाट वृत्तचित्रतर्फ 'गुमकी' र 'विदापत' तथा लघुचलचित्रतर्फ 'अफवाह' प्रदर्शन गरिनेछ ।

त्यस्तै विदेशीतर्फ भारतमा निर्मित चलचित्रतर्फ ' ललका पाग', 'लोटस ब्लूम्स', 'समानान्तर' र लघुचलचित्र 'रक्त तिलक' प्रदर्शन हुने छ ।

यसका साथै महोत्सवमा 'मैथिली सिनेमाक निर्माण आ व्यवसाय', 'निर्देशक सँ विमर्श', 'समकालीन परिदृश्य मे मैथिली सिनेमा', 'मैथिली सिनेमाक विविध स्वरूप आ सम्भावना' शीर्षकमा अन्तरक्रिया गरिने निर्देशक रञ्जनले बताए ।

# लोहरपट्टीले ल्यायो ६५ करोडको बजेट

**टुडे समाचारदाता**

जनकपुरधाम । महोत्तरीको लोहरपट्टी नगरपालिकाले अगामी आर्थिक वर्ष २०८१।०८२ को लागि ६५ करोड ६१ लाख ९३ हजार बजेट ल्याएको छ ।



सोमबार नगरपालिकाको नवौं नगरसभाबाट बजेट उपमेयर सरिता शर्माले बजेट प्रस्तुत गरेकी छिन् । नगरपालिकाले चालु तर्फ ३८ करोड ८९ लाख ९३ हजार र पुँजिगत तर्फ २७ करोड ७२ हजार बजेट खर्च हुने अनुमान गरिएको छ । जुन कुल चालु बजेट कुल बजेटको ५७.७६ र पुँजिगत ४२.२४ प्रतिशत रहेको छ ।

बजेटमा संघीय सरकारबाट सशर्त अनुदान २५ करोड २३ लाख ३ हजार, वित्तीय समानिकरण अनुदान तर्फ ११ करोड ५५ लाख, विशेष अनुदान तर्फ ५० लाख, सम्पूरक २ करोड ४५ लाख र राजश्व बाँडफाँडबाट १० करोड ५७ लाख प्राप्त हुने अनुमान गरिएको छ ।

यस्तै प्रदेश राजश्व बाँडफाँडबाट ५३ लाख, विशेष अनुदानबाट ३ लाख, वित्तीय समानिकरण अनुदानबाट ८३ लाख ३ हजार, सम्पूरक अनुदानतर्फ २० लाख, सशर्त अनुदान तर्फ ९५ लाख बजेट विनियोजन गरिएको छ । नगरपालिकाको आन्तरीक श्रोतबाट ३ करोड ५० लाख ८७ हजार, चालु आर्थिक वर्षको बाँकी रहेको अल्या रकमबाट ९ करोड रहेको उपमेयरले प्रस्तुत अनुमानित गरेको बजेटमा उल्लेख छ ।

नगरपालिकाकाले प्रस्तुत गरेको बजेटमा शिक्षा, स्वास्थ्य र कृषिलाई प्राथमिकतामा राखेको छ ।

# मलंगवाको ५६ करोड ७४ लाख रुपैयाँको बजेट




**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको मलंगवा नगरपालिकाले आफनो १२ औं नगरसभा सोमबार देखि शुरु गरेको छ ।

आर्थिक वर्ष ०८१/०८२ का लागि नीति कार्यक्रम पस्तुत गर्दै नगर प्रमुख नागेन्द्र प्रसाद यादवले ५६ करोड ७४ लाख २७ हजार रुपैयाँको अनुमानित बजेट पेश गरेको छ ।

जसमा संघीय सरकार वित्तीय समानिकरण अनुदान तर्फ १३ करोड ७९ लाख रुपैयाँ रहेको छ । आन्तरिक आयबाट आम्दानी २ करोड ४० लाख रुपैयाँ तथा संघिय सरकारबाट राजस्व बाडफाडबाट १० करोड २८ लाख रुपैयाँ प्राप्त हुने अनुमान नगरपालिकाले गरेको छ ।

त्यस्तै संघीय सरकारको सशर्त अनुदान, पुजीगत अनुदान, बिशेष अनुदान गरि २२ करोड ५९ लाख ३३ हजार रुपैयाँ छ । मधेश प्रदेशबाट समानीकरण अनुदान, बिशेष अनुदान, समपुरक अनुदान र राजस्व बाफाडबाट २९ करोड ६६ लाख ६ हजार रहेको नीति कार्यक्रममा नगर प्रमुख यादवले प्रस्तुत गरे । मालपोतबाट राजस्व बाटफाड गर्दा १ करोड २२ लाख ५० हजार आउने अनुमान गरिएको छ । नगरप्रमुख यादवले जनाए अनुसार आर्थिक वर्ष ०८१/०८२ मा नागरिकहरुबाट लिने कर, राजस्वमा भारि छुट दिएकोले पालिकाको आम्दानीमा गिरावट आउने छ । विधार्थीहरु उच्च शिक्षाका लागि बिदेश जादा लाखौं रुपैयाँ पालिकालाई राजस्व आउने गरेको थियो । जुन अहिले पुरै घटाएर न्युनतम शुल्क लाग्ने गरि मात्र ३ हजार वा सो भनदा पनि कम कायम गर्ने हाम्रो नीति रहेको उनले भने ।

त्यस्तै हरिपुर नगरपालिकाको १३ औं नगरसभामा ६६ करोड रुपैयाँभन्दा बढि बजेट प्रस्तुत गरिएको छ ।

# लक्ष्मीनिया गाउँपालिकाको बजेट ४५ करोड बढी

## सुन्दर, समुन्नत र समृद्ध लक्ष्मीनिया गाउँपालिकाको परिकल्पना

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको लक्ष्मीनियाँ गाउँपालिकाले ४५ करोड बढीको बजेट ल्याएको छ । सोमबार आयोजित गाउँपालिकाको १२ औं गाउँसभा समारोहबाट ४५ करोड ११ लाख ७९ हजार ९१० रुपैयाको बजेट विनियोजन भएको हो ।

अगामी आर्थिक वर्ष २०८१।०८२ को लागि सो बजेट गाउँपालिकाका नगरप्रमुख भोगेन्द्र मिश्रले प्रस्तुत गरे । सुन्दर, समुन्नत र समृद्ध लक्ष्मीनिया गाउँपालिका नाराका साथ ल्याइएको बजेटमा गाउँ कार्यपालिकाको चालु तर्फ ८ करोड ३० लाख ९९ हजार ९१०, आर्थिक विकास तर्फ ३ करोड ५४ लाख ३९ हजार ८००, सामाजिक विकास तर्फ ३ करोड ५४ लाख ३९ हजार ८०० सय खर्च विनियोजन गरिएको छ ।




बजेटमा पूर्वाधार विकास तर्फ ७ करोड ८ लाख ७९ हजार ६ सय, वन तथा वातावरण व्यवस्थापनका लागि ८८ लाख ५९ हजार ९५०, संस्थागत विकास तथा सेवा प्रवाह र सुशासन तर्फ २ करोड ६५ लाख ७९ हजार ८५०, सम्पूरक कोष तर्फ १ करोड ६ लाख, सशर्त अनुदान चालु तर्फ १५ लाख ८२ लाख ८१ हजार, सशर्त अनुदान पुँजिगत तर्फ ७६ लाख र संघीय विशेष अनुदान तर्फ १ करोड ४५ लाख बजेट छुट्याएको छ ।

आर्थिक वर्ष २०८१।०८२ का लागि छुट्याइएको कुल बजेटको आर्थिक विकास तर्फ २०, सामाजिक विकास तर्फ २०, पूर्वाधार विकास तर्फ ४०, वन, वातावरण तथा विपद् व्यवस्थापन तर्फ १५ प्रतिशत बजेट विनियोजन गरेको हो ।

यस्तै पालिकाले ल्याएको बजेटमा संघीय सरकारबाट वित्तीय समानीकरणबाट १० करोड ४७ लाख, राजश्व बाँडफाँडबाट ८ करोड ९९ लाख ४५६, रोयल्टी बाँडफाँडबाट ४५४ रुपैया, सशर्त अनुदातबाट १६ करोड ५८ लाख ८१ हजार, सम्पूरक अनुदानबाट १ करोड ५ लाख, विशेष अनुदानबाट १ करोड ४५ लाख प्राप्त हुने अनुमान बजेटमा गरेको छ । त्यसैगरी प्रदेशबाट राजश्व बाँडफाँडबाट ३० लाख, वित्तीय समानिकरणबाट ७३ लाख ९९ हजार, सशर्त अनुदानबाट ८० लाख, सम्पूरक अनुदानबाट २० लाख र विशेष अनुदानबाट ३० लाख प्राप्त हुने अनुमान अध्यक्षले प्रस्तुत गरेको बजेटमा उल्लेख छ ।

गाउँपालिकाले अध्यक्ष मिश्रले प्रस्तुत गरेको नीति तथा कार्यक्रमको कार्यान्वयनको उपलब्ध साधन तथा स्रोतको महत्व उपयोग र समन्यायीक वितरण भई नागरिकको जीवनस्तरमा सुधार हुने र उच्च आर्थिक वृद्धि हुने अपेक्षा गरेका छन् ।

वर्तमान बस्तुगत यथार्थ धरातलमा उभिएर चुनौतीहरुको सामना गर्न हामी कटिबद्ध, प्रतिबद्ध र एकताबद्ध बनौं, अध्यक्ष मिश्रले प्रस्तुत गरेकोमा उल्लेख छ ।

# 'अयोध्यामा दिएको शालिग्राम फिर्ता ल्याउनुपर्छ'

**टुडे समाचारदाता**

काठमाण्डु । राष्ट्रिय सभा सदस्य बामदेव गौतमले भारतको अयोध्यामा राम बनाउनको लागि नेपालबाट लगिएको शालिग्राम फिर्ता ल्याउनुपर्ने माग गरेका छन् ।



सोमबारको राष्ट्रिय सभा बैठकमा गौतमले हिरा बन्ने २४ टन नेपाली सम्पत्ति बिनासित्तै भारतलाई बुझाउने काम भएकाले फिर्ता हुनुपर्ने माग गरेका छन् ।

सित्तै देशको सम्पत्ति अरूलाई दिन नहुने भन्दै गौतमले भने, 'मैले शालिग्रामबाट हिरा बन्छ भनेँ । वैज्ञानिकसँग सम्पर्क गरेँ, बुझेँ । हिरा बन्ने २४ टन नेपाली सम्पत्ति बिनासित्तै भारतलाई बुझाउने काम भयो । त्यो नेपालले फिर्ता पाउनुपर्छ ।'

भारतको अयोध्यामा राम मन्दिर निर्माणका क्रममा कालीगण्डकी नदीको शिला लगिएको थियो । मन्त्रिपरिषद्ले १८ र १६ मेट्रिक टन तौल भएको शिला पठाउने निर्णय गरेको थियो ।

सो शिला पूर्वउपप्रधान तथा गृहमन्त्री विमलेन्द्र निधिको नेतृत्वमा भारतको अयोध्या लगिएको थियो ।

# मिथिला विहारीको करिब ४४ करोडको बजेट

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको मिथिला बिहारी नगरपालिकाले ४३ करोड ४९ लाख २३ हजार रुपैयाँको बजेट विनियोजन गरेको छ ।




सो अन्तर्गत मिथिला बिहारी नगरपालिकाको १० औं नगरसभाबाट आगामी आर्थिक वर्ष ०८१/०८२ को नीति तथा कार्यक्रम एवं बजेट प्रस्तुत गरिएको छ ।

वित्तीय समानिकरण तर्फ १० करोड ९६ लाख रुपैयाँ, सशर्त अनुदान तर्फ २० करोड ३२ लाख ३ हजार रुपैयाँ, राजश्व बाँडफाँटतर्फ ९ करोड १५ लाख रुपैयाँ, सम्पूरक अनुदानतर्फ ६५ लाख रुपैयाँ विनियोजन गरिएको छ ।

त्यस्तै प्रदेश सरकारबाट प्राप्त अनुदान अन्तर्गत वित्तीय समानिकरणतर्फ ८० लाख रुपैयाँ र आन्तरिक श्रोत अन्तर्गत राजश्व अनुमान १ करोड ६० लाख विनियोजन गरिएको छ ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८